
# मतदान सामग्री व्यवस्थापन मार्गदर्शन २०७८



**निर्वाचन आयोग, नेपाल**

कान्तिपथ, काठमाडौं

# विषय सूची


| | | |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | मार्गदर्शन तर्जुमाको आवश्यकता | २ |
| ३. | उद्देश्य | ३ |
| ४. | मार्गदर्शन तर्जुमाका आधार र सीमा | ४ |
| ५. | निर्वाचन आयोगबाट सम्पन्न गरिने निर्वाचन | ६ |
| ६. | निर्वाचनको मिति, अवधि र विधि | ७ |
| ७. | निर्वाचन सामग्री | ८ |
| ८. | मतदान सामग्री | ८ |
| ९. | निर्वाचन/मतदान सामग्री व्यवस्थापन अभ्यास | ९ |
| १०. | सामग्री खरिद सम्बन्धी कानूनी व्यवस्था | १० |
| ११. | गत विगतका निर्वाचनमा सामग्री व्यवस्थापन नीति | १० |
| १२. | आयोगको रणनीतिक योजनाले अङ्गीकार गरेका रणनीति र कार्यनीति | ११ |
| १३. | मतदान सामग्रीको पूनरावलोकन | १२ |
| १४. | मतदान सामग्रीको वर्गीकरण | १८ |
| १५. | मतदान सामग्री व्यवस्थापन गर्ने निकाय र खरिद प्रक्रिया | २१ |
| १६. | सामग्री वयवस्थापनको लागि संस्थागत व्यवस्था | २४ |
| १७. | सामग्रीको परिमाण एवं लागतको अनूमान, प्राप्ति र ढूवानी | २५ |
| | १७.१ मतदाता नामावली | २७ |
| | १७.२ मतपत्र व्यवस्थापन | २८ |
| | १७.३ मतपेटिमा र सूरक्षण सिल | ३५ |
| | १७.४ छपाइ सामग्री | ३७ |
| | १७.५ स्टेशनरी,स्वास्थ्य सूरक्षा सम्बन्धी सामग्री,प्याकेजिङ र अन्य सामग्री | ३९ |
| | १७.६ मतदान सामग्री ढूवानी | ४१ |
| १८. | विभिन्न तहको निर्वाचनको लागि मतदान केन्द्रमा प्रयोग हूने सामग्री | ४२ |
| १९. | अन्य निर्वाचन सामग्रीको व्यवस्थापन | ४३ |
| २०. | मतदाता दर्ता सामग्रीको व्यवस्थापन | ४४ |
| २१. | निर्वाचन व्यवस्थापनमा स्थानीय तहसँगको समन्वय र सहकार्य | ४८ |
| २२. | अनूसुचीहरु १ देखि ९ | ५१-७१ |

# १. पृष्ठभूमि

नागरिकहरूले आफ्नो मतको आधारमा आफ्नो प्रतिनिधि चुन्ने पहिलो अभ्यास इशा पूर्व पाँचौ शताब्दीमा ग्रिसको एथेन्सबाट प्रारम्भ भएको मानिन्छ । त्यतिबेला एथेन्सवासीहरू गोलाप्रथाबाट आफ्ना प्रतिनिधिहरू छान्थे (नेपालको निर्वाचन इतिहास पृष्ठ २६) । दशौं शताब्दीमा दक्षिण भारतको चोल साम्राज्य अन्तर्गत तमिलनाडुको केही स्थानमा ग्रामसभाका सदस्य चुन्दा ताडपत्र र माटोको भाडोलाई प्रयोग गरिएको पाइन्छ। ताडपत्रमा उम्मेदवारको नाम लेखेर त्यसलाई माटोको भाँडोमा राख्ने र छान्नु पर्ने सदस्य अनुसारको सङ्ख्याका ताडपत्र कुनै बालकद्वारा झिक्न लगाई सदस्यहरू चयन गर्ने गरिन्थ्यो (उही पृष्ठ २८)। निर्वाचनको थालनीसँगै यसका लागि स्वभावत: विभिन्न सामग्रीहरू प्रयोगमा आउन थाले। माथि उल्लेख गरिए अनुसार प्रतिनिधि छनोट गर्न उपयोगमा ल्याइएका 'गोला' हुन् वा 'ताडपत्र' वा 'माटोका भाँडा' यी सबै निर्वाचन सम्पन्न गर्न प्रयोगमा ल्याइएका सामग्री हुन्। प्राचीन कालदेखि नै मतदाता नामावली, मत्रपत्र, मतपेटिका लगायत निर्वाचन सम्पन्न गर्न चाहिने अन्य आवश्यक सामग्रीहरू निर्वाचन सामग्रीको रूपमा प्रयोगमा आइरहेका छन् । पछिल्लो विकास क्रमसँगै तिनमा समयानुकुल सुधार हुँदै आएको छ ।

नेपालको सन्दर्भमा, प्राचीन कालदेखि नै मानिसहरूले आफ्ना अगुवा (प्रतिनिधि) हरू चुन्न विभिन्न विधि अवलम्बन गर्दै आएको पाइन्छ । हामीसँग दौड जितेर राजा चुनिने गरेको पनि इतिहास छ । दौडकै आयोजना गरे पनि उम्मेदवार निर्वाचित गर्न पक्कै पनि कुनै न कुनै सामग्रीहरूको प्रयोग हुने गर्दथ्यो । जब औपचारिक निर्वाचनको अभ्यास प्रारम्भ भयो स्वभावत: त्यही बेलादेखि नै निर्वाचनको काममा मतदाता नामावली, मतपत्र, मतपेटिका लगायतका सामग्रीहरू प्रयोगमा आउन थालेका हुन् । पहिलो पटक वि.सं. २००४ सालमा सम्पन्न भएको काठमाडौं म्यूनिसिपालिटिको निर्वाचनमा मतपेटिकाको रूपमा सामान्य खालका ढ्वाङ् प्रयोगमा ल्याइएको देखिन्छ (उही, पृष्ठ १५२)। पछि मजबुत फलामे मतपेटिका प्रयोगमा ल्याइयो । २०४८ सालपूर्वसम्म सम्पन्न निर्वाचनमा यिनै फलामे मतपेटिका प्रयोगमा आए। मतपेटिकाको सिलबन्दी गर्न लाहा र धागोको सुरक्षण विधि अवलम्बन गरिन्थ्यो। अरु सामग्रीमा विभन्न स्टेशनरी सामग्री, अनुसूची फारामहरु, स्वस्तिक छाप, छापदानी, लाहाछाप लगाउन प्रयोग हुने पित्तलको स्वस्तिक छाप, नमेटने मसी, रुलर, टर्च लाइट, प्राथमिक उपचारसँग सम्बन्धित औषधी, लगायतका सामग्रीको प्रयोग हुन्थ्यो। २०६४ सालमा सम्पन्न संविधानसभा सदस्य निर्वाचनदेखि मतपेटिका र सुरक्षण सामग्रीमा उल्लेख्य परिवर्तन भयो । फलामको मतपेटिकालाई प्रतिस्थापन गरी अर्धपारदर्शी प्लाष्टिकका मतपेटिका प्रयोगमा ल्याइयो। मतपेटिकाको सिलबन्दी गर्न सामान्य कागज, धागो र स्वस्तिक चिह्न सहितको लाहाछापको प्रयोग गरिने सुरक्षण विधिको सट्टा विशेष नम्बर अङ्कित प्लाष्टिकका सुरक्षण सिल प्रयोगमा ल्याइए। मतदाताको फोटो बेगरको नामावली सूची प्रयोग हुँदै आएकोमा २०७० सालमा सम्पन्न अर्को संविधान सभाको निर्वाचनदेखि फोटो सहितको मतदाता नामावली प्रयोग गर्न थालियो । संविधान सभाको निर्वाचन र उपनिर्वाचनमा गरी विभिन्न १२ वटा निर्वाचन क्षेत्रमा विद्युतीय मतदान मेशिनको प्रयोग गरी मतदान र मतगणना कार्य सम्पन्न गरिएका थियो (निर्वाचन स्मारिका,२०७६ पृष्ठ ४३)।निर्वाचन सामग्रीको प्रयोग वा परिवर्तन अरु विभन्न पक्षहरूसँग सापेक्षित हुन्छ । खासगरी प्रविधि, निर्वाचन प्रणाली, निर्वाचनका प्रक्रिया, आमनागरिकको चेतनास्तर एवं राजनीतिक दल लगायत निर्वाचनका सरोकारवालाहरूका धारणा अनुरूप निर्वाचन सामग्रीमा समयानुकुल सुधार या परिवर्तन हुने गर्छ ।

# २. मार्गदर्शन तर्जुमाको आवश्यकता

निर्वाचन व्यवस्थापनमा विभन्न प्रकारका सामग्री प्रयोग हुन्छन् । निर्वाचन व्यवस्थापन निकायको दैनिक प्रशासन सञ्चालन गर्नदेखि निर्वाचन केन्द्रित कार्यहरूका लागि सामान्य स्टेशनरीदेखि उच्च क्षमताका कम्प्युटर, प्रिण्टर जस्ता सामग्री आवश्यक हुन्छन् । यस्ता सामग्रीलाई सहजताको लागि मतदान केन्द्रमा प्रयोग हुने सामग्री र अरु निर्वाचन सामग्री गरी वर्गीकरण गर्न सकिन्छ ।

मतदान केन्द्रमा प्रयोग हुने सामग्रीको सन्दर्भमा हाम्रो देशमा प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तह अन्तर्गत गाउँपालिका तथा नगरपालिकाको निर्वाचनमा मतदान केन्द्रमा करिब ६५ प्रकारका सामग्री प्रयोग भएको पाइन्छ । राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन, राष्ट्रिय सभा सदस्य निर्वाचन र स्थानीय तह अन्तर्गत गाउँ कार्यपालिका र नगर कार्यपालिका तथा जिल्ला समन्वय समितिको निर्वाचनमा यिनै मध्येका सामग्री आवश्यकतानुसारका किसिम र परिणाममा प्रयोग हुन्छन् । यी मतदान सामग्री मध्ये अधिकांश सामग्री आन्तरिक बजारमा उपलब्ध हुने खालका छन् । मतपेटिका, सुरक्षण सिल, रबर म्याट, गोप्य मतदान कक्षा निर्माण गर्न प्रयोग हुने छेकाबारा जस्ता सामग्रीको लागि भने वर्तमानसम्म पनि वाह्य मुलुकको बजारमा निर्भर हुनुपर्ने अवस्था छ ।

आयोगले सम्पन्न गर्ने मध्ये राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन बाहेकका सबै निर्वाचनको मिति नेपाल सरकारले तोक्ने कानुनी व्यवस्थाका कारण पूर्वनिर्धारित योजना र कार्यतालिकामा आधारित निर्वाचनको अभ्यास हुन सकेको छैन । निर्वाचनको मिति तोकेपनि सबैजसो निर्वाचन 'हुन्छ कि हुँदैन' को संशयबिच सम्पन्न हुँदै आएका छन् । यसले गर्दा सामग्रीको अनुमान, खरिद, प्याकेजिङ् र ढुवानीमा समयको चापका कारण विभिन्न समस्या आइपर्ने गरेका छन् । यसकै कारण निर्वाचन/मतदान सामग्रीको व्यवस्थापन सदैव हतारमा व्यवस्थापन गर्नपर्ने चुनौतीपूर्ण कार्यको रूपमा रहदै आएको छ ।

मतदान सामग्रीको व्यवस्थापन सम्बन्धमा आयोगबाट २०७६ साल असोजमा मतदान केन्द्रमा प्रयोग हुने सामग्रीको मापदण्ड तर्जुमा भएको छ । तर यसपश्चात विश्वभर महामारीको रूपमा देखा परेको कोभिड-१९ महामारीका कारण मतदान सामग्रीको व्यवस्थापनमा नयाँ चुनौती थपिएका छन् । आममतदाता, मतदान कार्यमा खटिने कर्मचारी, उम्मेदवार वा राजनीतिक दलका प्रतिनिधि लगायत मतदान केन्द्रमा प्रत्यक्ष संलग्न रहने जनशक्तिलाई महामारीको सङ्क्रमणबाट जोगाउन र निर्वाचनकै कारण समुदायमा कोरोनाको सङ्क्रमणलाई फैलिन नदिन आवश्यक स्वास्थ्य सुरक्षा सम्बन्धी सामग्री समेतको प्रबन्ध गर्नपर्ने नयाँ परिस्थिति सृजना भएको छ ।

निर्वाचनमा मतदान सञ्चालन सम्बन्धी कार्य मतदान केन्द्रस्तरमा हुन्छ । मुलुकभरका बीसौं हजार मतदान केन्द्रमा सामान्यत: एकैसाथ मतदानको कार्य सञ्चालन हुन्छ । तसर्थ मतदान कार्यको व्यवस्थापनलाई बृहत् सामाजिक परिघटना ९:भनब क्यअर्घा ९खभलत० मानिन्छ । मतदान सामग्रीको व्यवस्थापनमा सामान्य असावधानी हुन गएमा पनि असामान्य अवस्था आइपर्ने र यसले समग्र निर्वाचनको स्वच्छतामा प्रश्न उठनसक्ने जोखिम रहिरहन्छ । यसै सन्दर्भमा आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना २०७६/७७-२०८०/८१ मा व्यवस्थापन सुधार तथा प्रविधियुक्त निर्वाचन पद्धतिको विकास गर्ने रणनीति (रणनीति-२) अन्तर्गत निर्वाचन

सामग्रीको मापदण्ड तयार गरी सामग्री व्यवस्थापन कार्यलाई विकेन्द्रित गर्दै लगिने कार्यनीति (कार्यनीति २.६) अख्तियार गरेको छ। तसर्थ उपलब्ध सीमित समय सीमाभित्र मतदान सामग्री व्यवस्थापनलाई छिटो, छरितो, प्रभावकारी र मितव्ययी बनाउन मतदान केन्द्रमा प्रयोग हुने सामग्रीको पुनरावलोकन गरी आयोगबाट सम्पन्न हुने सबै तहका निर्वाचनमा मतदान केन्द्रमा प्रयोग हुने सामग्रीको मापदण्ड अद्यावधिक गर्न र सामग्री व्यवस्थापन सम्बन्धी मार्गदर्शन (न्गाष्मभष्लिभ ) तर्जुमा गर्न आवश्यक भएको छ।

## ३. उद्देश्य

मतदान सामग्रीको व्यवस्थापन सम्बन्धी मार्गदर्शन (न्गाष्मभष्लिभ) तर्जुमाको उदेश्य देहाय बमोजिम छ:-

(क) निर्वाचन आयोगबाट सम्पन्न गरिने सबै तहको निर्वाचनमा मतदान केन्द्रमा प्रयोग हुने सामग्रीको पुनरावलोकन गर्ने,

(ख) मतदान केन्द्रमा प्रयोग हुने सामग्रीको मापदण्ड सहितको सूची तयार गर्ने,

(ग) मतदान सामग्रीलाई संवेदनशीलताको आधारमा संवेदनशील र कम संवेदनशील सामग्रीमा वर्गीकरण गर्ने,

(घ) आन्तरिक बजारमा उपलब्ध हुनसक्ने र वाह्य मुलुकका बजारमा निर्भर हुनुपर्ने मतदान सामग्रीको पहिचान गर्ने,

(ङ) आन्तरिक बजारमा उपलब्ध हुनसक्ने मतदान सामग्री मध्ये गुणस्तर र लागत प्रभावी हुनसक्न अवस्थासमेतको आधारमा निर्वाचन आयोग र जिल्लास्थित निर्वाचन कार्यालयबाट व्यवस्थापन गर्न सकिने सामग्रीको पहिचान गर्ने,

(च) मतदान सामग्री व्यवस्थापनमा स्थानीय तहसँग समन्वय गर्न सकिने क्षेत्रको पहिचान गर्ने,

(छ) मतदान सामग्री खरिद प्रक्रिया पहिचान गर्ने।

(ज) निर्वाचन व्यवस्थापनको लागि आवश्यक पर्ने कार्यालय सामग्रीमध्ये कम्प्युटर, प्रिन्टर लगायतका अन्य सामग्रीको सङ्ख्या र खरिद प्रक्रिया पहिचान गर्ने।

## ४. मार्गदर्शन तर्जुमाका आधार र सीमा

### ४.१ आधार

मार्गदर्शन तर्जुमाका आधार देहाय अनुसार छन्:-

(क) विभिन्न तहको निर्वाचनको लागि मौजुदा कानुनी व्यवस्था,

(ख) सार्वजनिक खरिद सम्बन्धी कानुनी व्यवस्था,

(ग) सामग्री व्यवस्थापनबारे आयोगको नीति र रणनीति,

(घ) निर्वाचन समीक्षा प्रतिवेदनमा उल्लिखित सुझाव,

(ङ) आयोगबाट तर्जुमा गरिएको मतदान केन्द्रमा प्रयोग हुने सामग्रीको मापदण्ड,

(च) विगतका निर्वाचन (मूलत: २०७४ सालमा सम्पन्न विभिन्न तहका निर्वाचन) मा अवलम्बन गरिएका असल अभ्यास,

(छ) वर्तमानमा मतदान सामग्री व्यवस्थापनबारे विभिन्न मुलुकका असल अभ्यास,

(ज) आयोग सचिवालयका उच्च अधिकारी, सामग्री व्यवस्थापन विषयसँग सम्बद्ध अधिकृत, कर्मचारीबाट प्राप्त सुझाव,

(झ) विज्ञहरूबाट प्राप्त सुझाव ।

## ४.२ सीमाहरू

(क) यो मार्गदर्शन प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन एकैसाथ सम्पन्न हुने अनुमानमा तयार गरिएको छ,

(ख) प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचन एकैसाथ हुने अवस्थामा पनि यी दुवै सभाको दुवै निर्वाचन प्रणालीका मतपत्र अलग, अलग पानामा छपाइ हुने र एकैसाथ चारवटा मतपत्रको प्रयोग हुने अनुमान गरिएको छ,

(ग) मतदान सामग्रीको पुनरावलोकन गर्दा कोभिड-१९ महामारीको सङ्क्रमणबाट जोगिन र जोगाउन आवश्यक हुने स्वास्थ्य सुरक्षासँग सम्बन्धित सामग्रीलाई समावेश गर्नुपर्ने विषयमा ध्यान दिइएको छ । यसबाहेक सामान्य अवस्थालाई दृष्टिगत गरी तर्जुमा गरिएको छ । तसर्थ यसले प्राकृतिक विपत्ति, प्रकोप, सुरक्षा चुनौती वा अन्य कुनै प्रकारको अस्थिरताबाट उत्पन्न हुनसक्ने असामान्य अवस्थालाई सम्बोधन गर्न सक्दैन,

(घ) निर्वाचन सामग्रीमा व्यापक विविधता हुने भएकोले सामग्री व्यवस्थापनको क्षेत्र बहुआयामिक हुन्छ । प्रस्तुत मार्गदर्शन मूलत: मतदान केन्द्रमा प्रयोग हुने सामग्रीको व्यवस्थापनबारे केन्द्रित रहेको छ,

(ङ) सामग्रीको बजार परिवर्तनशील हुने भएकोले वर्तमानमा जुन आकार, प्रकार र गुणस्तरका सामग्री उपलब्ध छन् आगामि दिनमा यी सामग्री सामान्यत: यही रूप र गुणस्तरमा उपलब्ध नहुन सक्छन् । नवप्रवर्तन, उत्पादक, आपूर्तिकर्ताहरूबिच हुने तीब्र प्रतिस्पर्धाका कारण सामग्रीको मूल्यसमेत परिवर्तन भइरहन्छ । यसकारण सामग्रीको आकार, प्रकार र गुणस्तर सहितको विस्तृत स्पेशिफिकेशन (विवरण) खरिद सम्बन्धी कागजात तयार गर्ने समयमा नै तयार गर्न अनिवार्य हुने भएकोले प्रस्तुत मार्गदर्शन तर्जुमा गर्दा यस प्रकारको स्पेशिफिकेशन तयार गरिएको छैन । तर सम्भव भएसम्मका सामग्रीको सामान्य मापदण्ड भने उल्लेख गरिएको छ,

(च) मौजुदा कानुनी व्यवस्था, निर्वाचन प्रणाली, निर्वाचनको विधि र प्रविधि एवं प्रक्रियामा परिवर्तन भएको अवस्थामा स्वभावत: मतदान सामग्रीको किसिम र परिमाणमा परिवर्तन हुने हुनाले सो अवस्थालाई यस मार्गदर्शनले आंशिकरुपमामात्र सम्बोधन गर्न सक्छ ।

# ५. निर्वाचन आयोगबाट सम्पन्न गरिने निर्वाचन

नेपालको संविधानले आयोगलाई राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको संचालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने, निर्वाचनको प्रयोजनको लागि मतदाता नामावली तयार गर्ने, राष्ट्रिय महत्त्वको विषयमा जनमत सङ्ग्रह गराउने समेतका जिम्मेवारी तोकेको छ । स्थानीय तह अन्तर्गत आयोगले गाउँपालिका तथा नगरपालिकाको निर्वाचनको साथसाथै गाउँ कार्यपालिका तथा नगर कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचन समेत सम्पन्न गर्दछ ।

# ६. निर्वाचनको मिति, अवधि र विधि

## ६.१ निर्वाचनको मिति र अवधि

आयोगबाट सम्पन्न हुने निर्वाचन मध्ये सङ्घीय संसदका सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यको निर्वाचनको मिति आयोगसँगको परामर्शमा नेपाल सरकारले तोक्ने व्यवस्था छ भने राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनको मिति आयोगले तोकी सोको जानकारी नेपाल सरकारलाई दिनुपर्ने व्यवस्था छ। उपनिर्वाचनको हकमा स्थानीय तहका सदस्यमध्ये जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख, गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष तथा वडाध्यक्ष एवं नगरपालिकाको प्रमुख, उपप्रमुख तथा वडाध्यक्षको पदावधि समाप्त नहुँदै कुनै कारणले पद रिक्त भएमा र कम्तीमा एक वर्षको पदावधि बाँकी रहेको अवस्थामा त्यस्तो रिक्त पद उपनिर्वाचनद्वारा पूर्ति गरिन्छ। राष्ट्रिय सभाका सदस्यको हकमा पद रिक्त भएको मितिले ३५ दिनभित्र निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्नुपर्छ। यसै गरी प्रतिनिधि सभा र प्रदेश सभाका सदस्यको सम्बन्धमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित कुनै सदस्यको पद प्रतिनिधि सभाको अवधि छ महिनाभन्दा बढी कायम रहदै कुनै कारणले रिक्त भएमा उपनिर्वाचनद्वारा पूर्ति गरिने व्यवस्था छ। स्थानीय तहका सदस्य र राष्ट्रिय सभाका सदस्यको उपनिर्वाचनको मिति आयोगसँगको परामर्शमा नेपाल सरकारले र प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको उपनिर्वाचनको मिति निर्वाचन आयोगले तोक्ने कानुनी व्यवस्था छ।

निर्वाचन आयोग ऐन, २०७३ ले निर्वाचन हुने मितिभन्दा एकसय बीस दिन अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम सार्वजनिक नभएसम्मको अविधलाई निर्वाचन अवधि भनी परिभाषित गरेको छ। तर एकसय बीस दिनभन्दा कम अवधि रहने गरी निर्वाचनको मिति घोषणा भएमा त्यसरी घोषणा भएको मितिदेखि अन्तिम परिणाम सार्वजनिक नभएसम्मको अवधिलाई निर्वाचन अवधि मानिने उल्लेख छ।

## ६.२ निर्वाचनको विधि

आयोगबाट सम्पन्न गरिने निर्वाचनमध्ये गाउँपालिका र नगरपालिकाका सदस्य, प्रदेश सभाका सदस्य र प्रतिनिधि सभाका सदस्यहरू वालिग मताधिकारको आधारमा निर्वाचित हुन्छन् स्थानीय तहका सदस्यहरू पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम एवं प्रतिनिधि सभा र प्रदेश सभाका सदस्यहरू पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुन्छन्।

गाउँ/नगर कार्यपालिका सदस्यहरू सम्बन्धित गाउँ/ नगर सभाका सदस्यको मतबाट र जिल्ला समन्वय समितिका सदस्य जिल्ला सभा (सम्बन्धित जिल्लाका गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख) सदस्यको मतबाट निर्वाचित हुन्छन्।

राष्ट्रिय सभाका सदस्यहरू प्रदेशगतरूपमा निर्वाचित हुन्छन्। यसको लागि सम्बन्धित प्रदेशको प्रदेश सभाका सदस्य एवं गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डल रहन्छ। प्रदेश सभाका सदस्यको मतभार ४८ र स्थानीय तहका सदस्यको मतभार १८ रहेको छ।

राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनको लागि सङ्घीय संसदका सदस्य र प्रदेश सभाका सदस्य रहेको निर्वाचक मण्डल रहन्छ। सङ्घीय संसदका सदस्यको मतभार ७९ र प्रदेश सभाका सदस्यको मतभार ४८ रहेको छ। निर्वाचनसँग सम्बन्धित विभिन्न १० वटा ऐन, आठ वटा नियमावली, छ वटा आचारसंहिता, विभिन्न चारवटा कार्यविधि, पाँचवटा नीतिहरू (httpsM÷÷election=gov=np÷np÷page÷election–related–laws) कार्यान्वयनमा रहेका छन्। यसै गरी विभिन्न निर्वाचन लक्षित निर्देशिकाहरु आवश्यकतानुसार तर्जुमा गरी कार्यान्वयनमा ल्याइने गरिन्छन्।

## ७. निर्वाचन सामग्री

'निर्वाचन सामग्री' निर्वाचन सञ्चालनको लागि आवश्यक हुने सामग्री हुन्। मतदान कार्यमा प्रयोग हुने मतदाता नामावली, मतपत्र, मतपेटिका, सुरक्षण सिल, मत सङ्केत गर्ने छाप, विभिन्न फाराम र मुचुल्काहरू, मतदाता शिक्षा सामग्री, विभिन्न तहको तालिमको लागि प्रयोग हुने तालिम सामग्री, सामग्री प्याकेजिङ र ढुवानीमा प्रयोग हुने सामग्रीहरू निर्वाचन सामग्रीमा पर्दछन्। निर्वाचनको समयमा आयोगको सचिवालय, निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय, मतदान केन्द्र र मतगणना स्थलमा प्रयोग हुने सामग्रीहरू तथा मतदाता शिक्षाका लागि तयार पारिएका सामग्रीहरू निर्वाचन सामग्री अन्तर्गत समेटिन्छन् (निर्वाचन प्रश्नोत्तर, २०७७ पृष्ठ ३०१)।

## ८. मतदान सामग्री

मतदान कार्य सञ्चालनको लागि मतदान केन्द्रमा प्रयोग हुने सामग्री मतदान सामग्री हुन्। यस्ता सामग्रीहरूको किसिम मुलुकपिच्छे फरक फरक हुन सक्छन्। एकै देशमा पनि कुन तहको निर्वाचन हो र कुन विधिबाट सम्पन्न हुने हो त्यस अनुसार सामग्रीको किसिम र परिमाण फरक फरक रहन्छ। हाम्रो देशको सन्दर्भमा २०६४ सालमा सम्पन्न संविधान सभाको निर्वाचनमा ६४ प्रकारका (संविधान सभा सदस्य निर्वाचन प्रतिवेदन २०६३-२०६६, पृष्ठ ३६९ र ३७०) , २०७० सालमा सम्पन्न अर्को संविधान सभा सदस्य निर्वाचनमा ६७ प्रकारका (अर्को संविधान सभा सदस्य निर्वाचन २०७० तथा उपनिर्वाचन २०७१ को प्रतिवेदन, २०७१ पृष्ठ ३४६-३४९) र २०७४ सालमा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचनमा ६३ किसिमका मतदान सामग्री प्रयोग भएका छन् (वार्षिक प्रतिवेदन २०७४/७५ पृष्ठ २२२ र २२३ )।

मतदान सामग्री व्यवस्थापनलाई स्तरीकरण गर्ने सन्दर्भमा प्रतिनिधि सभा, प्रदेश सभा तथा स्थानीय तहका सदस्यको उपनिर्वाचनमा हुने खर्चको सञ्चालन र नियमन गर्न २०७६।७।२ मा स्वीकृत उपनिर्वाचन सञ्चालन आर्थिक कार्यविधिले एउटा मतदान केन्द्रको लागि ५६ प्रकारका सामग्री आवश्यक हुने व्यवस्था गरेको छ (उपनिर्वाचन सञ्चालन आर्थिक कार्यविधि,२०७६ को दफा ४४। आयोगबाट स्वीकृत मापदण्ड बमोजिमका मतदान सामग्रीको विवरण अनुसूची-१ मा दिइएको छ।

## ९. निर्वाचन/मतदान सामग्री व्यवस्थापन अभ्यास

निर्वाचनको लागि उच्च प्रविधि र क्षमतायुक्त छपाइ मेशिन, फोटोकपि मेशिन, तिनका पार्टपूर्जा एवं सहायक सामग्री (ब्अअभककयचष्भक ), कम्प्युटर, मतपत्र र परिचयपत्र छपाइको लागि आवश्यक पर्ने विशेष खालको कागजदेखि सामान्य सियो, धागो, कलम, कागज, चिठीपत्र राख्ने खामसमेतको बन्दोबस्त गर्नुपर्ने हुन्छ। यी सामग्रीहरू आयोगले गत विगत वर्षदेखि नै वैदेशिक सहायता र आन्तरिक स्रोतबाट व्यवस्थापन गर्दै आएको छ। २०४८ सालदेखि २०७४ सालसम्म सम्पन्न निर्वाचनहरूमा विभिन्न मित्रराष्ट्र र विकास साझेदार संस्थाहरूबाट निर्वाचन सामग्री लगायत निर्वाचन व्यवस्थापनका विविध क्षेत्रमा वस्तुगत एवं प्राविधिक सहयोग प्राप्त हुँदै आएको (नेपालको निर्वाचन इतिहास,२०७३ पृ.५४९) देखिन्छ।

## १०. सामग्री खरिद सम्बन्धी कानुनी व्यवस्था

सार्वजनिक निकायले वस्तु तथा सेवाको खरिदका लागि अपनाउनुपर्ने विधि र प्रक्रियाबारे सार्वजनिक खरिद ऐन, २०६३ र यससम्बन्धी नियमावली, २०६४ मा विभिन्न व्यवस्था रहेको छ। यस अनुसार सामान्यत: ५ लाख रुपैयाँसम्म लागत अनुमान भएको वस्तु तथा सेवा खरिद गर्दा सोझै, २० लाखसम्म लागत अनुमान भएकोमा सिलबन्दी दरभाउपत्रबाट र २० लाखभन्दा माथिको लागत अनुमान भएको भए बोलपत्रबाट खरिद गर्नुपर्ने व्यवस्था छ। यसको लागि निश्चित कार्य प्रक्रिया र समयावधि तोकिएको छ।

निर्वाचन व्यवस्थापनको कार्य छोटो समयमा सम्पन्न गर्नुपर्ने विशिष्ट प्रकृतिको कार्य हो। सामान्यत: एकसय बीस दिनको अवधिलाई निर्वाचन अवधि भनिए पनि खासमा निर्वाचन सम्पन्न गर्न जति दिन उपलब्ध हुन्छ त्यसै अनुसार तयारी गर्नु अनिवार्य हुन्छ। निर्वाचन व्यवस्थापनको लागि तीन महिनाभन्दा कम समय उपलब्ध भएको अवस्था समेत रहेको देखिन्छ। जस्तै स्थानीय तह निर्वाचन २०७४ का लागि ८२ दिनमात्र उपलब्ध भएको थियो (निर्वाचन समीक्षा, निर्वाचन आयोग, २०७५ पृ. १९ )। तसर्थ निर्वाचन व्यस्थापनको सन्दर्भमा प्रत्येक दिनको विशेष महत्त्व रहन्छ। तर निर्वाचनको मिति नेपाल सरकारले तोक्ने कानुनी व्यवस्थाका कारण निर्वाचन कहिले हुन्छ भन्नेबारे पूर्वआंकलन गर्न सकिने अवस्था नरहेको र निर्वाचनको मिति तोकिएपछिमात्रै बजेटको सुनुश्चितता हुने हुँदा तत्पश्चातमात्रै निर्वाचनको खास तयारी प्रारम्भ हुने अभ्यास छ।

उपलब्ध सीमित समयभित्र निर्वाचन सम्पन्न गर्नुपर्ने र सार्वजनिक खरिद ऐन र नियमावलीले निर्दिष्ट गरेको प्रक्रिया पूरा गर्न सम्भव नहुने अवस्थाको लागि निर्वाचन सामग्री खरिद सम्बन्धमा विगतदेखि नै निर्वाचन आयोग ऐनमा विशेष व्यवस्था रहदै आएको छ। निर्वाचन आयोग ऐन,२०७३ को दफा ३८ मा आयोगले निर्वाचन प्रयोजनको लागि आवश्यक वस्तु वा सेवा खरिद गर्दा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुन बमोजिम गर्नुपर्ने व्यवस्था छ। तर निर्वाचनका सम्बन्धमा तत्काल व्यवस्थापन गर्नुपर्ने तोकिए बमोजिमका निर्वाचन सामग्रीहरू खरिद गर्दा वा सेवा प्राप्त गर्दा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुनको प्रक्रिया पूरा गर्न सम्भव नभएको अवस्थामा आयोगले आधार र कारण खुलाई छिटो माध्यमबाट वा सोझै बजार बाट मालसामान खरिद गर्न वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था रहेको छ।

## ११. गत विगतका निर्वाचनमा सामग्री व्यवस्थापन नीति

सामग्री व्यवस्थापनलाई सहज र व्यवस्थित बनाउन आयोगले यससम्बन्धी नीति, रणनीति तर्जुमा गरी कार्यान्वयन गर्दै आएको पाइन्छ। संविधान सभा सदस्य निर्वाचन , २०६४ मा सामग्री व्यवस्थापनको लागि आयोगले चारवटा रणनीति लिएको थियो । यी रणनीतिमा, निर्वाचन सामग्री सकभर वैदेशिक सहायता अन्तर्गत प्राप्त गर्ने, वैदेशिक सहायताबाट प्राप्त हुन नसकेका निर्वाचन सामग्रीहरूमात्र आन्तरिक रूपमा खरिद गर्ने, स्थानीयस्तरमा उपलब्ध हुन सक्ने सामग्री खरिदको जिम्मेवारी जिल्ला निर्वाचन कार्यालयहरूलाई दिने र छपाइ सामग्रीको उत्पादनमा बढीभन्दा बढी प्रेश सञ्चालकलाई संलग्न गराई एकाधिकारबाट उत्पन्न हुने खतरालाई कम गर्ने थिए (संविधान सभा सदस्य निर्वाचन प्रतिवेदन, २०६३-२०६६, पृ. ८१)। त्यसपश्चात् सम्पन्न भएका सबैजसो निर्वाचनमा आयोगले लिएका सामग्री व्यवस्थापन नीतिहरू यही रणनीतिले निर्देश गरेबमोजिम रहेको देखिन्छ। सामग्री व्यवस्थापनबारे अर्को संविधान सभा सदस्य निर्वाचन, २०७०, स्थानीय तह निर्वाचन,२०७४ र प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ मा आयोगले अवलम्बन गरेका नीति अनुसूची-२ मा दिइएको छ।

निर्वाचनमा मतदान सामग्रीको व्यवस्थापन निकै बृहत् हुन्छ। मतदान केन्द्रस्तरमा प्रयोग हुने भएकोले स-साना मसलन्द ससामग्रीको खरिद, तिनको प्याकेजिङ र ढुवानीमा ठूलो स्रोत साधन खर्च हुन्छ। निर्वाचन व्यवस्थापनलाई थप चुस्त र कम खर्चिलो बनाउन स्थानीयरूपमै उपलब्ध हुनसक्ने स्रोत, साधनको प्रयोगलाई बढाउदै लैजान र निर्वाचन क्रियाकलापमा मतदान केन्द्र रहेको सार्वजनिक निकाय, स्थानीय तहको सम्बन्धित वडातह र पालिका समेतलाई संलग्न गराई निर्वाचन व्यवस्थापनलाई स्थानीयकरण गर्दै जान सामग्री व्यवस्थापन नीतिमासमेत समयानुकुल पुनरावलोकन गर्न आवश्यक देखिएको छ।

## १२. आयोगको रणनीतिक योजनाले अङ्गीकार गरेका रणनीति र कार्यनीति

निर्वाचन आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना २०७६/७७-२०८०/८१ ले लिएका रणनीति मध्ये आयोगको संस्थागत सुदृढीकरण (रणनीति-१) अन्तर्गत राष्ट्रिय नीतिको परिधिभित्र रही वैदेशिक सहायता परिचालन गरिने कार्यनीति (कार्यनीति १.८) रहेको छ। यो कार्यनीति अन्तर्गत निर्वाचन व्यवस्थापनमा वैदेशिक सहायताको प्रभावकारी परिचालनका लागि कार्यविधि तर्जुमा गर्ने

एवं नेपाल सरकारको अन्तर्राष्ट्रिय सहायता परिचालन नीति अनुरूप वैदेशिक सहयोग प्राप्ति र परिचालन गर्ने क्रियाकलाप उल्लेख भएको छ। यसबाट आगामी दिनमा पनि आयोगले निर्वाचन सामग्रीको व्यवस्थापनमा विगतमा जस्तै वैदेशिक सहायता परिचालनको नीतिलाई निरन्तरता दिने रणनीति अङ्गीकार गरेको देखिन्छ। व्यवस्थापन सुधार तथा प्रविधियुक्त निर्वाचन पद्धतिको विकास गर्ने रणनीति (रणनीति-२) अन्तर्गत निर्वाचन सामग्रीको मापदण्ड तयार गरी सामग्री व्यवस्थापन कार्यलाई विकेन्द्रित गर्दै लगिने कार्यनीति (कार्यनीति २.६) लिइएको छ। यस कार्यनीतिको कार्यान्वयनको लागि देहायका क्रियाकलाप पहिचान गरिएको छः-

(क) निर्वाचन सामग्री व्यवस्थापन (प्राप्ति, भण्डारण, वितरण, प्रयोग, पुनर्प्राप्ति, पुनःप्रयोग ) गर्न मापदण्ड सहितको निर्देशिका तर्जुमा गर्ने,

(ख) मतदान केन्द्रमा प्रयोग हुने निर्वाचन सामग्रीको पुनरावलोकन गर्ने,

(ग) निर्वाचन प्रयोजनको लागि अति संवेदनशील सामग्री बाहेक अन्य निर्वाचन सामग्री निर्वाचन कार्यालयबाट व्यवस्थापन गर्ने,

(घ) विदेशबाट आयात गर्नुपर्ने निर्वाचन सामग्री यथाशक्य वैदेशिक सहायताबाट जुटाउने,

(ङ) मतपत्रको छपाइ जिल्ला तथा प्रदेश तहमा गर्ने सम्बन्धमा अध्ययन गरी प्राप्त सुझावको आधार मा गर्दैजाने ।

(च) रणनीति-२ अन्तर्गत अख्तियार गरिएका कार्यनीतिहरू निर्वाचन व्यवस्थापनलाई मितव्ययी बनाउदै लैजाने ( कार्यनीति २.७), मतदान प्रक्रियामा विद्युतीय मतदान यन्त्रको प्रयोगलाई बढाउँदै लैजाने (कार्यनीति २.८), र मतदान केन्द्रमा मतगणना गर्ने कार्यको थालनी गर्ने (कार्यनीति २.१०) पनि निर्वाचन/ मतदान सामग्रीको व्यवस्थापनसँग सम्बन्धित छन् ।

## १३. मतदान सामग्रीको पुनरावलोकन

निर्वाचन आयोगबाट स्वीकृत मापदण्ड अनुसार मतदान केन्द्रमा प्रयोग हुने ५६ किसिमका सामग्रीहरू रहेको भएपनि यो समान्य अवस्था लक्षित मापदण्ड हो। सन् २०१८ मा देखापरेको कोभिड-१८ महामारीका कारण संसारभर नै निर्वाचन व्यवस्थापनमा थप चुनौतीहरू सृजना भएका छन् । यसको सोझो प्रभाव मतदान सामग्रीको व्यवस्थापनमा पनि परेको छ ।

निर्वाचनमा मतदाता र मतदान कर्मचारी, राजनीतिक दलका प्रतिनिधि समेतलाई कोभिड-१८ को सङ्क्रमणबाट जोगाउन एवं निर्वाचन गतिविधि कै कारण समुदायमा थप फैलिन नदिन करिब १०० मुलुक/क्षेत्र (territory) ले निर्वाचनका विभिन्न चरणमा अवलम्बन गर्नुपर्ने स्वास्थ्य सम्बन्धी मार्गदर्शन (Guideline) र स्वास्थ्य तथा सुरक्षा सम्बन्धी मापदण्ड (Health and safty measures) तर्जुमा गरेका छन्। यस्ता मापदण्डमा मूलत: देहायका विषय समेटिएका छन्:-

- सामाजिक दूरी कायम गर्नुपर्ने,
- मतदानमा संलग्न कर्मचारीहरूलाई स्वास्थ्य सुरक्षासँग सम्बन्धित सामग्री उपलब्ध गराउनु पर्ने, मतदान केन्द्रमा प्रवेश गर्नेको सङ्ख्या सीमित गर्ने,
- ह्याण्ड स्यानिटाइजरको प्रयोगलाई अनिवार्य गर्ने,
- मतदातालाई मास्क उपलब्ध गराउने,
- मतदान केन्द्रमा प्रवेश गर्नेको तापक्रम नाप्ने,
- मतदातालाई डिस्पोजेबल ग्लोभ्स अनिवार्य गर्ने,
- मतदान केन्द्रको सङ्ख्या बढाउने, मतदान सामग्रीलाई र समय समयमा मतदान केन्द्रलाई समेत नि:सङ्क्रमण गर्ने विषय रहेका छन्। (थप जानकारीको लागि हेर्नुहोस् httpsM÷÷www=idea=int÷news–media÷news÷elections–and–covid–19–health–and–safety–polling–stations)

स्वास्थ्य सुरक्षा सम्बन्धी यी मापदण्डका कारण मतदान केन्द्रमा प्रयोग हुने सामग्रीमा स्वास्थ्य सुरक्षासँग सम्बन्धित सामग्री थप गर्नुपर्ने अवस्था त आएको छ नै साथसाथै मतदान केन्द्रको ढाँचामा समेत परिवर्तन

गर्न आवश्यक भएको छ । उदाहरणको लागि श्रीलङ्काको स्वास्थ्य मन्त्रालयले कोभिड-१९ लाई ध्यानमा राखी निर्वाचन प्रक्रियामा देहायको प्रबन्ध गर्नुपर्ने व्यवस्था गरेको छ :

- मतदान केन्द्रमा मतदाताहरू एउटा ढोकाबाट प्रवेश गरी अर्को ढोकाबाट निस्किन मिल्ने गरी व्यवस्था मिलाउने,
- मतदान केन्द्रमा उम्मेदवार वा दलका प्रतिनिधि सीमित सङ्ख्यामा मात्र रहने,
- मतदाता लाइन बस्दा एक मिटरको दूरी कायम गर्ने,
- कर्मचारी र मतदाताबिच बाक्लो र पारदर्शी  प्लाष्टिकको छेकबार राख्ने,
- कर्मचारीले मास्क लगाएर बस्नुपर्ने,
- मतपेटिका र मत सङकेत गर्ने कलमलाई प्रत्येक घण्टामा स्यानिटाइज गर्ने,
- मतदातालाई मतदान केन्द्रमा हात धुने सुविधा उपलब्ध गराउने र हात पुछ्न टिस्यू पेपर राख्नु पर्ने,
- मतदाताले मास्क लगाउनु पर्ने,
- हात पुछ्न प्रयोग भएका टिस्यू पेपरहरू फाल्न आवश्यक सङ्ख्याका फोहोर हाल्ने भाँडो राख्नुपर्ने, आदि ।

यसै गरी बंगलादेशको निर्वाचन आयोगले सन् २०२० को मार्चदेखि जुलाईमा सम्पन्न संसदको उपनिर्वाचन र स्थानीय सरकारको निर्वाचनको लागि देहायको व्यवस्था गरेको छ:-

- मतदान कार्य शुरु गर्नुपूर्व मतदान केन्द्रलाई नि:सङ्क्रमण (मष्कष्लाभअत) गर्ने,
- मतदान कर्मचारीले मतपत्र जारी गर्दा हातमा पन्जा र फेस मास्क लगाउने,
- मतदानको लागि लाइनमा बस्दा एक मिटरको दूरी कायम गर्ने र मतदान गर्दा पनि सुरक्षित दूरी कायम गर्ने,
- मतदान केन्द्रमा प्रवेश गर्नुअघि मतदाताहरूका लागि  सेनिटाइजरको व्यवस्था,
- मतदाताको लाइन व्यवस्थापन गर्न थप जनशक्ति परिचालन,
- मतदान केन्द्रमा प्रवेश गर्नु पूर्व मतदाताको तापक्रम जाँच,
- मतदान कर्मचारी र प्रतिनिधिहरूले स्वास्थ्य सुरक्षा सामग्रीको प्रयोग गर्ने,
- मतदान केन्द्र बाहिर कोभिड-१९ बारेका जानकारीमूलक सन्देश उल्लेख भएको पोष्टर टाँस्ने,
- प्रचार प्रसारको लागि र्‍याली र आमभेला गर्न नपाउने, आदि । (थप जानकारीको लागि हेर्नुहोस् (httpM÷÷www=ecs=gov=bd÷bec÷public÷files÷1÷ElectionsÜ20duringÜ20 pandemic−BEC_1_=pdf) ।

यस सन्दर्भमा संसारका विभिन्न मुलुकमा संयुक्त राष्ट्रसंघको तर्फबाट निर्वाचन सहायताको क्षेत्रमा संलग्न निर्वाचन सल्लाहकारहरू (भभिअतयचबा ब्मखष्कभचक ) का लागि भनी तयार गरिएको मार्गदर्शन (न्गष्मभष्लिभ) मा मतदाता , उम्मेदवारको मनोनयन पत्र दर्ता, निर्वाचन जनशक्तिलाई तालिम, प्रचार प्रसार र मतदान एवं मतगणना लगायतका प्रक्रियामा अपनाउनुपर्ने सावधानी र पालना गर्नुपर्ने मापदण्डबारे चर्चा गरी विभिन्न उपायहरू सुझाइएको छ । यस्ता  उपायमा मूलत: देहायका विषय रहेका छन्:-

- सामाजिक दूरी कायम गर्ने,
- निर्वाचनका सबै प्रक्रियामा सकभर कम मानिसहरूसँग सम्पर्क हुने व्यवस्था गर्ने,
- मानिसको भौतिक उपस्थितिको विकल्पमा प्रविधिको प्रयोग गर्ने,
- मतदान केन्द्र र मतदान सामग्रीलाई निसंक्रमित गर्ने,

- मतदान कर्मचारी, मतदाता र यस प्रक्रियामा संलग्न हुने सबैले मास्क, पञ्जा, फेस सिल्ड जस्ता स्वास्थ्य सुरक्षा सामग्रीको प्रयोग गर्ने,
- मतदान केन्द्रको सङ्ख्या बढाउने,
- मतदाताहरूलाई मतदान गर्न आउने समय छुट्याउने,
- कोभिड सङ्क्रमित मतदाताका लागि अलग्गै मतदान केन्द्रको बन्दोवस्त मिलाउने वा मतदान कर्मचारीहरूको घुम्ती टोलीको व्यवस्था गर्ने, आदि (विस्तृत जानकारीको लागि हेर्नुहोस् httpsM÷÷www=sdg16hub=org ÷system÷files÷2020–06÷ElectoralÜ20operationsÜ20duringÜ20COVID –19_20200520_FN=pdf) ।

निर्वाचन आयोगले राष्ट्रिय सभा सदस्य निर्वाचन,२०७८ लाई व्यवस्थित एवम् सुरक्षित रूपमा सञ्चालन गरी सम्पन्न गर्न देहायका विषय समेटी स्वास्थ्य सुरक्षा मापदण्ड सम्बन्धी बिशेष व्यवस्था गरेको छ:-

- मतदान स्थलमा दुई जना स्वास्थ्यकर्मी सहित हेल्पडेस्कको व्यवस्था सम्बन्धित जिल्ला स्वास्थ्य कार्यालय वा जिल्ला अस्पतालबाट गर्ने,
- मतदान स्थलको प्रवेश द्वारमा मतदाताको स्वास्थ्य स्थिति (कोरोना भाईरस सङ्क्रमित भए नभएको) को जानकारी लिने र साबुन पानी तथा स्यानीटाईजरको व्यवस्था गरी हात धुने वा स्यानीटाईजर को प्रयोगको व्यवस्था गर्ने,
- कोरोना भाईरस सङ्क्रमित मतदाताको लागि छुट्टै विश्राम स्थलको व्यवस्था गर्ने,
- एक अर्को मतदाताबिचको दूरी कम्तीमा एक मिटर कायम गर्ने,
- मतदान कार्यमा खटिएका सबै कर्मचारी तथा सुरक्षाकर्मीले अनिवार्य रूपमा मास्क लगाउने र आवश्यकता अनुसार समय समयमा स्यानीटाईजरको प्रयोग गर्ने,
- नाम रुजु गर्ने, मतपत्र प्रदान गर्ने, नङमा मसी लगाउने कर्मचारीले हातमा पञ्जा नाक, मुख ढाक्ने गरी मास्क र फेसशिल्ड लगाउने,
- मतदाताले मतपत्र प्राप्त गरी गोप्य कक्षमा गई मतदान गरिसकेपछि अनिवार्य रूपमा स्यानीटाईजर को प्रयोग गर्ने,
- कोरोना भाईरसबाट सङ्क्रमित भएको मतदाताले मतदानका लागि लाईनमा नबसी मतदान गर्ने व्यवस्था गर्ने,
- कोरोना भाईरसबाट सङ्क्रमित भएको मतदाताको मतदानको लागि छुट्टै गोप्य मतदान कक्षको व्यवस्था गरी सुरक्षित तवरबाट मतपत्र मतपेटिकामा खसाउने व्यवस्था गर्ने,
- मतदान स्थलमा अनावश्यक भिडभाड जम्मा हुन नदिन अनावश्यक मानिसहरूको प्रवेशलाई कडाईका साथ नियन्त्रण गरी मतदान गरिसकेका मतदातालाई तत्काल मतदान स्थलबाट बाहिर पठाउने ।

आयोगबाट हुने विभिन्न तहको निर्वाचनमा राष्ट्रिय सभा सदस्यको निर्वाचन र राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन व्यवस्थापनका दृष्टिले निकै सहज निर्वाचन हुन् । तसर्थ यी निर्वाचन सम्पन्न गर्न निर्धारण गरिने मापदण्ड र आममतदाताको सहभागिता रहने एवं मुलुक नै निर्वाचनमय हुने गाउँपालिका तथा नगरपालिका निर्वाचन र प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचनका लागि निर्धारण गरिने मापदण्ड फरक हुने हुनाले प्रत्येक निर्वाचनको लागि सोही निर्वाचन अनुकुल मापदण्ड निर्धारण गर्न आवश्यक हुन्छ। तसर्थ राष्ट्रिय, अन्तर्राष्ट्रिय अभ्यास र आयोगबाट तर्जमा भएको स्वास्थ्य सुरक्षा सम्बन्धी उल्लिखित मापदण्डसमेतको आधारमा मतदान केन्द्रमा प्रयोग हुने सामग्रीको किसिममा स्वास्थ्य सुरक्षासँग सम्बन्धित अनुसूची-३ बमोजिमका सामग्री थप गर्न आवश्यक देखिन्छ ।

निर्वाचन सामग्रीको प्रयोगमा समयानुकुल सुधार गर्दै जान आवश्यक हुन्छ। मतदान सामग्रीलाई प्रविधिमैत्री, मतदातामैत्री, व्यवस्थापनमा सहज र निर्वाचनको स्वच्छता कायम गर्ने दिशामा थप उपयोगी हुन सक्ने दृष्टिलेसमेत विश्लेषण गरी थपघट गर्दै जान आवश्यक हुन्छ। निर्वाचनमा कुनै एउटा नयाँ सामग्री थप हुनु भनेको त्यसको परलमोल मात्र नभइ त्यसको खरिद वा प्राप्ति, भण्डारण, जिल्ला अनुसार भाग लगाउने काम (Sorting), प्याकेजिङ (Packing), ढुवानी लगायतमा आवश्यक हुने स्रोत साधनको खर्चसमेत बढनु हो। तसर्थ सामग्री थपघट गर्नँपर्दा त्यसको उपादेयता र औचित्य पुष्टि हुन सक्ने कुरामा ध्यान दिनुपर्छ। यस सन्दर्भमा आयोगबाट २०७६ असोजमा स्वीकृत मतदान सामग्रीको मापदण्डमा परेका सामग्रीलाई पनि आवश्यकता एवं उपादेयताको आधारमा थपघट गर्न आवश्यक देखिएको छ।

आयोगबाट स्वीकृत हुँदा मतदाता नामावली र अनुसूची फाराम समावेश हुन छुट भएको देखिन्छ। यी दुवै सामग्री अत्यावश्यक मतदान सामग्री भएकोले थप गर्न जरुरी छ। यद्यपि निर्वाचन समीक्षाको क्रममा अनुसूची फारामको अत्यधिक प्रयोगलाई कम गर्ने गरी निर्देशिकाहरू संशोधन गर्ने सुझाव प्राप्त भएको विषयलाई निर्वाचन सम्बन्धी मौजुदा नियमावली, निर्देशिकाको संशोधन गर्दा ध्यानमा राख्न आवश्यक छ (निर्वाचन समीक्षा,२०७५, निर्वाचन आयोग, पृ.७३) यसै गरी स्वास्थ्य सुरक्षा र मतदाता शिक्षासँग सम्बन्धित जानकारीमूलक पोष्टरसमेत थप गर्न आवश्यक देखिन्छ।

मतदान सामग्रीको सूचीमा रहेका मध्ये पुस पिनको प्रयोग मूलत: भित्र, बाहिर, महिला, पुरुष आदि लेखिएका विभिन्न कार्डहरू एवं मतदाता शिक्षा सम्बन्धी जानकारीमूलक पोष्टरहरूलाई पिन गाडेर अड्याउने प्रयोजनको लागि हो। तर यस्ता कार्ड वा पोष्टरहरू या त गम (ग्लु) लगाएर टाँस्ने गरेको या डोरीमा टाँग्ने वा बाँसको पोलको चेपमा राखेर अड्याउने कुनै अरु उपायले अड्याएको गरेको पाइन्छ। तसर्थ यो सामग्री आवश्यक हुने देखिदैन। यसै गरी मतदान केन्द्रमा खटिने कर्मचारी र स्वयंसेवकहरूको परिचयपत्र पनि दुवैथरीलाई प्रयोग गर्न मिल्ने गरी तयार गर्न सकिन्छ। मतदान केन्द्रमा मतगणना नहुने अवस्थामा मतगणना कर्मचारी परिचयपत्रलाई मतदान सामग्रीमा समावेश गर्न आवश्यक रहदैन।

राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन निर्देशिका, प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका र स्थानीय तह निर्वाचन निर्देशिकाले, मतदान केन्द्र निर्माण गर्दा 'महिला', 'पुरुष' र 'अन्य' लिङ्गी मतदाताको अलग अलग पङ्तिको व्यवस्थाको लागि 'महिला', 'पुरुष' वा 'अन्य' लेखिएको कार्डबोर्ड झुण्ड्याइने वा टाँस्नेबारे उल्लेख गरेको छ राष्ट्रिय सभा सदस्य निर्वाचनको मतदान केन्द्रमा भने 'महिला', 'पुरुष' लेखिएका कार्डमात्र राख्नेबारे उल्लेख छ।

गाउँपालिका तथा नगरपालिका निर्वाचन एवं प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन प्रयोजनको लागि आयोगबाट तयार हुने मतदाता नामावलीमा महिला, पुरुष तथा तेस्रो लिङ्गी मतदाताको विवरण समेटिएको छ। सम्बन्धित शाखाबाट प्राप्त जानकारी अनुसार तेस्रो लिङ्गी मतदाताको कुल सङ्ख्या २०० भन्दा कम छ। सीमित मतदान केन्द्रमा मतदान गर्ने मतदाताका लागि लक्षित सामग्री अर्थात 'अन्य' लेखिएको कार्ड मुलुकभरका सबै मतदान केन्द्रमा पठाउन आवश्यक नरहेकोले 'अन्य' मतदाता रहेका मतदान केन्द्रमा मात्र त्यस्ता मतदाताका लागि छुट्टै पङ्तिको प्रबन्ध गर्न सकिने व्यवस्था गर्ने र ए फोर साइज (A4 size) को फोटोकपि पेपरमा हातैले 'अन्य' लेखेर झुण्ड्याउने टाँस्ने प्रबन्ध गर्नँ उपयुक्त हुने देखिन्छ। यद्यपि यसपूर्वका

निर्वाचनमा पनि 'अन्य' लेखिएको कार्ड छपाइ गरिएको भने देखिदैन ।

उल्लिखित विभन्न पक्षहरुलाई दृष्टिगत गर्दा आयोगबाट २०७७६२ मा स्वीकृत उपनिर्वाचन सञ्चालन आर्थिक कार्यविधि, २०७६ को अनुसूची-९ मा उल्लेख भएको मतदान सामग्रीमा पुनरावलोकन गरी अनुसूची-४ मा उल्लेख भए बमोजिम कुल ६२ किसिमका मतदान सामग्री कायम गर्न उचित हुने देखिन्छ ।

# १४. मतदान सामग्रीको वर्गीकरण

मतदान केन्द्रमा प्रयोग हुने सामग्रीलाई मूलतः यिनको संवेदनशिलताको आधारमा वर्गिकरण गर्ने अभ्यास छ । हाम्रो देशको सन्दर्भमा भने मतदान सामग्री प्रयोग हुने भौगोलिक क्षेत्र व्यापक भएपनि बजारमा विविधताको अभाव र बजारसमेत सीमित र सानो रहेको कारण उपलब्धताको आधारमासमेत वर्गीकरण गर्न सकिन्छ ।

## १४.१ संवेदनशिलताको आधारमा मतदान सामग्रीको वर्गीकरण

मतदान सामग्रीलाई त्यसको महत्त्व र संवेदनशिलताको आधारमा संवेदनशील र कमसंवेदनशील गरी दुई प्रकारमा वर्गीकरण गर्ने अभ्यास छ ।

संवेदनशील सामग्री मतदानको लागि अति आवश्यक र महत्त्वपूर्ण हुन्छन् । तिनको अभावमा मतदान कार्य सञ्चालन गर्न नै सकिदैन । मतदान पश्चात पनि तिनको सान्दर्भिकता सकिदैन । जस्तै मतदाता नामावलीमा कुनै गम्भीर त्रुटि भयो भने उक्त नामावलीको आधारमा मतदान कार्य सञ्चालन नै गर्न सकिदैन वा त्रुटिपूर्ण नामावलीको प्रयोग भएमा निर्वाचनको वैधता नै सङ्कटमा पर्छ । मत सङ्केत गर्न प्रयोग भएको छाप वा चिह्नको आकार, प्रकारमा थोरैमात्र तल माथि परे पनि मतगणनाको समयमा प्रश्न उठन सक्छ र यसको व्यवस्थापन निकै जटिल हुन्छ । हाम्रो मुलुकको सन्दर्भमा पनि विगतमा सम्पन्न कतिपय निर्वाचनमा यस्तो जटिलताको सामना गर्नु परेको अनुभव छ । मतपत्रमा प्रयोग भएका चिह्नहरू एकनासका देखिएनन् वा कुनै चम्किला र कुनै मधुरा देखिए भने पनि अनेकौं जटिलता उत्पन्न हुन्छन् । मतपत्रमा छाप लगाएको मसी समयमै सुकेन भने लतपतिएर मतपत्र नै रद्द हुन पुग्छ । मतपेटिका र सुरक्षण सिलको गुणस्तरमा प्रश्न उठ्यो भने त्यसको व्यवस्थापन उत्तिकै जटिल हुन्छ । अनुसूची फारामबाट प्रमाणित हुनुपर्ने व्यहोरमा कैफियत देखिए विवाद निरूपणको समयमा निर्वाचनको वैधतामाथि नै प्रश्न उठछ । निर्वाचन स्वच्छ, निष्पक्ष ढङ्गले सम्पन्न भएको कुरा कागज (अनुसूची फारामहरू) ले पनि पुष्टि गर्नु अनिवार्य हुन्छ । तसर्थ संवेदनशील सामग्रीको प्रभाव गम्भीर र दीर्घकालिन हुन्छ । यस्ता सामग्रीको खरिद, प्रप्ति, भण्डारण, ढुवानी, प्रयोग र निर्वाचन पश्चातको व्यवस्थापनमा समेत विशेष ध्यान पुर्याउन आवश्यक हुन्छ । निर्वाचन आयोगले मतदानका लागि नभइ नहुने मतपत्र, मतपेटिका, सुरक्षण सिल, स्वस्तिक छाप स्टयाम्प प्याड, मतदाता नामावली, मुचुल्का फारामहरू संवेदनशील सामग्री हुन् भनी उल्लेख गरेको छ (निर्वाचन प्रश्नोत्तर, २०७७ पृष्ठ ३०१) ।

मतदान कार्य सम्पन्न गर्न आवश्यक हुने तर मतदान कार्य नै प्रभावित भने नहुने खालका सामग्रीहरू कम संवेदनशील सामग्री हुन् । यस्ता सामग्रीको व्यवस्थापन उति जटिल हुँदैन । गुणस्तरमा हुने सानो तिनो अन्तरले उति गम्भीर प्रभाव पार्दैन । सामान्य खालका स्टेशनरी सामग्रीहरू, विभिन्न प्रकारका छपाइ

सामग्री, प्याकेजिङको लागि आवश्यक हुने सामग्रीहरू यसमा पर्छन् । (थप जानकारीको लागि हेर्नुहोस् (httpsM÷÷aceproject=org÷ace–en÷topics÷vo÷voc÷voc03÷voc03f) अनुसूची-४ बमोजिमका मतदान सामग्रीलाई संवेदनशीलताको आधारमा गरिएको वर्गीकरण अनुसूची -५ मा दिइएको छ।

## १४.२ उपलब्धताको आधारमा मतदान सामग्रीको वर्गीकरण

मतदानको व्यवस्थापन निर्वाचन व्यवस्थापन निकायको लागि नियमित काम भए पनि बजारका लागि भने यो निश्चित समयान्तरमा आउने अवसर हो। तर कार्यतालिकामा आधारित आवधिक निर्वाचनको अभ्यास नै बस्न नसकेको हाम्रोजस्तो मुलुकको बजारको लागि भने अनिश्चित, आकस्मिक रूपमा परिआउने अवसर हो । सामान्यत: अनिश्चित अवसरका लागि व्यवशायीहरूले आफ्नो स्रोत, साधन र समय खर्चिंदैनन् । तसर्थ हाम्रो मुलुकको मतदान सामग्रीको बजारको आकार र क्षमता निकै सानो एवं सीमित छ। मतदान केन्द्रमा प्रयोग हुने सामग्री मध्ये मतदाता नामावली र मतपत्रको छपाइ आयोगले आफ्नै प्रत्यक्ष निर्देशन र नियन्त्रणमा गर्दै आएको छ। अन्य सामग्रीहरूको छपाइ एवं खरिदमा भने सार्वजनिक र निजीक्षेत्रको संलग्नता रहदै आएको छ।

मतदान सामग्रीलाई उपलब्धताको आधारमा आन्तरिक बजारमा उपलब्ध हुन सक्ने सामग्री र बाह्य मुलुकका बजारमा निर्भर हुनुपर्ने सामग्री गरी दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ। मुलुकमा उद्योग, कारखानाको विस्तार वाञ्छित रूपमा भइनसकेकोले सामान्य प्रकृतिका स्टेशनरी सामग्री समेत मुलुकमा पर्याप्त मात्रामा आवश्यक गुणस्तरमा उत्पादन हुँदैनन् । तसर्थ यस्ता सामग्रीको मूल बजार पनि छिमेकी मुलुककै बजार हुन्। यद्यपि आपूर्तिकर्ताहरूले यस्ता सामग्रीहरू तुलनात्मक रूपमा थोरै समयावधि भित्रै व्यवस्थापन गर्न सक्ने भएकोले विगतदेखि नै स्वदेशका बजारमा उपलब्ध हुँदै आएका छन् या सहज ढङ्गले आपूर्ति हुँदै आएका छन् । मतदान केन्द्रमा प्रयोग हुनेमध्ये केही सामग्रीहरू जस्तै मतपेटिका, मतपेटिकामा लगाउने सुरक्षण सिल, मत सङ्केत गर्ने गोप्य कक्षमा राखिने रबर म्याट, गोप्य कक्ष निर्माण गर्न प्रयोग हुन पोलिमरको छेकाबारा, नमेटिने मसी भएको मार्कर, तापक्रम मापनको लागि प्रयोग हुने थर्मल गन (ल्यल ऋयलतबअतक त्जभचकयभतभच) आदि सामग्री स्वदेशमा उत्पादन हुँदैनन् । केही सामग्रीहरू जस्तै स्ट्याम्प प्याड र सोको मसी गुणस्तरको कारण स्वदेशको उत्पादनमा भर पर्न सकिने अवस्था छैन । यी सामग्रीको लागि वाह्य मुलुकका बजारमा निर्भर हुनुपर्ने अवस्था छ । आन्तरिक बजारको आकार सानो र बजारको विविधता समेत सिमित प्रकारको रहेकोले स्वदेशको बजारमा उपलब्ध हुने प्रकृतिका सामग्री पनि चाहिएको समयमा तोकिएको गुणस्तर र परिमाणमा उपलब्ध नभएमा ती सामग्रीको लागि पनि स्वभावत: वाह्य मुलुकका बजारमा भर पर्नुपर्ने अवस्था रहन्छ ।

आन्तरिक बजार मुख्यत: राजधानी र जिल्ला सदरमुकाम केन्द्रित छ। सबै जिल्ला सदरमुकामका बजार (स्थानीय बजार) को आकार र विविधता समान छैन। तसर्थ स्थानीय बजारमा उपलब्ध हुनसक्ने प्रकृतिका सामग्री पनि आवश्यक परिमाण र गुणस्तरमा उपलब्ध हुन नसक्ने अवस्थामा त्यस्ता सामग्रीको लागि प्रदेश राजधानीका बजार र त्यहाँ पनि उपलब्ध हुन नसकेमा सङ्घीय राजधानी वा विभिन्न स्थानका ठूला बजारमा निर्भर हुनुपर्ने हुन्छ ।

मतदान सामग्रीको गुणस्तरले निर्वाचनको स्वच्छता र विश्वसनियतालाई प्रत्यक्षरूपले प्रभावित पार्ने भएकोले

आन्तरिक वा वाह्य बजारबाट सामग्री व्यवस्थापन गर्दा सामग्रीको गुणस्तरमा विशेष ध्यान पुर्याउन आवश्यक हुन्छ । वाह्य बजारमा निर्भर हुनुपर्ने सामग्री र आन्तरिक रूपमा व्यवस्थापन गरिने एवं आन्तरिक बजार मा उपलब्ध हुनसक्ने सामग्रीको विवरण अनुसूची-६ मा दिइएको छ ।

## १५. मतदान सामग्री व्यवस्थापन गर्ने निकाय र खरिद प्रक्रिया

पहिलो संविधान सभा निर्वाचनदेखि नै मतदान सामग्रीको व्यवस्थापन निर्वाचन आयोग र जिल्लास्तरमा रहेका निर्वाचन कार्यालयहरूबाट हुँदै आएको छ । सामग्री व्यवस्थापनमा जिल्ला निर्वाचन कार्यालयहरूको क्षमता अभिवृद्धि गर्न स्थानीयस्तरमा उपलब्ध हुनसक्ने प्रकृतिका सामग्री खरिदको जिम्मेवारी जिल्ला निर्वाचन कार्यालयहरूलाई दिने नीति अनुरूप संविधान सभा सदस्य निर्वाचन,२०६४ मा ५ किसिमका (संविधान सभा सदस्य निर्वाचन प्रतिवेदन २०६३-२०६६, पृष्ठ १५१) , अर्को संविधान सभा सदस्य निर्वाचन २०७० मा १२ किसिमका (अर्को संविधान सभा सदस्य निर्वाचन २०७० तथा उपनिर्वाचन २०७१ को प्रतिवेदन, पृष्ठ ७४) र प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ मा १७ किसिमका (वार्षिक प्रतिवेदन, २०७४/७५, पृष्ठ ३६) सामग्री जिल्ला निर्वाचन कार्यालयबाट व्यवस्थापन गरिएको थियो ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएसँगै मुलुकमा सङ्घीय सरकार, सातवटा प्रदेश सरकार र ७५३ स्थानीय सरकार सञ्चालनमा छन् । प्रशासनिक संरचना र राजनीतिक दलहरूको सङ्गठन संरचना पनि यस अनुकुल पुनर्संरचित भएका छन् । निर्वाचनका सम्पूर्ण गतिविधिमा आमनागिरकको सहज पहुँचका लागि आयोगले आफ्नो प्रशासिनक संरचनालाई सङ्घीयता अनुकुल हुने गरी पुनर्संरचित गरेको छ। प्रदेश राजधानी रहेका सातवटा जिल्लाका निर्वाचन कार्यालयलाई प्रदेश निर्वाचन कार्यालयमा स्तरोन्नति गरिएको छ। बाँकी ७० जिल्लामा साविक बमोजिम जिल्ला निर्वाचन कार्यालयहरू सञ्चालनमा छन् । चालु आर्थिक वर्षको प्रारम्भमा सातवटै प्रदेश र ७५३ स्थानीय तहमा निर्वाचन सम्पर्क व्यक्ति (भभिअतयचबर्ि यअबा एभचकयल) तोकी आफ्नो सम्पर्क र समन्वय संयन्त्रलाई प्रदेश एवं पालिकास्तरसम्म संस्थागत रूपमै विस्तार गरेको छ। निर्वाचनलाई छिटो, छरितो, मितव्ययी र थप प्रभावकारी बनाउन मतदाता दर्ता, मतदाता शिक्षा, मतदाता परिचयपत्र वितरण, मतदान केन्द्रको पुनरावलोकन, जनशक्तिको क्षमता विकास, मतदान सामग्रीको व्यवस्थापन जस्ता निर्वाचन क्रियाकलापलाई स्थानीयकरण गर्दै लैजान आवश्यक छ। उल्लिखित सबै कार्य उत्तिकै महत्त्वपूर्ण छन्। अझ यसमध्ये मतदान सामग्री व्यवस्थापनको पाटो निकै बृहत् हुन्छ। यो कामलाई जिल्लास्थित निर्वाचन कार्यालयबाटै व्यवस्थापन गर्दा सामग्री व्यवस्थापन छिटो, छरितो, कम झण्झटिलो हुनुको साथै ढुवानीको लागि खर्च हुने ठूलो स्रोत साधनको बचत हुने देखिन्छ। यसबाट निर्वाचन कार्यालयहरूको क्षमता बृद्धि भई आयोगको संस्थागत क्षमता थप सुदृढ बनाउन समेत मद्दत पुग्ने देखिन्छ ।

२०७४ सालमा सम्पन्न विभन्न तहको निर्वाचनको समीक्षाको क्रममा ढुवानीलाई मितव्ययी बनाउन र सामग्री व्यवस्थापनको बृहत् पाटोलाई सरल बनाउन सामग्री खरिद र प्राप्तिमा विकेन्द्रीकरण हुनुपर्ने, सामान्य प्रकृतिका निर्वाचन सामग्री स्थानीयस्तरमा प्रदेश वा जिल्लास्तरमा नै छपाइ वा खरिद गर्ने व्यवस्था हुनुपर्ने समेतको सुझाव प्राप्त भएको (निर्वाचन समीक्षा, निर्वाचन आयोग २०७५, पृ.९३) छ । उल्लिखत पक्षहरूलाई दृष्टिगत गरी आगामी निर्वाचनदेखि संवेदनशील र स्थानीय तहमा सहज उपलब्ध नहुने वा भए पनि गुणस्तरमा एक रुपता कायम गर्न नसकिने एवं लागत प्रभावी नहुने खालका सामग्री बाहेकका सबै मतदान सामग्री जिल्लास्थित निर्वाचन कार्यालयहरूबाटै व्यवस्थापन गर्न उपयुक्त हुने देखिन्छ ।

मतदान सामग्री व्यवस्थापनमा ध्यानदिनु पर्ने प्रमुख विषय सार्वजनिक खरिदका लागि उपलब्ध कानुनी व्यवस्था हो। सार्वजनिक निकायले वस्तु तथा सेवाको खरिद गर्दा प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम गर्नं अनिवार्य हुन्छ। निर्वाचनको सन्दर्भमा वस्तु तथा सेवाको खरिद सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७४ ले विशेष व्यवस्था गरेको छ। यस ऐनको दफा ३८ मा निर्वाचन प्रयोजनको लागि आवश्यक वस्तु वा सेवा खरिद गर्दा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुन बमोजिम गर्नुपर्ने, तर तत्काल गर्नुपर्ने तोकिए बमोजिमका निर्वाचन सामग्री खरिद गर्दा वा सेवा प्राप्त गर्दा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुनको प्रक्रिया पूरा गर्न सम्भव नभएको अवस्थामा आयोगले आधार र कारण खुलाई छिटो माध्यमबाट वा सोझै बजारबाट मालसामान खरिद गर्न वा सेवा प्राप्त गर्न सकिने कानुनी व्यवस्था रहेको छ। यही ऐनको दफा २८ ले भैपरी रकमको खर्च स्वीकृत कार्यविधि बमोजिम गर्ने व्यवस्थामा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले आयोगको लागि बजेटमा छुट्याएको भैपरी आउने शीर्षक अन्तर्गतको रकमको खर्च नेपाल सरकार अर्थ मन्त्रालयको सहमतिमा आयोगले बनाएको कार्यविधिको आधारमा गर्नुपर्ने व्यवस्था गरेको छ। तसर्थ निर्वाचनको लागि वस्तु तथा सेवाको खरिदका लागि निर्वाचन आयोग ऐन,२०७४ को दफा ३८ को प्रयोग गर्दा पनि आयोगले निश्चित कार्यविधि तर्जुमा गर्न आवशेयक हुने देखिन्छ। जिल्लास्थित निर्वाचन कार्यालयहरुबाट व्यवस्थापन गरिने सामग्रीको हकमा पनि सामग्रीको किसिम, गुणस्तर, परिमाण, लागतको सीमा, कुनै जिल्लास्थित कार्यालयबाट कारणबस खरिद हुन नसकेको अवस्थामा वैकल्पिक प्रवन्धसमेतका विषयमा आयोगबाट कार्यविधि तर्जुमा गरी सोही आधारमा प्रचलित सार्वजनिक खरिद ऐन र नियमावलीले गरेको व्यवस्था बमोजिम गर्न आवश्यक हुने देखिन्छ।

सार्वजनिक निकायले बीस लाखभन्दा बढीको लागत अनुमान भएको मालसामान भए बोलपत्रबाट (सार्वजनिक खरिद नियमावलीको नियम ३१), बीसलाख सम्म लागत अनुमान भएको मालसमामान भए सिलबन्दी दर भाउपत्रबाट (उही,नियम ८४) र पाँच लाखसम्म लागत अनुमान भएको मालसामान भए सोझै (खरिद गर्न सक्ने (उही,नियम ८५) व्यवस्था गरेको छ। निर्वाचन सम्पन्न गर्न उपलब्ध समयको आधारमा सामग्री खरिदको लागि कुन खरिद प्रक्रिया छनोट गर्ने भन्ने विषय निर्क्योल गर्न आवश्यक हुन्छ।

आयोग अन्तर्गत प्रदेश निर्वाचन कार्यालयमा राजपत्राङ्कित द्वितीय श्रेणीको र जिल्ला निर्वाचन कार्यालयमा राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुख रहन्छन्। रा.प. तृतीय श्रेणीको कार्यालय प्रमुखले एक करोडसम्मको र रा.प. द्वितीय श्रेणीको कार्यालय प्रमुखले पाँच करोड सम्मको लागत अनुमान र क्रमश: तीन करोड र सात करोडसम्मको बोलपत्र स्वीकृत गर्न सक्ने व्यवस्था छ।

निर्वाचनको लागि जिल्लास्तरबाट व्यवस्थापन गर्नुपर्ने सामग्रीहरू विविध प्रकृतिका छन्। सीयो, धागो देखि कपडा र सामान्य स्टेशनरीदेखि छपाइ सामग्री एवं स्वास्थ्य सुरक्षासँग सम्बन्धित सामग्री छन्। सामग्री खरिदलाई बढी सहज र प्रतिस्पर्धी बनाउन सार्वजनिक खरिद कानुन बमोजिम यस्ता सामग्रीलाई तिनको प्रकृति अनुसार समूहीकृत गरी उपलब्ध समयसीमा र बस्तुको लागत अनुमानको आधारमा बोलपत्र वा दर भाउपत्र वा सोझै खरिद गरी व्यवस्थापन गर्नुपर्छ।

सार्वजिनक खरिद ऐनको दफा ४१ (घ३) ले विशेष परिस्थितिमा सोझै खरिद गर्न सकिने व्यवस्था गरेको भए पनि ऐनको दफा २ को खण्ड (ढ) को परिभाषाले 'निर्वाचन' लाई समेटेको देखिदैन।

### १५.१ निर्वाचन आयोगबाट व्यवस्थापन गनुपर्ने  सामग्री

सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुन,  उपलब्ध हुनसक्ने समय सीमा, सामग्रीको उपलब्धता, संवेदनशिलता एवं खरिद क्षमतासमेतलाई दृष्टिगत गर्दा  मतपेटिका, सुरक्षण सिल, रबर म्याट, छेकाबारा लगायतका वाह्य मुलुकका बजारमा निर्भर हुनुपर्ने सामग्री,  मतपत्र, धेरै परिमाणमा छपाइ गर्नुपर्ने ऐन, नियम, निर्देशिका, पोलबुक, स्वास्थ्य सुरक्षासँग सम्बन्धित सामग्रीमध्ये धेरै परिमाण आवश्यक पर्ने भएकोले सहज उपलब्ध हुनसक्ने सम्भावना कम रहेको तापक्रम मापन गर्ने उपकरण थर्मल गन (Non contacts thermometer) फेस सिल्ड, जिल्लास्तरका बजारमा एकै पटक धेरै परिमाणमा उपलब्ध नहुने खालका लाहा, मैनबत्तीसमेत अनुसूची-७  बमोजिमका २१ किसिमका मतदान सामग्रीहरू निर्वाचन आयोगबाट व्यवस्थापन गर्न आवश्यक हुने देखिन्छ ।

### १५.२ निर्वाचन कार्यालयहरूबाट व्यवस्थापन गर्नुपर्ने सामग्री

आयोगले व्यवस्थापन गर्ने बाहेकका र स्थानीय बजारमा सहजै प्राप्त हुनसक्ने प्रकृतिका अनुसूची-८ बमोजिमका ४१ प्रकारका मतदान सामग्रीहरू आयोगबाट स्वीकृत मापदण्ड, गुणस्तर र लागतको सीमाभित्र रही प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम निर्वाचन कार्यालयहरूबाट खरिद गर्न उपयुक्त हुने देखिन्छ ।

## १६. सामग्री व्यवस्थापनको लागि संस्थागत व्यवस्था

निर्वाचन आयोगबाट सम्पन्न गरिने निर्वाचन मध्ये गाउँपालिका तथा नगरपालिका निर्वाचन र प्रतिनिधि तथा प्रदेश सभा सदस्यको निर्वाचनका लागि ठूलो परिमाणमा सामग्री व्यवस्थापन गर्न आवश्यक हुन्छ । अरु निर्वाचनका लागि मतपत्र बाहेकका अधिकांश सामग्री यी निर्वाचनमा खरिद भई जगेडामा रहने परिमाणबाटै व्यवस्थापन गर्न सकिन्छ । विगतमा यही अभ्यास अवलम्बन गर्दै आइएको छ ।

निर्वाचनको लागि आवश्यक वस्तु तथा सेवाको खरिद गर्दा सामान्यत: सार्वजनिक खरिद कानुन बमोजिम गरिन्छ । तर प्रचलित सार्वजिनक खरिद सम्बन्धी कानूनको प्रक्रिया पूरा गर्न सम्भव नभएको अवस्थामा आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी छिटो माध्यमबाट वा सोझै बजारबाट मालसामान खरिद  वा सेवा प्राप्त गर्दै आएको छ । निर्वाचन आयोग ऐन,२०७३ को दफा ३८ बमोजिम सामग्री व्यवस्थापन गर्नुपर्ने अवस्थामा आयोगबाट निर्णय भए बमोजिम गरिने भएकोले सामग्री व्यवस्थापनको योजना तयारी, सञ्चालन, सुपरीवेक्षण, अनुगमन र निरीक्षणको लागि आवश्यकतानुसार निर्वाचन आयुक्त एवं सचिव, सहसचिवको संयोजकत्वमा समिति, उपसमिति गठन गरी व्यवस्थापन गर्दै आइएको पाइन्छ (निर्वाचन आयोगको वार्षिक प्रतिवेदन २०७४/७५ पृ. ३३) यस प्रकारको व्यवस्थाले सामग्री व्यवस्थापन कार्य र सोको सुपरीवेक्षण, अनुगमनलाई छिटो, छरितो र प्रभावकारी बनाएको अनुभव रहेको छ ।

# १८. सामग्रीको परिमाण एवं लागतको अनुमान,प्राप्ति र ढुवानी

मतदान सामग्री व्यवस्थापनलाई प्रभावकारी बनाउन मुख्यत: कानुनी एवं नीतिगत व्यवस्था के के छन् ? प्रत्येक मतदान केन्द्रको लागि कुन कुन सामग्री कति परिमाणमा आवश्यक पर्छ भन्ने कुरामा ध्यान दिनुपर्छ। मतदान सामग्रीको प्रयोग मतदान केन्द्रगत रूपमा हुने भएकोले कुन निर्वाचनको लागि प्रत्येक मतदान कुन कुन सामग्री कति परिमाणमा आवश्यक हुन्छ र जगेडा प्रयोजनको लागि कति चाहिन्छ निर्क्योल गरी मतदान केन्द्रगत दरबन्दी तोक्नु आवश्यक हुन्छ। यसो भएपछिमात्र कुल परिमाण यकिन गर्न सकिन्छ।

मतदान केन्द्रमा चाहिने सामग्री अनुमान गर्दा कुन सामग्रीको प्रयोजन के हो भन्ने विषयमा विशेष ध्यान दिन आवश्यक हुन्छ। जस्तै मतदान केन्द्रमा पठाउनु पर्ने सोसर र रुलरको प्रयोजन मतपत्र दिने व्यक्तिले मतपत्र गणना गर्न वा प्याडबाट पाना, पाना छुट्याएर दिनुपर्दा औंलामा पानी लगाएर सहजतापूर्वक गर्न सकोस र रुलरको मद्दतले अधकट्टिबाट छुट्याएर दिन सकोस भनेर गरिएको हो। यी सामग्रीको मतदान केन्द्रगत दरबन्दी कायम गर्दा मुख्यत: कति ठाउँबाट मतपत्र दिन आवश्यक हुन्छ भन्ने पक्षमा ध्यान दिनु पर्छ। जस्तै गाउँपालिका तथा नगरपालिका निर्वाचनको लागि एक ठाउँबाट मात्र मतपत्र दिने भएकोले एक थान रुलर भए पुग्छ भने प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन र राष्ट्रिय सभाको निर्वाचनमा चार ठाउँबाट मतपत्र दिनुपर्ने भएकोले चार थान आवश्यक हुन्छ। गाउँ/नगर कार्यपालिका निर्वाचनमा दुई ठाउँबाट मतपत्र दिने भएकोले दुईथान आवश्यक हुन्छ। यसै गरी सामग्रीको कुल परिमाण अनुमान गर्दा मतदान क्न्द्रको लागि अनुमान गरिएको सामग्रीमा आयोग र जिल्लास्तरमा राख्नु पर्ने जगेडा सामग्रीको परिमाण कति आवश्यक हुन्छ भन्नेमा ध्यान पुर्याउन आवश्यक हुन्छ। जगेडा सामग्री अनुमान गर्दा प्याकेजिङ, ढुवानी र वितरणको क्रममा हुनसक्ने नोक्सानी, दूर्घटना वा दैवी प्रकोपका कारण केही परिमाण नोक्सान भएको अवस्थामा समेत मतदान कार्य सुचारु गर्न सकिने गरी अनुमान गर्नुपर्छ।

जगेडा सामग्रीको अनुमान गर्ने सन्दर्भमा प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन २०७४ मा ३० प्रतिशत सामग्री जगेडा राखिएको देखिन्छ (निर्वाचन आयोगको वार्षिक प्रतिवेदन २०७४/७५ पृ. ३३ र ३४)। सामग्री नोक्सान भएको अवस्थामा तत्काल थप सामग्री व्यवस्थापन गर्न नसकिने र गर्न सकिने अवस्थामा पनि पुन: ढुवानी गर्नुपर्ने हुँदा त्यसबाट बढने लागत जगेडा सामग्रीको तुलनामा बढी हुन्छ। यही कारणले विगतदेखि नै सामग्री अनुमान गर्दा पर्याप्त जगेडा रहने गरी अनुमान गर्ने अभ्यास अवलम्बन गर्ने गरेको पाइन्छ।

गाउँपालिका तथा नगरपालिका निर्वाचन र प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन जुन अगाडि हुन्छ सो निर्वाचनको लागि खरिद भई मौज्दातमा रहने सामग्री त्यसपछि हुने निर्वाचनमा प्रयोग हुने भएकोले अघि सम्पन्न हुने निर्वाचनको लागि सामग्री अनुमान गर्दा करिब २० प्रतिशत र पछि हुने निर्वाचनका लागि करिब १० प्रतिशत सामग्रीमात्र जगेडा रहने गरी अनुमान गर्नु उपयुक्त हुन्छ। यद्यपि सामग्रीको प्रकृति र परिमाण अनुसार जगेडा प्रतिशत घटी बढी गर्नु बाञ्छनीय हुन्छ। जस्तै स्टेशनरी २० प्रतिशत जगेडा आवश्यक भए पनि टिनका बाकस वा बोरा त्यति परिमाणमा आवश्यक नहुन सक्छन्। सामग्रीको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावलीको परिच्छेद-२ ले गरेका व्यवस्थालाई ध्यान दिनुपर्छ। मतदान केन्द्रमा पठाउनु पर्ने सामग्री अलग अलग प्रकृतिका छन्। सामग्रीको प्रकृति र प्रयोजन एकै भए

पनि तिनको रङ्ग र उल्लेख गरिने विवरण फरक फरक छन्। उदाहरणको लागि मतपेटिकामा टाँस्ने स्टीकर लाई लिउँ, गाउँपालिका तथा नगरपालिका निर्वाचनमा मतपेटिकामा मतदान केन्द्रको नाम, गाउँपालिका वा नगरपालिकाको नाम, वडा नम्बर तथा मतपेटिकाको क्रम उल्लेख भएको स्टीकर टाँस्नु पर्ने व्यवस्था रहेको छ तर रङ्ग उल्लेख छैन। अरु सबै तहका निर्वाचन (राष्ट्रपति तथा उपराष्ट्रपति, राष्ट्रिय सभा, प्रतिनिधि सभा तथा प्रदेश सभा ) को लागि स्टीकरको रङ्ग कस्तो हुने र कुन कुन विवरण उल्लेख गर्नुपर्ने भन्ने बारे उल्लेख छ। २०७४ सालमा सम्पन्न प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा तीनवटा अलग अलग मतपत्र र मतपेटिकाको प्रयोग भएकोले निर्देशिकामा तीन प्रकारका स्टीकरबारेमात्रै उल्लेख छ। आगामी निर्वाचनमा चारवटा मतपत्र र चारवटा मतपेटिका प्रयोग हुने अवस्थामा स्टीकर पनि चार प्रकारकै छपाइ गर्नुपर्ने भएकोले तदनुरुप निर्देशिकामा संशोधन गर्न आवश्यक हुन्छ। स्टीकर छपाइ गर्दा यी सबै पक्षमा ध्यान राख्न आवश्यक छ। मतदान सामग्रीको महत्व र संवेदनशिलता पनि अलग अलग छ। तसर्थ सबै प्रकारका सामग्रीको व्यवस्थपनमा एकै प्रकारको विधि र प्रक्रिया अवलम्बन गर्न सकिदैन। तसर्थ देहायका मतदान सामग्रीको व्यवस्थापन गर्दा निम्न विषयहरूमा ध्यान दिन आवश्यक छः-

## १७.१ मतदाता नामावली

१. आयोगबाट सम्पन्न गरिने विभिन्न तहको निर्वाचनको लागि मतदाता नामावली तयारबारे तत् तत् निर्वाचन निर्देशिकाहरूमा विभिन्न व्यवस्था भएको छ मतदाता नामावलीको छपाइ आयोगको छापाखानामा गर्दै आइएको छ।

२. मतदाता नामावली सामान्यतः ८० जीएसएमको सेतो रङ्गो फोटोकपि पेपरमा छपाइ गरिन्छ

३. मतदाता नामावली छपाइ गर्दा मतदान केन्द्रगत रूपमा गर्नुपर्छ।

४. गाउँपालिका तथा नगरपालिका निर्वाचन र प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनको लागि मतदाता नामावली छपाइ गर्दा दुई प्रति रङ्गीन र चार प्रति श्याम श्वेत रङ्मा गरी कुल छ प्रति छपाइ गर्नुपर्छ।

५. छ प्रति मतदाता नामावली मध्ये मतदान केन्द्रको प्रयोजनको लागि एकप्रति रङ्गीन र एक प्रति श्याम श्वेत गरी दुई प्रति, निर्वाचन अधिकृतको कार्यालयको लागि एक प्रति रङ्गीन, निर्वाचन कार्यालयको प्रयोजनको लागि एक प्रति, मतदाता शिक्षा प्रयोजनको लागि एक प्रति राजनीतिक दल र उम्मेदवारले फोटोकपि गरी लैजाने प्रयोजनको लागि एक प्रति प्रयोग हुन्छ।

६. मतदाता नामावली निर्वाचन कार्यालयमा पठाउँदा निर्वाचन क्षेत्रगत (गाउँपालिका तथा नगरपालिका निर्वाचनको हकमा गाउँपालिका वा नगरपालिका, प्रदेश सभा तथा प्रतिनिधि सभाको हकमा प्रदेश सभा निर्वाचन क्षेत्र अनुसार ) पठाउनु पर्छ।

७. निर्वाचन अधिकृतको कार्यालय स्थापना हुनेभन्दा कम्तीमा अघिल्लो दिनसम्ममा मतदाता नामावली सम्बन्धित निर्वाचन कार्यालयमा पुगिसक्ने गरी पठाउनु पर्छ।

८. मतदाता नामावली छपाइ योजना तर्जुमा गर्दा कागजको परिमाण, छपाइ मेशिनको मर्मत सम्भार, टोनर लगायतका आवश्यक एसेसरिज (ब्अअभककयचष्भक) को प्रबन्ध, नामावली छपाइ, रुजु, बाइण्डिङ, प्याकिङको लागि जनशक्ति विकास र परिचालन एवं ढुवानी प्रबन्ध समेतलाई समेटी तर्जुमा गर्न आवश्यक हुन्छ।

९. मतदाता नामावली छपाइको कार्यलाई छिटो, छरितो र लागत प्रभावी बनाउन यसको संवेदनशिलता र सुरक्षालाई अक्षुण्ण राखी सरकारी/ निजी स्वामित्वका अन्य छापाखानाको स्रोत, साधनको

प्रयोग गर्न सकिने सम्भावनाबारे पनि ध्यान दिन उयपुक्त हुने देखिन्छ ।

## १७.२ मतपत्र व्यवस्थापन

१. आयोगबाट सम्पन्न गरिने निर्वाचनमध्ये राष्ट्रपति र उपराष्ट्रपति, सङ्घीय संसद, प्रदेश सभा र स्थानीय तह अन्तर्गत गाउँपालिका तथा नगरपालिका निर्वाचनको लागि छपाइ गरिने मतपत्रको व्यवस्थापन निर्वाचन आयोगबाट हुन्छ ।

२. गाउँ/नगर कार्यपालिकाको निर्वाचन र जिल्ला समन्वय समितिको निर्वाचनको लागि मतपत्र व्यवस्थापन गर्ने कार्य सम्बन्धित जिल्लाको मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट हुने व्यवस्था छ ।

३. मतपत्र व्यवस्थापन कार्यको समन्वय एवं रेखदेख, सुपरीवेक्षण र अनुगमनको लागि सम्बन्धित विषय हेर्ने निर्वाचन आयुक्तको संयोजकत्वमा एक समिति र सम्बन्धित महाशाखा प्रमुखको संयोजकत्वमा एक उपसमिति रहने अभ्यास छ। यही समितिको प्रत्यक्ष निर्देशन एवं आवश्यकतानुसार विज्ञ, डिजाइनरको सहयोगमा मतपत्रको ढाँचा तयार गर्ने र डिजाइन गर्ने काम हुन्छ । मतपत्र व्यवस्थापनको लागि गरिने यस प्रकारको संस्थागत व्यवस्थाले मतपत्र व्यवस्थापन कार्यलाई प्रभावकारी र सहज बनाएको अनुभव भएको छ ।

४. राष्ट्रपति, उपराष्ट्रपति, राष्ट्रिय सभा, प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनको लागि छपाइ गरिने मतपत्रमा रहने निर्वाचन चिह्न, अन्य विवरण र रङ्गसमेतकोबारे सम्बन्धित निर्वाचन निर्दशिकामा उल्लेख भएको छ। तर गाउँपालिका तथा नगरपालिका निर्वाचनको हकमा भने यस्तो स्पष्ट व्यवस्था छैन । २०७४ सालमा सम्पन्न गाउँपालिका तथा नगरपालिका निर्वाचनको मतपत्रमा रहने निर्वाचन चिह्न र विवरणहरू आयोगको निर्णयानुसार सेतो कागजमा सेतै पृष्ठभमिमा नीलो मसीले छपाइ गरिएको थियो (नेपालको निर्वाचन इतिहास-२, २०७८, निर्वाचन आयोग, पृ.३५४)।

५. मतपत्र छपाइबारे कानुनमा स्पष्ट व्यवस्था भएको अवस्थामा सोही अनुसार र अन्यथा मतपत्रको ढाँचा, मापदण्ड, छपाइ गर्नुपर्ने सङ्ख्या, मतदान केन्द्रमा पठाउनु पर्ने सङ्ख्या एवं ढुवानी व्यवस्थापन समेतका विषयमा आयोगबाट हुने निर्णय बमोजिम गरिन्छ ।

६. राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनको मतपत्रमा उम्मेदवारको नाम वर्णानुक्रममा राखी छपाइ गरिन्छ । निर्वाचक मण्डलमा रहेका सङ्घीय संसदका सदस्य र प्रदेश सभाका सदस्यको मतभार फरक फरक रहेकोले दुवैथरी सदस्यले मतदान गर्ने प्रयोजनको लागि अलग अलग मतपत्र रहन्छन्। सङ्घीय संसदका सदस्यले मतदान गर्ने मतपत्र सेतो रङ्गको कागजमा हरियो रङ्गको मसीले विवरण उल्लेख गरी र प्रदेश सभा सदस्यले मतदान गर्ने मतपत्र सेतो रङ्गको कागजमा रातो रङ्गको मसीले विवरण उल्लेख गरी छपाइ गरिन्छ ।

७. राष्ट्रिय सभामा महिला, दलित, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदाय र अन्य समूह गरी चारवटा समूहबाट सदस्यहरु निर्वाचित हुने भएकोले समूहगत रुपमा चार प्रकारका मतपत्र छपाइ हुन्छन् । स्थानीय तहका सदस्य र प्रदेश सभाका सदस्यको मतभार फरक फरक रहेकोले अलग अलग मतपत्र छपाइ गरिन्छ । मतपत्रमा उम्मेदवारको नाम र निर्वाचन चिह्न रहन्छ ।

८. राष्ट्रिय सभामा सङ्घीय संसदका सदस्यले मतदान गर्ने मतपत्रमा छापिने विवरण तथा निर्वाचन चिह्न सेतो रङ्गको कागजमा हरियो रङ्गको मसिले र प्रदेश सभाका सदस्यले मतदान गर्ने मतपत्रमा

छापिने विवरण तथा निर्वाचन चिह्न सेतो रङ्गको कागजमा रातो रङ्गको मसिले छपाइ गरिन्छ ।

९. प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका २०७४ मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचनको लागि कागजको छुट्टा छुट्टै पानामा तथा समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचनको लागि कागजको एउटै पानामा मतपत्रको व्यवस्था गरिने उल्लेख छ ।

१०. सम्मानीत सर्वोच्च अदालतको २०७४ कार्तिक १ र ८ गतेको आदेश अनुसार आगामी निर्वाचनमा दुवै सभाको दुवै प्रणालीका मतपत्र अलग अलग पानामा छपाइ गर्नुपर्ने अवस्था छ ।

*(२०७४ सालमा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली तर्फको दुईवटा मतपत्र एउटा पानामा र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको दुईवटा मतपत्र एउटा पानामा छपाइ गर्ने गरी भएको आयोगको निर्णय विरुद्ध सम्मानित सर्वोच्च अदालतमा परेको रिटबारे २०७४ कार्तिक १ र ८ गते भएको आदेश अनुसार समानुपातिक प्रणाली तर्फको मतपत्र छपाइ भइसकेको अवस्थामा अर्को छपाइ गर्नु नपर्ने तर पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको मतपत्र अलग अलग पानामा छपाइ गर्नुपर्ने अवस्था भई आयोगको २०७४ कार्तिक १२ गतेको निर्णयानुसार तदनुरूप अलग अलग छपाइ भएको थियो। यसरी प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनको लागि तीनवटा पानामा छापिएका चारवटा मतपत्रको प्रयोग भएको थियो । मतदान केन्द्रमा तीनवटा मतपेटिका र सोको आधारमा आवश्यक परिमाणका अरु सामग्रीहरू प्रयोग भएका थिए) (वार्षिक प्रतिवेदन,२०७४।७५ पृ. २२२ र २२३ ) ।*

११. प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचनको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ गर्दा क्रमश: सेतो पृष्ठभूमिमा हरियो रङ्मा र सेतो पृष्ठभूमिमा कालो रङ्मा छपाइ गरिन्छ (प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य उपनिर्वाचन निर्देशिका,२०७६ दफा ५८) ।

१२. २०७४ सालमा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन,२०७४ मा दुवै सभाका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र कागजको एउटै पानामा सेतो रङ्को पृष्ठभूमिमा रातो मसीले छपाइ गरिएको थियो। आगामी निर्वाचनमा दुवै सभाका लागि अलग अलग पानामा मतपत्र छपाइ गर्नुपर्ने अवस्थामा कुन सभाको मतपत्र कस्तो रङ्गमा छपाइ गर्ने भन्नेबारे निर्देशिकामा आवश्यक व्यवस्था गर्नुपर्ने वा आयोगबाट निर्णय हुनुपर्ने रहेको छ

१३. प्रतिनिधि सभाका लागि १६५ प्रकारका पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फका र एउटा समानुपातिक प्रणाली तर्फको गरी १६६ प्रकारका र प्रदेश सभाका लागि ३३० प्रकारका पहिलो हुने निर्वाचित हुने प्रणाली तर्फका र सातवटा समानुपातिक प्रणाली तर्फका गरी ३३७ प्रकारका मतपत्र आवश्यक हुन्छन् ।

१४. गाउँपालिका र नगरपालिकाको निर्वाचनमा विभन्न सात पदको लागि छ वटा मतपत्र छपाइ गर्नुपर्छ। यी मतपत्र कागजको एउटै पानामा छपाइ गरिन्छन् ।

१५. मतपत्र छपाइको कार्य साविकदेखि नै जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा हुँदै आएको छ ।

१६. जनक शिक्षा सामग्री केन्द्रमा निर्वाचन आयोगबाट समय समयमा हस्तान्तरण गरिएका विभिन्न

छपाइ मेशिन, कटिङ मेशिन, नम्बरिङ मेशिन लगायतका उपकरणहरू रहेका छन् (अर्को संविधान सभा सदस्य निर्वाचन २०७० तथा उपनिर्वाचन २०७१ को प्रतिवेदन पृ.३९१-३९३। यी मेशिनहरू केन्द्रले नै प्रयोग गर्दै आएको छ । छपाइमा आयोगलाई प्राप्त हुने छुटबारे आयोग र केन्द्रबिच एक सहमतिपत्रमा हस्ताक्षर समेत भएको छ ।

१७. २०७४ सालमा निर्वाचन आयोगमा नै अत्याधुनिक छपाइ मेशिन जडान भएपछि राष्ट्रिय सभा सदस्यको निर्वाचन तथा राष्ट्रपति निर्वाचनको मतपत्र आयोगकै छापाखानामा छपाइ भएको थियो । तदुपरान्त राष्ट्रिय सभा सदस्यको निर्वाचनको मतपत्र आयोगबाटै छपाइ हुँदै आएको छ ।

१८. मतपत्र छपाइको लागि उपलब्ध पूर्वधार, जनशक्ति, क्षमता, सुरक्षा एवं गोपनीयता र सहज खरिद प्रक्रियाको कारण आयोगको छापाखानामा छपाइ गर्न नसकिने खालका मतपत्र साविक बमोजिम जनक शिक्षा सामग्री केन्द्र लि. मा छपाइ गर्नु उपयुक्त हुन्छ ।

१९. मतपत्र छपाइको तयारी, छपाइ मेशिनको मर्मत सम्भार, जनशक्ति व्यवस्थापन, भण्डार स्थलको प्रबन्ध आदिको लागि जनक शिक्षा सामग्री केन्द्रलाई पनि पर्याप्त समय आवश्यक हुने भएकोले निर्वाचनको मिति तोकिएपश्चात सकभर छिटो जनक शिक्षा सामग्री केन्द्रमा मतपत्र छपाइ गर्नेबारे नीतिगत निर्णय लिई आवश्यक तयारीको लागि केन्द्रलाई लेखी पठाउनुपर्छ ।

२०. मतपत्र छपाइको तयारीको लागि लेखी पठाए लगत्तै मतपत्रको स्पेशिफिकेशन तयार गरी सोको आधारमा केन्द्रबाट लागत अनुमान लिने लगायतको खरिद प्रक्रिया अगाडि बढाउनु पर्छ । मतपत्र छपाइ गर्ने मसी (आयोगले तोकिदिएको रङ र मापदण्ड बमोजिमको), मतपत्र प्याकिङ् गर्ने प्लाष्टिकको थैला, कागजको कार्ड बोर्डको प्रबन्ध जनक शिक्षा सामग्री केन्द्रबाट नै गर्ने अभ्यास छ ।

२१. छपाइ गर्नुपर्ने मतपत्र सङ्ख्या र दैनिक रूपमा छपाइ गर्न सकिने सङ्ख्या समेतलाई दृष्टिगत गरी जनक शिक्षा सामग्री केन्द्रसँगको समन्वयमा मतपत्र छपाइ योजना तयार गर्नुपर्छ ।

२२. छपाइ गर्न आवश्यक मतपत्रको सङ्ख्या यकिन गर्दा ढुवानी र वितरणको क्रममा हुन सक्ने नोक्सानी र पुनः मतदान हुने अवस्थाको लागि चाहिने सङ्ख्या समेतलाई दृष्टिगत गरी गर्नुपर्छ । प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन २०७४ मा प्रदेश सभा निर्वाचन क्षेत्रको कुल मतदाता सङ्ख्यामा १२ प्रतिशत थप गरी हुन आउने सङ्ख्यामा छपाइ गरिएको थियो । तर कुल मतदाता १५००० सम्म भएका जिल्लामा भने अर्को १००० मतपत्र थप छपाइ गरी पठाइएको थियो (नेपालको निर्वाचन इतिहास-२, निर्वाचन आयोग, २०७८ पृ. १०१।

२३. निर्वाचन अधिकृतको कार्यालयबाट मतदान अधिकृतलाई मतपत्र उपलब्ध गराउँदा मतपत्र वितरणको क्रममा हुनसक्ने नोक्सानी समेतलाई ख्यालमा राखी वास्तविक मतदाता सङ्ख्यामा केही मतपत्र थप गरी उपलब्ध गराउनु पर्छ । २०७४ सालमा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचनमा मतदान अधिकृतलाई मतपत्र उपलब्ध गराउँदा वास्तविक मतदाता सङ्ख्यामा ३ (तीन) प्रतिशत थप गरी हुन आउने सङ्ख्यालाई नजिकको पचासको सङ्ख्यामा पुर्याई वितरण गरिएको थियो (उही, पृ.९३ र१०१)

२४. गाउँपालिका तथा नगरपालिका निर्वाचनमा प्रत्येक जिल्लाको कुल मतदाता सङ्ख्यामा १५ प्रतिशत थप गरी कायम हुन आएको सङ्ख्यालाई नजिकको हजारको सङ्ख्यामा परिणत गरी हुन आउने सङ्ख्याका मतपत्र छपाइ गरिएको थियो (नेपालको निर्वाचन इतिहास-२, निर्वाचन आयोग, २०७८ पृ.३५४ र ३५६।

२५. गाउँपालिका तथा नगरपालिका निर्वाचनको लागि जिल्लामा मतपत्र पठाउने सम्बन्धमा, निर्वाचनमा जिल्लामा भाग लिने राजनीतिक दल र स्वतन्त्र उम्मेदवारहरूको सङ्ख्या आंकलन गरी कुन जिल्लामा कुन ढाँचाको कति मतपत्र पठाउने भन्नेबारे मतपत्र व्यवस्थापन र आधिकारिकता निर्धारण समितिबाट भएको निर्णयानुसार गरिएको थियो (उही पृ. ३६५)

२६. २०७४ सालमा सम्पन्न निर्वाचनमा प्रतिनिधि सभा र प्रदेश सभाको मतपत्र छपाइको लागि कुल ३५ कार्य दिन र गाउँपालिका तथा नगरपालिकाको मतपत्र छपाइ गर्न २२ कार्यदिन लागेको थियो (निर्वाचन समीक्षा पृ. ९३ )। आगामी निर्वाचनमा प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन एकैसाथ हुने अवस्थामा समेत चारवटा मतपत्र अलग अलग पानामा छपाइ गर्नुपर्ने भएकोले यसको लागि कम्तीमा ४० देखि ४२ कार्यदिन लाग्न सक्ने देखिन्छ ।

२७. स्थानीय तह निर्वाचनमा उम्मेदवारलाई प्रदान गरिने निर्वाचन चिह्नबारे स्थानीय तह निर्वाचन ऐन,२०७३ को दफा २६ मा विभिन्न व्यवस्था रहेको छ। निर्वाचन चिह्न प्रदान गरेपछिमात्र मतपत्र छपाइ प्रारम्भ गर्दा उपलब्ध समय सीमाभित्र मतपत्र छपाइ गरी ढुवानी गर्न संभव हुँदैन। तसर्थ निर्वाचन प्रयोजनको लागि राजनीतिक दल दर्ताको प्रक्रिया पूरा हुनासाथ मतपत्र छपाइ प्रारम्भ गरि हाल्नुपर्छ। राजनीतिक दल दर्ता गर्दा नै कुन राजनीतिक दलले कुन कुन जिल्लामा भाग लिने हो सोको विवरण समेत लिई तदनुरूप मतपत्र छपाइ गर्न सकिन्छ। २०७४ सालमा सम्पन्न निर्वाचनको समयमा यही अभ्यास अवलम्बन भएको अनुभव छ ।

२८. प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा समानुपातिक प्रणालीतर्फको मतपत्र छपाइ गर्ने काम निर्वाचन प्रयोजनको लागि राजनीतिक दल दर्ताको प्रक्रिया पूरा हुनासाथ प्रारम्भ गर्नुपर्छ।

२९. मतपत्र छपाइ जोखिम लिन सकिने विषय नरहेकोले प्रत्येक दिन ज्यादै महत्त्वपूर्ण हुन्छ। तसर्थ राजनीतिक दल दर्ताको प्रक्रियाले पूर्णता पाउनासाथ मतपत्र छपाइ प्रारम्भ गर्न सक्ने गरी खरिद संझौता लगायतका सम्पूर्ण तयारी पूरा गर्ने गरी तयारीलाई अगाडि बढाउनु पर्छ।

३०. छपाइ कार्यको सुपरीवेक्षणको लागि आयोगको तर्फबाट आवश्यक सङ्ख्यामा प्राविधिक जनशक्ति परिचालन गर्नुपर्छ।

३१. मतपत्र छपाइ गर्ने कागजको खरिद र प्राप्ति निकै संवेदनशील हुन्छ। मतपत्र छपाइ गर्ने कागजको जीएसएम र गुणस्तर निर्धारण गर्दा छपाइ गरिने मेशिनको लागि उपयुक्त हुने, छाप लगाइएको मसी छिट्टै सुक्ने, छपाइको क्रममा नच्यातिने जस्ता प्राविधिक पक्षमा ध्यान दिन आवश्यक हुन्छ। कागजको स्पेशिफिकेशन तयार पार्दा यससम्बन्धी विज्ञको सहयोग लिन अनिवार्य हुन्छ। २०७४ सालमा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन का लागि ७० जिएसएमको म्यापलिथो ह्वाइट पेपरमा छपाइ गरिएको थियो (उही पृ.११९)।

३२. जनक शिक्षा सामग्री केन्द्रमा रहेका छपाइ मेशिन मध्ये कुनै मेशिन रिल पेपर प्रयोग हुने खालका र कुनै सीट पेपर प्रयोग हुने खालका छन्। निर्वाचनमा यी दुवैखाले मेशिन पूर्णरूपमा सञ्चालन गर्नुपर्ने भएकोले मतपत्र छपाइ योजना बनाउँदा छपाइ गर्नुपर्ने कुल मतपत्र मध्ये कति मतपत्र रिल पेपरमा र कति सीट पेपरमा छपाइ गरिन्छ अलग अलग अनुमान गर्नु पर्छ र यसकै आधार मा मतपत्र छपाइ कागजको परिमाण र किसिम (रिल हो की सीट ) समेत यकिन गर्नुपर्छ।

३३. मतपत्र छपाइको लागि आवश्यक गुणस्तरको कागज स्वदेशी बजारमा उपलब्ध हुन नसक्ने अवस्थामा वाह्यय बजारबाट खरिद गरेर ल्याउनु पर्ने भएकोले यससम्बन्धी पूर्वतयारी समयमै गर्नु अनिवार्य हुन्छ।

३४. २०७४ सालमा सम्पन्न गाउँपालिका तथा नगरपालिका निर्वाचनमा मतपत्रमा राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिह्न रहेका लहरहरूमा सबैभन्दा बायाँतर्फ क्रम समेत उल्लेख गरिएको थियो । यसले राजनीतिक दल वा उम्मेदवारलाई प्रचार प्रसार गर्न र सामान्य अङ् अक्षर लेखपढ गर्न सक्ने मतदातालाई निर्वाचन चिह्न पहिल्याउन सहज भएको अनुभव गरिएको थियो। तसर्थ यो व्यवस्थालाई निरन्तरता दिन उपयुक्त हुन्छ ।

३५. मतपत्र छपाइ स्थलको सुरक्षा प्रबन्ध नेपाली सेनाबाट हुने गरेको छ ।

३६. निर्वाचन अधिकृतको कार्यालयमा मतपत्र पठाउँदा गाउँपालिका तथा नगरपालिका निर्वाचनको भए सम्बन्धित जिल्लाको मुख्य निर्वाचन अधिकृतको कार्यालयमा र प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वचनको भए सम्बन्धित निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको कार्यालयमा पठाउनु पर्छ। मतपत्र पठाउँदा कति मतदाता भएका मतदान केन्द्रको लागि कति सङ्ख्यामा मतपत्र पठाउने भन्नेबारे समेत खुलाई पठाउनु पर्छ ।

३७. राजनीतिक दल, उम्मेदवार र मतदाताको सहजताको लागि वास्तविक मतपत्र आयोगको वेवसाईट (website) मा अपलोड (upload) गर्ने अभ्यास छ । तर यसरी अपलोड गर्दा मतपत्रको संवेदनशिलता र सुरक्षालाई ध्यानमा राखी मतपत्रमा रहने मध्ये विभिन्न सुरक्षा सङ्केतहरू हटाई श्याम श्वेत रङ्गमा बदली (अयलखभचत गरी ) अपलोड गर्ने गरिएको छ ।

३८. मतपत्र ढुवानीमा नेपाली सेना एवं निजी क्षेत्रका ढुवानी साधनको आवश्यकतानुसार प्रयोग हुने गरेको छ ।

३९. निर्वाचन समीक्षाको क्रममा मतपत्र सकभर जिल्लामा नै छाप्ने सुझाव प्राप्त भएको छ (निर्वाचन समीक्षा, २०७५, निर्वाचन आयोग, पृ. ९६) । यसको लागि मौजुदा कानुनी व्यवस्था, जिल्लामा उपलब्ध पूर्वाधार, क्षमता, लागतसमेतको विषयमा विस्तृत अध्ययन गरी मतपत्र छपाइ र व्यवस्थापनको प्रक्रियालाई कसरी विश्वसनीय बनाउन सकिन्छ भन्नेबारे राजनीतिक दल लगायतका सरोकारवालाहरूसँग छलफल गरी निर्णयमा पुग्न आवश्यक हुन्छ ।

## १७.३ मतपेटिका र सुरक्षण सिल,

१. मतपेटिका र यसमा लगाउने सुरक्षण सिल संवेदनशील सामग्री हुनुको साथै वाह्य मुलुकका बजारमा निर्भर हुनुपर्ने प्रकृतिको सामग्री भएकोले यसको व्यवस्थापन पक्ष पनि संवेदनशील हुन्छ।

२. आयोगसँग हाल ४३ लिटर क्षमताका ६०,००० थान, ८० लिटर क्षमताका २०,३०८ थान र ८५ लिटर क्षमता ३०,००० थान गरी फरक फरक तीन आकारका कुल १,१०,३०८ थान मतपेटिका रहेकोमा ४३ लिटर क्षमताका ४७,९९९ थान, ८० लिटर क्षमताका १३५०० थान र ८५ लिटर क्षमताका १८००० थान गरी ७८,९९९ थान मतपेटिका साबुत अवस्थामा रहेको पाइएको छ *(निर्वाचन आयोग प्रशासन शाखाबाट २०७८।७।२९ मा प्राप्त जानकारी अनुसार)।*

३. निर्वाचनको लागि आवश्यक हुने मतपेटिकाको सङ्ख्या मतदान केन्द्र र प्रत्येक केन्द्रमा प्रयोग हुने मतपेटिका सङ्ख्यामा निर्भर हुन्छ । सबैभन्दा धेरै सङ्ख्यामा प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि आवश्यक हुन्छ । यी दुवै सभाको निर्वाचन एकैसाथ हुने अवस्थामा प्रत्येक मतदान केन्द्रमा चारवटा मतपेटिका प्रयोग हुन्छन् ।

४. मुलुकभरमा रहने मतदान केन्द्रको सङ्ख्या र साबुत अवस्थामा रहेका मतपेटिका सङ्ख्या यकिन गरी

मतपेटिका खरिद गर्न आवश्यक भए नभएको यकिन गर्नुपर्छ ।

५. हाल मौज्दातमा रहेका मतपेटिकामा ४३ लि क्षमताका मतपेटिकामा छ वटा सिल मतपेटिकाको चारपाटामा र एउटा मतपत्र खसाल्ने प्वाल बन्द गर्ने बिर्कोमा गरी सातवटा सुरक्षण सिल लगाउनु पर्छ । अरु मतपेटिकामा चारवटा सिल मतपेटिकाको चारपाटामा र एउटा मतपत्र खसाल्ने प्वाल बन्द गर्ने बिर्कोमा गरी पाँचवटा लगाउनु पर्छ *(निर्वाचन आयोग प्रशासन शाखाबाट २०७८।७।२९ मा प्राप्त जानकारी अनुसार)* । सुरक्षण सिलको कुल परिमाण अनुमान गर्दा र मतदान केन्द्रमा मतपेटिका पठाउँदा यो पक्षमा ध्यान पुर्याउन अनिवार्य हुन्छ ।

६. ८५ लिटर क्षमताका मतपेटिका मध्ये कतिपय मतपेटिकाको बिर्कोमा रहेको मतपत्र खसाल्ने प्वाल बन्द गर्ने सानो बिर्कोमा रहेको सुरक्षण सिल लगाउने प्वाल ठूलो भएको कारण सुरक्षण सिल लगाउँदासमेत बिर्को खुल्ने गरेको पाइएको छ । मतदान केन्द्रमा पठाइएको मतपेटिकामा सुरक्षण सिल लगाउँदा यस्तो परिस्थिति उत्पन्न भयो भने निर्वाचनको स्वच्छतामा गम्भीर प्रश्न उठनुको साथसाथै निर्वाचन नै बिथोलिने डर हुने भएकोले सुरक्षण सिलको स्पेशिफिकेशन तयार गर्दा नमूनाको रूपमा केही मतपेटिकामा पुराना सुरक्षण सिल लगाई कति बाक्लो र कति चौडाइ भएको सुरक्षण सिल आवश्यक हुन्छ भन्नेबारे निर्क्यौल गरी स्पेशिफिकेशन बनाउनु अनिवार्य छ । सुरक्षण सिलको स्पेशिफिकेशन बनाउँदा आवश्यक परे मत खसाल्ने बिर्कोको प्वाल बन्द गर्न लगाइने सुरक्षण सिल अरु सुरक्षण सिलभन्दा फरक आकारका व्यवस्थापन गर्नुपर्ने हुन्छ । २०७४ सालमा सम्पन्न निर्वाचनको बेलामा यी मतपेटिकाको बिर्कोमा एकै ठाउँमा दुईवटा सुरक्षण सिल लगाई व्यवस्थापन गरिएको अनुभव छ ।

७. सुरक्षण सिलको प्रयोग मतदान केन्द्रमा मतपेटिका सिलबन्दी गर्न र तालिम प्रयोजनको लागि हुने हुँदा प्रयोजन अनुसार अलग अलग रङका प्रयोग गर्दा व्यवस्थापनमा सहज हुन्छ । २०७४ सालमा सम्पन्न स्थानीय तह निर्वाचनमा मतदान प्रयोजनको लागि हरियो रङको र मतदाता शिक्षा तथा तालिम प्रयोजनको लागि सेतो रङको सुरक्षण सिल प्रयोग गरिएको थियो (आयोगको वार्षिक प्रतिवेदन २०७३/७४ पृ. ३५) । यसैगरी प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचनमा मतदान प्रयोजनको लागि सुन्तला रङको र मतदाता शिक्षा तथा तालिम प्रयोजनको लागि हरियो र सेतो रङको सुरक्षण सिल प्रयोग गरिएको थियो (आयोगको वार्षिक प्रतिवेदन २०७४/७५ पृ. २२२ ) । तर आगामी दिनमा मतदान केन्द्रको प्रयोजनको लागि एउटा रङ्को र मतदाता शिक्षा प्रयोजनको लागि अर्को रङ्को गरी दुईवटा रङ्गा सुरक्षण सिलमात्र प्रयोग गर्ने हो भने व्यवस्थापनमा अझ सहज हुने देखिन्छ ।

८. मतपेटिकामा लगाइने प्रत्येक सुरक्षण सिलमा विशेष सङ्केत नम्बर (ग्लष्त्रगभ लग्फदभच) प्रयोग हुने गरेको छ । त्यस्तो नम्बरको ढाँचा र सङ्ख्याबारे आयोगबाट निर्णय भए बमोजिम हुन्छ ।

## १७.४ छपाइ सामग्री

१. निर्वाचन व्यवस्थापनको लागि आवश्यक मतदाता नामावली सहित आयोगबाट व्यवस्थापन गरिने विभिन्न छपाइ सामग्री जस्तै निर्वाचन सम्बन्धी ऐन, नियम, निर्देशिका, आचार संहिता, पोलबुक, निर्वाचित सदस्यलाई दिइने प्रमाणपत्र, मतदाता शिक्षासम्बन्धी सामग्री, तालिम सामग्री, मतदाता शिक्षा र स्वास्थ्य सुरक्षा सम्बन्धी जानकारीमूलक पोष्टर आदि सामग्रीमध्ये कुन सामग्रीको प्रयोग

कहिले र कहाँ हुन्छ सोको आधारमा छपाइ योजना तर्जुमा गर्नुपर्छ ।

२. योजना तर्जुमा गर्दा कुन कुन सामग्री कति परिमाणमा छपाइ गर्नुपर्छ , आयोगको छापाखानाबाट कुन कुन सामग्री छपाइ गर्न सकिन्छ र कुन कुन सामग्री छपाइको लागि अन्य सरकारी वा निजी क्षेत्रका छापाखानाको सेवा लिन आवश्यक हुन्छ यकिन गर्नुपर्छ ।

३. सरकारी छापाखानाबाटमात्र छपाइ गर्न नसकिने वा नभ्याइने अवस्थामा निजी क्षेत्रको सेवा लिन आवश्यक हुन्छ ।

४. छपाइ कार्यका लागि आयोगबाट लिनुपर्ने नीतिगत निर्णयमा सहजीकरण, सुपरीवेक्षण र अनुगमनको लागि यससम्बन्धी जिम्मेवारी हेर्ने निर्वाचन आयुक्त को संयोजकत्वमा सामग्री व्यवस्थापन समिति र प्रशासन महाशाखाका प्रमुखको संयोजकत्वमा उपसमिति रहने अभ्यास अवलम्बन गर्दै आइएको पाइन्छ ।

५. निजी क्षेत्रका छापाखानाबाट सेवा लिदा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुनले व्यवस्था गरे अनुसार बोलपत्र वा दरभाउपत्रको प्रक्रिया अवलम्बन गरी कुनै एकमात्र छापाखानामा भरपर्दा कारणबस समयमै सामग्री आपूर्ति हुन नसकेमा निर्वाचन नै प्रभावित हुने भएकोले विगतदेखि नै छपाइ सामग्रीको लागि बजारबाट सोझै तर खरिद प्रक्रिया प्रतिस्पर्धात्मक हुने गरी व्यवस्थापन गर्ने गरेको पाइन्छ ।

६. २०७४ सालमा सम्पन्न विभिन्न तहको निर्वाचनमा छपाइ सम्बन्धी खरिद कार्यलाई प्रतिस्पर्धात्मक बनाउन गोरखापत्र दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरी छापाखाना सूचीकृत गरिएको, छापाखाना सूचीकृत सम्बन्धी मापदण्ड आयोगबाट स्वीकृत गरिएको, सूचीकृत सेवा प्रदायकहरूबाट दरभाउपत्र लिइ सबैभन्दा न्यूनतम दररेटलाई आधार मानी सो दररेटलाई पुन: वार्ताद्वारा घटाघट गर्ने विधि अवलम्बन गरिएको , र यसरी कायम हुन आएको दररेट स्वीकृत गरी उक्त दररेटमा छपाइ गर्न चाहने छापाखानाहरूलाई छपाइ कार्यको वितरण गरी व्यवस्थापन गरिएको थियो । (निर्वाचन आयोगको वार्षिक प्रतिवेदन,२०७४।७५ पृ.३४ र ३५ )

७. जिल्लास्तरमा छपाइ गरिने सामग्रीको नमुना, कागजको गुणस्तर, अधिकतम लागत सीमा आयोगबाट उपलब्ध गराइ छपाइ गर्नुपर्छ ।

८. सबै तहको निर्वाचनमा निर्वाचन अधिकृतको कार्यालयमा प्रयोग हुने अनुसूची फारामहरू, मतगणना कर्मचारी परिचयपत्रको छपाइ सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाटै गर्न सहज हुन्छ । गाउँपालिका तथा नगरपालिका निर्वाचनको हकमा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयको क्षमताले नभ्याउने अवस्थामामा निर्वाचन अधिकृतको कार्यालयसँगको समन्वयमा सम्बन्धित जिल्ला /प्रदेश निर्वाचन कार्यालयबाट व्यवस्थापन गर्नुपर्छ ।

९. निर्वाचित उम्मेद्वारलाई प्रदान गर्ने प्रमाणपत्र आयोगबाट छपाइ गरी निर्वाचन कार्यालय मार्फत सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा पठाउनु पर्छ ।

## १७.५ स्टेशनरी, स्वास्थ्य सुरक्षासम्बन्धी सामग्री, प्याकेजिङ सम्बन्धी र अन्य सामग्री

१. स्टेशनरी, स्वास्थ्य सुरक्षा सम्बन्धी सामग्री, प्याकेजिङ सम्बन्धी र अन्य सामग्रीको समूहमा पर्ने र अधिकांश सामग्री निर्वाचन कार्यालयबाट व्यवस्थापन हुने भएकोले सामग्रीको मतदान केन्द्रगत दरबन्दी, सामान्य स्पेशिफिकेशन र प्रति एकाइ लागतको अधिकतम् सीमा समेत

आयोगबाट तोकीदिई समयमै आवश्यक परिमाणमा सामग्री व्यवस्थापन गर्न निर्वाचन कार्यालयहरूलाई निर्देशन दिनुपर्छ ।

२. स्वास्थ्य सुरक्षासँग सम्बन्धित अनुसूची-३ बमोजिमका सामग्री मध्ये तापक्रम मापन गर्ने उपकरण थर्मल गन (thermal gun)/ (No contacts thermometer) र फेस सिल्ड (face shield) जिल्लास्तरमा सहज रूपमा उपलब्ध हुन नसक्ने देखिएकोले ती सामग्री आयोगबाट र बाँकी सामग्री सम्बन्धित जिल्लास्थित निर्वाचन कार्यालयबाटै व्यवस्थापन गरिनु व्यावहारिक हुने देखिन्छ ।

३. स्वास्थ्य सुरक्षासँग सम्बन्धित सामग्रीहरू मतदान केन्द्रमा पठाउनु पर्ने बाहेक आयोग, निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन कार्यालयका लागिसमेत आवश्यक हुन्छन् । जिल्लास्तरमा सहज रूपमा उपलब्ध हुन नसक्ने देखिएका थर्मल गन र फेस सिल्ड सबै कार्यालयका लागि आयोगबाटै व्यवस्थापन गर्न र सर्जिकल मास्क, डिस्पोजेबल ग्लोभ्स, ह्याण्ड स्यानीटाइजर, हात धुने साबुन जस्ता सामग्री तत् तत् कार्यालयबाटै व्यवस्थापन गर्नु व्यावहारिक हुन्छ ।

४. कुनै सामग्री मौज्दातमा रहेको भए प्रयोगमा ल्याउन सकिने अवस्थामा भए नभएको यकिन गरेर मात्रै खरिद गर्नु पर्ने वास्तविक परिमाण यकिन गर्न निर्देशन दिनुपर्छ ।

५. आयोगबाट व्यवस्थापन गर्नुपर्ने सामग्रीमध्ये नउडने मसी भएको मार्कर, स्ट्याम्प प्याड, स्ट्याम्प प्याडको मसी, मत सङ्केत गर्ने रबरको स्वस्तिक छाप संवेदनशील सामग्री भएकोले यिनको व्यवस्थापन गर्दा कुनै पनि अवस्थामा गुणस्तरमा फरक नपर्ने सुनिश्चित गरी व्यवस्थापन गर्नु अनिवार्य हुन्छ ।

६. मतसङ्केत गर्ने रबरको स्वस्तिक छापको स्पेशिफिकेशन तयार गर्दा छापको घेराको नाप (डायमिटर) समेत उल्लेख गर्नु अनिवार्य हुन्छ ।

*(निर्वाचन समीक्षाको बखत स्वस्तिक छाप अटोमेटिक मसी रहने अटो स्ट्याम्प हुनु पर्ने सुझाव प्राप्त भएको छ (निर्वाचन समीक्षा, निर्वाचन आयोग २०७५, पृ.७३)। यसो हुन सके मतपत्रमा मसी लतपतिएर मतपत्र रद्ध हुने सम्भावना समाप्त हुनुको साथै स्वस्तिक छापको कारण उत्पन्न हुने धेरै विवादहरू सुल्झाउन सहयोग पुग्ने हुनाले यो निकै उपयुक्त सुझाव हो । हाम्रो मुलुकको सन्दर्भमा यसलाई व्यवस्थापकीय पक्ष र प्रयोग गर्ने पक्षको क्षमता दुवै दृष्टिकोणबाट हेरिनु अनिवार्य हुन्छ। व्यवस्थापकीय दृष्टिले यस्तो छापले बढीमा कतिवटासम्म छाप लगाउन सकिन्छ (मतदाताले छाप लगाउँदा छापलाई कत्तिको कडा ढङ्गले थिच्छन् र कति समयसम्म थिचिरहन्छन् भन्ने विषयले पनि जति वटा छाप लगाउन सकिन्छ भनेर अनुमान गरिन्छ त्यो ठ्याक्कै नमिल्न सक्ने हुनाले यसमा पनि ध्यान दिन आवश्यक हुन्छ ), मसी रिफिल (च्भार्षी) गर्न कति सहज हुन्छ र यो कत्तिको लागत प्रभावी छ भन्ने विषयमा ध्यान दिनुपर्छ। यस्तै प्रयोग गर्ने पक्ष अर्थात मतदाताको क्षमताको सन्दर्भमा एक खालको विधिमा अभ्यस्त रहेका मतदातालाई अर्को विधिको प्रयोग प्रारम्भ गर्दा मतदाता शिक्षालाई व्यापक रूपमा सञ्चालन गरी यसबारे जानकारी नरहेका मतदातालाई यसको प्रयोग गर्न सक्ने गरी अभ्यस्त बनाउन आवश्यक हुन्छ। अटो स्ट्याम्पको प्रयोगबारे राजनीतिक दलसँग परामर्श गरी सहमति प्राप्त गर्नु उपयुक्त हुन्छ। स्वस्तिक छापको सट्टा बलपेन (दर्बी एभल) को प्रयोग प्रारम्भ गर्ने विकल्पबारे पनि विज्ञहरूबाट सुझाव प्राप्त भएको छ। यद्यपि मतदाताको साक्षरता अवस्थाको कारण यो व्यवस्था तत्काल लागु गर्न सम्भव हुने देखिदैन। यद्यपि यस विषयमा पनि राजनीतिक दलसँग परामर्श गरी थप अध्ययन गर्न आवश्यक देखिन्छ ।*

७. स्ट्याम्प प्याड र त्यसको मसीको गुणस्तर कमजोर भएमा मतपत्रमा लगाएको छाप तत्काल नसुक्ने र मसी लतपतिने समस्या आउने हुनाले स्ट्याम्प प्याड र सोमा प्रयोग हुने मसीको स्पेशिफिकेशन तयार गर्दा यस कुरामा विशेष ध्यान पुर्याउनु पर्छ ।

८. २०७४ सालमा सम्पन्न गाउँपालिका तथा नगरपालिका निर्वाचनको मतपत्र सेतो कागजमा नीलो मसीले छापिएको थियो । मतपत्रको रङ्ग र मत सङ्केत गर्ने छापको रङ्ग उस्तै उस्तै हुँदा मत सङ्केत चिह्न मधुरो देखिई यसकै कारण मत गणनामा ढिलो हुने समस्या अनुभव भएको छ (निर्वाचन समीक्षा, पृ.७०) । अरु रङ्गको भन्दा नीलो मसीको स्ट्याम्प प्याड र मसी बढी प्रचलनमा रहेको कारण बजारमा सहजरूपमा उपलब्ध हुने र छनोटको अवसर बढी हुने भएकोले गुणस्तर कायम गर्न समेत सहज हुने देखिन्छ । २०७४ सालमा दोस्रो चरणमा सम्पन्न गाउँपालिका तथा नगरपालिका निर्वाचनको लागि रातो मसीको स्ट्याम्प प्याड र मसी प्रयोग गर्ने सन्दर्भमा प्याड र मसीको गुणस्तर कमजोर पाईएपछि पुनः नीलो मसी नै प्रयोग गरिएको अनुभव छ । यसर्थ आगामी निर्वाचनमा गाउँपालिका तथा नगरपालिका निर्वाचनको मतपत्र निलो बाहेक अरु रङ्गमा छपाइ गर्ने सम्बन्धमा आयोगबाट निर्णय हुनुपर्ने देखिन्छ ।

९. नउडने मसी भएको मार्कर, स्ट्याम्प प्याड, मार्कर, जेल पेन जस्ता सामग्री मौज्दातमा रहेको भए पनि तिनको मसी सुकी बेकम्बा हुनसक्ने भएकोले ती सामग्रीको हकमा पूर्ण रूपमा नयाँ सामग्री प्रयोग गर्नु उपयुक्त हुन्छ ।

## १७.६ मतदान सामग्री ढुवानी

१. मतदान सामग्रीको ढुवानीमा आवश्यकतानुसार नेपाली सेना, सशस्त्र प्रहरी बल र निजी क्षेत्रका ढुवानी साधनको सेवा लिदै आइएको देखिन्छ ।

२. सडक यातायातको भरपर्दो व्यवस्था भएका जिल्लामा सडक मार्गबाट र यातायात सेवा नपुगेका वा पुगे पनि भरपर्दो नभएका एवं विकट हिमाली जिल्लामा हेलिकप्टर मार्फतसमेत ढुवानी गर्ने गरिएको छ ।

३. सामग्री ढुवानीको सेवा प्राप्त गर्नको लागि कति परिमाणका सामग्री कहिले र कहाँ कहाँ ढुवानी गर्नुपर्छ सोको परिमाण र दूरी एवं लाग्ने अनुमानित दिन सहितको ढुवानी योजना तर्जुमा गर्नुपर्छ ।

४. हेलिकप्टरबाट गरिने ढुवानीको लागि नेपाली सेनाको साधन प्रयोग गर्ने अवस्थाका लागि हेलिकप्टरको उपलब्धता, क्षमता, नेपाली सेनाको नियमित कार्यतालिका समेतको आधारमा लागत प्रभावी हुने गरी ढुवानी योजना बनाउनु पर्ने भएकोले नेपाली सेनासँगको समन्वयमा ढुवानी योजना तर्जुमा गर्नुपर्छ ।

५. सामग्री ढुवानी गर्दा जिल्ला सदरमुकामबाट मतदान केन्द्रको दूरी सबैभन्दा टाढा रहेका जिल्लामा पहिला ढुवानी गर्ने गरी ढुवानी योजना बनाउनुपर्छ ।

६. मतदान सामग्री एवं मतपत्र जिल्लामा पुगिसकेपछि पुनः रुजु गरी मतदान केन्द्रगत रूपमा प्याकेजिङ गर्नुपर्छ । मतदान कर्मचारीहरू मतदान हुने दिनभन्दा ४८ घण्टा अगावै मतदान केन्द्रमा पुग्नुपर्ने भएकोले सदरमुकामबाट मतदान केन्द्रमा पुग्न लाग्ने समयसमेतलाई ध्यानमा राखी समयमै मतदान सामग्री निर्वाचन कार्यालयमा पुग्न सक्ने गरी ढुवानी योजना बनाउनु पर्छ ।

७. प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन २०७४ मा ढुवानी सेवाका लागि निर्वाचन

आयोग ऐन,२०७३ को दफा ३८ प्रयोग गरी विभिन्न सेवा प्रदायकहरूलाई सूचीकृत गरी सेवा लिइएको थियो। (वार्षिक प्रतिवेदन २०७४।७५ पृ.३७)

८. मतदान सामग्री जिल्लामा पठाउँदा मतपत्र भए सोफै निर्वाचन अधिकृतको कार्यालयमा र अरु मतदान सामग्रीहरू जिल्ला निर्वाचन कार्यालयमा पठाउनु पर्छ।

९. निर्वाचित उम्मेदवारलाई प्रदान गर्ने प्रमाणपत्र र निर्वाचन अधिकृतको कार्यालयमा पठाउनु पर्ने सामग्रीहरु सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयलाई उपलब्ध गराउने गरी निर्वाचन कार्यालयमा पठाउनु पर्छ।

१०. सामग्री ढुवानी गर्दा जिल्ला निर्वाचन कार्यालयका सवारी साधनलाई पनि अधिकतम् प्रयोग गर्ने गरी गर्नुपर्छ। जस्तै सानातिना सामग्री ओसारपसार गर्नुपर्दा कुनै एक निर्वाचन कार्यालयले पायक पर्ने अरु जिल्लाको सामग्री समेत ढुवानी गर्ने गरी व्यवस्थापन गर्नुपर्छ। (जस्तै, मेची अञ्चलका इलाम, पाँचथर र ताप्लेजुङ्को सामग्री झापाबाट लैजानु पर्ने भएमा इलामको गाडी झापासम्म आउने, पाँचथरको गाडी इलामसम्म आउने र ताप्लेजुङ्को गाडी पाँचथरसम्ममात्रै आउने गरी सबै जिल्लाको सामग्री एकैसाथ व्यवस्थापन गर्न सकिन्छ )।

## १८. विभिन्न तहको निर्वाचनको लागि मतदान केन्द्रमा प्रयोग हुने सामग्री

आयोगबाट सम्पन्न हुने सबै तहका निर्वाचनमा प्रयोग हुने सामग्री अनुसूची-४ बमोजिमका ६२ किसिमका सामग्री मध्येकै हुन्। तर मतदान सामग्रीको किसिम र परिमाण भने निर्वाचन अनुसार फरक फरक हुन्छ। सम्बन्धित मतदान केन्द्रमा मतदान गर्ने मतदाताको सङ्ख्या कति छ, कति किसिमका मतपत्र प्रयोग हुन्छन्, मतपत्रहरूको आकार कत्रो हुन्छ, मतदाताले मत सङ्केत गर्नको लागि कतिवटा छाप लगाउँछन्, मत सङ्केत गर्ने गोप्य कक्ष कति बनाउनु पर्छ, कतिवटा मतपेटिका प्रयोग हुन्छन् जस्ता विषय यसका केही प्रमुख कारण हुन्। आयोगबाट सम्पन्न हुने विभिन्न तहको निर्वाचनमा मतदान केन्द्रमा प्रयोग हुने सामग्रीको विवरण तिनको सामान्य स्पेशिफिकेशन र मतदान केन्द्रगत दरबन्दी सङ्ख्या अनुसूची-९ मा दिइएको छ।

## १९. अन्य निर्वाचन सामग्रीको व्यवस्थापन

मतदान सामग्री बाहेक निर्वाचन आयोग तथा अन्तर्गतका कार्यालयबाट अन्य विविध प्रकारका निर्वाचन सामग्रीहरू व्यवस्थापन गर्न आवश्यक हुन्छ। यी सामग्रीमध्ये कतिपय सामग्री मतदान सामग्री जत्तिकै महत्त्वपूर्ण हुन्छन् भने कतिपय सामग्री कार्यालयको नियमित कार्यसञ्चालनसँग सम्बन्धित छन्। दैनिक कार्यसञ्चालनसँग सम्बन्धित सामग्रीबारे यहाँ चर्चा गरिरहन आवश्यक देखिदैन। निर्वाचन व्यवस्थापनको लागि चाहिने अन्य मुख्य मुख्य निर्वाचन सामग्री देहाय बमोजिम छन्:-

(क) मतपत्र छपाइ गर्ने कागज,

(ख) मतदाता परिचयपत्र छपाइ गर्ने कागज,

(ग) मतदाता परिचयपत्रको कभर,

(घ) मतदान सामग्री प्याकिङ गर्न आवश्यक हुने टिनको बाकस, कागजका कार्डबोर्ड, प्लाष्टिकका थैला (मतदाता परिचयपत्र लगायतका सामग्री पानीले भिज्नबाट जोगाउन), प्लाष्टिक बोरा, जुटको बोरा, प्याकिङ टेप आदि,

(ङ) आयोगमा रहेका कम्प्यूटर, प्रिण्टर मर्मत गर्न चाहिने पार्टपूर्जा,

(च) निर्वाचन कार्यालयमा रहेका प्रिण्टरहरूको लागि आवश्यक हुने तर जिल्लास्तरमा उपलब्ध हुन नसक्ने खालका टोनर,

(छ) निर्वाचन अधिकृतको कार्यालय र आयोगबिच इण्टरनेट सेवा सूचारु गर्न आवश्यक हुने डिभाइसहरू,

(ज) फ्याक्स पेपर,

(झ) विभिन्न किसिमका परिचयपत्र एवं निर्वाचित उम्मेदवारलाई प्रदान गर्ने प्रमाणपत्र छपाइ गर्न चाहिने फोटो पेपर,

(ञ) मतदाता शिक्षा सामग्री, तालिम सामग्रीको उत्पादन र कार्यक्रम सञ्चालनको लागि आवश्यक हुने सामग्रीहरू ।

मतदान सामग्री लगायत सबै प्रकारका निर्वाचन सामग्री खरिदको प्रक्रिया एकैसाथ प्रारम्भ गर्नुपर्छ । निर्वाचनमा जुन सामग्री जति परिमाणमा जहिले आवश्यक हुने हो सोही बमोजिम व्यवस्थापन गर्न अनिवार्य हुन्छ । यी सामग्रीको प्रयोग निर्वाचन क्रियाकलापसँग प्रत्यक्ष जोडिने हुनाले सामग्री खरिद एवं ढुवानी योजना तर्जुमा गर्दा विस्तृत निर्वाचन सञ्चालन कार्यतालिका (Detail Election Operation Calender) सँग तादात्म्य कायम रहने गरी तर्जुमा गर्नु अनिवार्य हुन्छ ।

सामग्री खरिद प्रक्रियामा कहिलेकाहीं सबै आपूर्तिकर्ताले प्रस्ताव गरेको सामग्री तोकिएको गुणस्तरको नहुँदा खरिद प्रक्रिया नै रद्ध गरी पुन: अर्को प्रक्रिया शुरु गर्नुपर्ने अवस्था आउँछ, २०७० सालमा सम्पन्न अर्को संविधान सभा सदस्य निर्वाचनको लागि मतपत्र छपाइ गर्ने कागज खरिदमा यस्तो अवस्था आई विकास साझेदार संस्थाको सहयोगमा कागज प्राप्त गरिएको, छपाइ मेशिनका टोनर बजारमा उपलब्ध हुन नसकेको कारण बैदेशिक यात्रामा रहेका यात्रु मार्फत व्यक्तिगत रूपमा झिकाउनु परेको अनुभव छ। तसर्थ सामग्रीको खरिद योजना बनाउँदा कम्तीमा संवेदनशील सामग्रीहरूको लागि वैकल्पिक योजनासमेत तर्जुमा गर्न आवश्यक हुन्छ।

## २०. मतदाता दर्ता सामग्रीको व्यवस्थापन

निर्वाचन व्यवस्थापन निरन्तर चलिरहने प्रक्रिया हो। तसर्थ निर्वाचन क्रियाकलाप निश्चित निर्वाचन चक्रमा चलिरहन्छन्। निर्वाचनको मिति नतोकिएको समयमा पनि निर्वाचन व्यवस्थापन निकाय निर्वाचनकै तयारीमा जुटिरहेको हुन्छ । यो समयमा निर्वाचन सम्बन्धी कानुनमा सुधार, मतदाता शिक्षा, कर्मचारीहरूको क्षमता विकास, मतदान केन्द्रहरूको पुनरावलोकन लगायत विभिन्न काम भइरहेका हुन्छन्। निर्वाचनको सबैभन्दा महत्त्वपूर्ण पाटोको रूपमा रहेको मतदाता नामावली दर्ता र अद्यावधिकको कार्य निरन्तर सञ्चालनमा रहन्छ। तसर्थ मतदाता दर्ता लगायतका कामका लागि आवश्यक हुने सामग्रीको व्यवस्थापन निरन्तर चलिरहन्छ ।

मतदाता नामावली दर्ता र प्रशोधनको कार्य पूर्णत: सूचना प्रविधिमा आधारित रहेको हुँदा स्थानीयस्तरमा मतदाताको विवरण दर्ता गर्नदेखि यसको प्रशोधन र छपाइका लागि विभिन्न क्षमताका ल्यापटप, कम्प्यूटर, पावर ब्याकअप, प्रिण्टर, टोनर लगायतका सामग्री आवश्यक हुन्छन्। हाल निरन्तर मतदाता दर्ताको कार्य जिल्लास्थित ७७ निर्वाचन कार्यालय, ७७ जिल्ला प्रशासन कार्यालय र ७३ इलाका प्रशासन कार्यालयमध्ये ४० कार्यालयमा सञ्चालन भइरहेको छ (निर्वाचन सञ्चालन शाखाबाट प्राप्त जानकारी अनुसार ।

प्रदेश एवं स्थानीय तहमा निर्वाचन सम्बन्धी क्रियाकलापको समन्वयका लागि चालु आर्थिक वर्षको प्रारम्भदेखि नै आयोगले प्रदेशस्तरमा मुख्यमन्त्रीको कार्यालयका सहसचिवलाई र गाउँपालिका तथा नगरपालिकामा सम्बन्धित पालिकाका शिक्षा वा सामाजिक शाखाका प्रमुखलाई निर्वाचन सम्पर्क व्यक्ति तोकेको छ। निर्वाचन क्रियाकलापलाई स्थानीयकरण गर्दै जाने र निर्वाचन व्यवस्थापनमा प्रदेश सरकार र स्थानीय सरकारहरूको सहयोग र समन्वय जुटाउने दिशामा यो महत्वपूर्ण कदम हो। यसबाट प्रदेश र स्थानीय तहमा आयोगको संस्थागत सम्पर्क स्रोत स्थापित भएको छ।

स्थानीय तहमा रहेका निर्वाचन सम्पर्क व्यक्तिको लागि पालिकास्तरमा सञ्चालन हुने निर्वाचन सम्बन्धी क्रियाकलापमा समन्वय गर्ने, मतदाता नामावली अद्यावधिकसँग सम्बन्धित व्यक्तिगत घटना दर्ता मध्ये विबाह, बसाइ सराई र मृत्यु दर्ता सम्बन्धी विवरण मासिक रूपमा निर्वाचन कार्यालयहरूलाई उपलब्ध गराउने, आयोगबाट स्थानीयस्तरमा सञ्चालन हुने तालिममा स्रोत व्यक्तिको रूपमा संलग्न रहने, निर्वाचन सम्बन्धी काममा समुदायमा आधारित संघ, संस्था, स्थानीय क्लबहरूसँग सम्पर्क, समन्वय र परिचालन गर्नेसमेतका जिम्मेवारी तोकिएको छ। पालिका तहमा रहेका निर्वाचन सम्पर्क व्यक्तिको भूमिकालाई आगामी दिनमा अझ प्रभावकारी बनाई निरन्तर मतदाता दर्ता कार्यलाई पालिकास्तरमा समेत विस्तार गर्न सकिने देखिन्छ। मतदाता दर्ताका लागि आवश्यक हुने विभिन्न सामग्रीमध्ये २०६७ सालमा फोटो सहितको मतदाता नामावली कार्यक्रम सञ्चालनको लागि संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम निर्वाचन सहायता परियोजनाबाट दुई पटकमा गरी ३६०० थान ल्यापटप, वेव क्यामरा, जेनेरेटर लगायतका सामग्री सहयोग स्वरूप प्राप्त भएको थियो। यसपछि २०७२ सालमा १००० थान ल्यापटप प्राप्त भएको थियो (आयोगको प्रशासन शाखाबाट प्राप्त जानकारी अनुसार)। २०७४ सालमा सम्पन्न स्थानीय तह निर्वाचनको बेला ९०० थान ल्यापटप एवं त्यति नै सङ्ख्यामा प्रिण्टर, टोनर प्राप्त भएको थियो (निर्वाचन समीक्षा,पृ.९१)। प्रशासन शाखाका अनुसार वर्तमानमा मतदाता दर्ता प्रयोजनको लागि प्रयोगमा ल्याउन सकिने खालका ल्यापटपको सङ्ख्या ५५८ थान रहेको छ। २०६७ सालमा प्राप्त भएका प्राय:जसो ल्यापटप काम नलाग्ने अवस्थामा पुगिसकेका र चालु अवस्थामा रहेका ल्यापटप समेत पुराना भइसकेकोले तिनमा कति बेला कस्तो समस्या आउँछ यकिन गर्न नसकिने अवस्थामा रहेको पाइयो।

मतदाता दर्ताजस्तो संवेदनशील कार्यका लागि आवश्यक हुने ल्यापटप, प्रिण्टर लगायतका सामग्री दुरुस्त अवस्थामा रहनु अनिवार्य हुन्छ। यसको लागि आयोग, जिल्लास्थित निर्वाचन कार्यालयहरू, जिल्ला प्रशासन कार्यालय र मतदाता दर्ता कार्यक्रम सञ्चालन भइरहेका इलाका प्रशासन कार्यालयमा सञ्चालनमा रहेका ल्यापटप, प्रिण्टरको भौतिक एवं मेकानिकल अवस्था यकिन गरी आवश्यक सङ्ख्यामा नयाँ सामग्री बन्दोवस्त गर्न जरुरी छ।

स्थानीय तहमा निर्वाचन सम्पर्क व्यक्ति तोकिसकिएको अवस्थामा आगामी दिनमा पालिकास्तरमै नियमित मतदाता दर्ता कार्य सञ्चालन गर्न सक्ने गरी पूर्वाधार विकास गर्न आवश्यक देखिन्छ। यसका लागि सबै पालिकामा निर्वाचन सम्पर्क व्यक्तिको प्रयोजनमा रहने गरी एक थान ल्यापटप उपलब्ध गराउन आवश्यक हुने देखिन्छ।

आयोगले मतदाता दर्ता कार्यक्रमलाई निरन्तर र आवधिक दर्ताको रूपमा सञ्चालन गर्ने गरेको छ । आवधिक दर्ता मूलत: निर्वाचन लक्षित दर्ता कार्यक्रम हुने भएकोले मुलुकभर एकैसाथ सञ्चालन गरिन्छ । यसको लागि उपलब्ध समय सीमा अनुसार एकैसाथ ठूलो सङ्ख्यमा स्रोत, साधन र जनशक्तिको परिचालन गर्न आवश्यक हुन्छ । यसका लागि आवश्यक हुने ल्यापटपको सङ्ख्या आंकलन गर्न निर्वाचन क्षेत्रको सङ्ख्या र जनसङ्ख्यालाई आधार मान्नु युक्तिसङ्गत हुन्छ । तसर्थ जिल्लामा जतिवटा प्रदेश सभा निर्वाचन क्षेत्र छन् निर्वाचन कार्यालयहरूलाई त्यति नै सङ्ख्यामा ल्यापटप र जतिवटा प्रतिनिधि सभा निर्वाचन क्षेत्र छन् त्यति नै सङ्ख्यामा प्रिण्टर एवं प्रति प्रिण्टर चार थानका दरले सोको टोनर उपलब्ध गराउन उपयुक्त हुने देखिन्छ। यसो भएमा जिल्लास्तरमा विशेष दर्ता कार्यक्रम सञ्चालन गर्दा निर्वाचन कार्यालयमा रहेका, जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयमा रहेका एवं पालिकाका निर्वाचन सम्पर्क व्यक्तिको प्रयोगमा रहेका ल्यापटपहरू एकैसाथ प्रयोग गर्न सकिने भएकोले आवधिक दर्ता कार्यक्रम सञ्चालनमा समेत कुनै कठिनाइ नहुने देखिन्छ। यसको लागि तालिका-१ मा उल्लेख भए बमोजिमको सङ्ख्याका ल्यापटप, प्रिण्टर, टोनर व्यवस्थापन गर्न आवश्यक देखिन्छ । यी सामग्रीको खरिद प्रक्रियाको सम्बन्धमा नेपाल सरकारबाट बजेट उपलब्ध भएको अवस्थामा प्रचलित सार्वजनिक खरिद कानुनको विधि र प्रक्रिया अवलम्बन गरेर खरिद गर्न र बजेट उपलब्ध हुन नसक्ने अवस्थामा विकास साझेदार संस्थामार्फत वैदेशिक सहायता जुटाउन उपयुक्त हुने देखिन्छ ।

| क्र.सं | सामग्री र प्रयोजन | सङ्ख्या | पुष्ट्याईंको आधार |
|---|---|---|---|
| १ | निर्वाचन आयोगको लागि | २० | |
| | निर्वाचन कार्यालयको लागि | ३३० | प्रत्येक प्रदेश निर्वाचन क्षेत्र बराबर एकथानको दरले जिल्लामा रहेको निर्वाचन क्षेत्रको सङ्ख्या बराबर |
| | जिल्ला प्रशासन कार्यालयमा सञ्चालन हुने दर्ता प्रयोजनको लागि | ७७ | प्रत्येक जिल्ला प्रशासन कार्यालयमा एक थानको दरल |
| | इलाका प्रशासन कार्यालयमा हुने दर्ता प्रयोजनको लागि | ७३ | प्रत्येक इलाका प्रशासन कार्यालयमा एक थानको दरले |
| | निर्वाचन सम्पर्क व्यक्तिको लागि | ७५३ | प्रत्येक स्थानीय तहमा एक थानको दरले |
| | जम्मा | १२५३ | |
| २ | प्रिण्टर | १० | |
| | निर्वाचन आयोगको लागि<br>निर्वाचन कार्यालयको लागि | १६५ | प्रत्येक प्रतिनिधि सभा निर्वाचन क्षेत्र बराबर एकथानको दरले जिल्लामा रहेको निर्वाचन क्षेत्रको सङ्ख्या बराबर । |
| | जम्मा | १७५ | |
| ३ | टोनर | ७०० | एक प्रिण्टर बराबर ४ वटाका दरले |

# २१. निर्वाचन व्यवस्थापनमा स्थानीय तहसँगाको समन्वय र सहकार्य

स्थानीय तहमा सञ्चालन हुने निर्वाचन सम्बन्धी क्रियाकलापको समन्वय र सहयोगको मुख्य जिम्मेवारी सहित सबै पालिकामा निर्वाचन सम्पर्क व्यक्ति तोकिएसँगै पालिकास्तरमा आयोगको प्रतिनिधिको उपस्थिति स्थापित भएको छ। पालिकाहरूसँग सोझै सम्पर्क गर्ने माध्यम संस्थागत भएको छ।

निर्वाचन क्रियाकलापहरू मतदाताको घरदैलोसम्म पुग्ने प्रकृतिका हुन्छन्। यही कारणले निर्वाचनलाई बृहत् सामाजिक परिघटना भनिन्छ। निर्वाचन सञ्चालनसँग सम्बद्ध अधिकांश क्रियाकलापहरू सोझै स्थानीय समाजसँग जोडिएर सञ्चालन हुन्छन्। यही कारण संसारका धेरैजसो मुलुकले निर्वाचन व्यवस्थापनको कामलाई स्थानीयकरण गरेका छन्। निर्वाचनलाई स्वच्छ, स्वन्त्र र विश्वसनीय ढङ्गले सम्पन्न गर्न स्थानीय समुदाय र सरकारको सहयोग लिएका छन्।

हाम्रो मुलुकको सन्दर्भमा, सङ्घीय शासन प्रणाली लागु भएपश्चात् स्थानीय तहमा अधिकारसम्पन्न स्थानीय सरकार गठन भई सञ्चालनमा रहेका छन्। निर्वाचनका विभिन्न क्रियाकलापमा यी निकायसँग सहकार्य गर्दै अगाडि बढने उपयुक्त अवसर आएको छ। निर्वाचनका विधि र प्रक्रियामा सामयिक सुधारको थालनी गर्ने बेला भएको छ। उदाहरणको लागि, हाम्रो मुलुकमा मतदान सम्पन्न भएपछि मतपेटिका र अन्य कागजात निर्वाचन अधिकृतको कार्यालयमा ल्याई मतगणना गर्ने विधि अवलम्बन गरिएको छ। यसले निर्वाचनलाई ज्यादै बोझिलो र खर्चिलो बनाएको अनुभूत भएको छ। निर्वाचनको समीक्षाको क्रममा मतदान स्थल वा केन्द्रमा नै मतगणना गर्नुपर्ने सुझाव प्राप्त भएका छन् (निर्वाचन समीक्षा, पृ.७३ )।

मतदान स्थल/केन्द्रमा खटिएकै जनशक्तिले छोटो समयमा मतगणना सम्पन्न गरी नतिजा सार्वजनिक गर्न सकिनेमा निर्वाचन अधिकृतको कार्यालयमा मतगणना गर्दा निर्वाचन अधिकृतको कार्यालयसम्म मतपेटिका ओसार्ने काम निकै खर्चलो र चुनौतीपूर्ण रहदै आएको छ। निर्वाचनमा पराजय भोग्ने पक्षले गणना प्रक्रिया सम्पन्न भइसकेपछि पनि मतपेटिका ओसारपसारको व्यवस्थापनमा भएका सानातिना कमी कमजोरीलाई समेत बढाई चढाई विभिन्न कोणबाट अनेक शङ्का उपशङ्का र अफवाह सृजना गर्ने प्रयास हुने गरेका छन्। मतगणना स्थलको व्यवस्थापन, मतगणना कर्मचारीको खर्च र सुरक्षा खर्चमा ठूलो स्रोत साधन खर्च हुने गरेको छ। तसर्थ निर्वाचनलाई थप विश्वसनीय र मितव्ययी बनाउन मतदान स्थल/केन्द्रमा नै मतगणना गर्ने व्यवस्था गर्न ढिला भइसकेको छ। मुलुकभर एकैपटक यो प्रावधान लागु गर्न सकिएन भने पनि जहाँ जहाँ सकिन्छ त्यहींबाट शुरु गर्न आवश्यक छ। यसको लागि स्थानीय तहहरूसँगको सहकार्यमा मतदान स्थल/केन्द्रको पूर्वाधार बलियो बनाउन आवश्यक छ। मतदान स्थल/केन्द्र रहेका विद्यालय वा सरकारी भवनहरूको न्यूनतम् मापदण्ड (कतबलमबचम ) तोकी तदनुरूपको पूर्वाधार निर्माण गर्न स्थानीय तहको सहयोग जुटाउन उपयुक्त हुने देखिन्छ। मतदान स्थल/केन्द्रमा नै मतगणना गर्ने अभ्यास अवलम्बन गर्दा मतगणना पश्चात मतपेटिका, छेकाबारा, रबर म्याट जस्ता पुनः प्रयोगमा ल्याउन सकिने सामग्री त्यहीं भण्डारण गर्नसमेत सकिन्छ।

निरन्तर मतदाता दर्ताको कामलाई स्थानीय तहको सहयोगमा गाउँपालिका/नगरपालिकास्तरमा सञ्चालन गर्न सकिन्छ। व्यक्तिगत घटना दर्ता विवरणसँग आवद्ध गरी मतदाता नामावलीलाई अद्यावधिक गर्दै जाने

प्रक्रियाको त थालनी नै भइसकेको छ। यसैगरी मतदाता शिक्षा कार्यक्रमको सञ्चालन स्थानीय भाषा, शैलीमा मतदाताको घरदैलोसम्म पुर्याउन सकिन्छ। मतदान हुने दिन मतदान केन्द्रमा पिउने पानी, शौचालय, स्तनपान कक्ष, कोभिड-१९ को सङ्क्रमणबाट जोगिन हातधुने पानी र साबुनको प्रबन्ध, मतद( ाताका लागि मास्क लगायतका स्वास्थ्य सुरक्षा सामग्रीको प्रबन्ध, ज्येष्ठ नागिरक, अशक्त र अपाङ्गता भएका मतदाताका लागि सहजीकरण जस्ता विषयमा स्थानीय तहहरूको सहयोग प्राप्त गर्न सकिन्छ। कागज, कलम, स्टापलर मेशिन र सोको पिन, पञ्चिङ मेशिन, रुलर, ग्लुस्टिक , लाहा, सलाई जस्ता स-सना मसलन्द सामग्री मतदान केन्द्र रहेको वडाका वडा कार्यालयहरूबाटै प्रबन्ध गर्न सकिन्छ। ख्वाट्ट हेर्दा यी निकै मसिना वियष लाग्न सक्छन् तर यसले निर्वाचन व्यवस्थापनलाई सहभागितामूलक बनाउनुको साथै समग्र निर्वाचन प्रक्रियालाई सहज र मितव्ययी बनाउने निश्चित छ।

स्थानीय तहबाट सहयोग जुटाउन सकिने अर्को पाटो जनशक्ति व्यवस्थापन हो। मतदान केन्द्रमा खटिने धेरैजसो जनशक्ति अहिलेसम्म जिल्ला सदरमुकामबाट नै खटाउने अभ्यास कायम छ। निर्वाचनको लागि स्थानीय जनशक्ति उपर प्रकट गरिने अविश्वास पनि यसको प्रमुख कारक हो। तर निर्वाचनलाई मितव्ययी बनाउन मतदान अधिकृत बाहेकका जनशक्तिमा उपलब्ध भएसम्म स्थानीय जनशक्ति परिचालन गर्न आवश्यक छ। यसका विभिन्न विधि हुनसक्छन्। मतदानको दिन प्रत्येक मतदान केन्द्रमा स्थानीय युवा युवतीलाई स्वयंसेवकको रुपमा परिचालन गरिरहेको हाम्रो आफ्नै अभ्यास छ। थप उपाय,विधि र प्रक्रियाहरु खोज्दै, पहिल्याउँदै जानुपर्छ। निर्वाचन प्रक्रियाको सुधारको लागि जतिबेला जे गर्न सकिन्छ त्यसको शुरुआत गरि हाल्नु नै सुधारको उत्तम विधि हो।

# अनुसूची-१

आयोगबाट २०७६ असोज २ मा स्वीकृत मतदान सामग्रीहरूको सूची (खण्ड ८ सँग सम्बन्धित)

| क्र.सं. | सामग्री | क्र.सं. | सामग्री |
|---|---|---|---|
| १ | मतपत्र | २९ | बाहिर लेखिएको कार्ड |
| २ | मतपेटिका | ३० | पुरुष लेखिएको कार्ड |
| ३ | सुरक्षण सिल (मतदान केन्द्रमा पठाउने प्रयोजन) | ३१ | महिला लेखिएको कार्ड |
| ४ | सुरक्षण सिल (तालिम प्रयोजन) | ३२ | हतियार निषेध लेखिएको कार्ड |
| ५ | नउडने मसी भएको मार्कर पेन | ३३ | धुमपान निषेध लेखिएको कार्ड |
| ६ | स्वस्तिक छाप (रबर) | ३४ | मतदाता क्रम ............देखि.........सम्म लेखिएको कार्ड |
| ७ | मतपेटिका स्टिकर | ३५ | मतदान केन्द्र लेखिएको कार्ड |
| ८ | स्वस्तिक छाप पित्तल | ३६ | प्लाष्टिक थैलो |
| ९ | स्ट्याम्प प्याड मसी | ३७ | प्लाष्टिक बोरा |
| १० | छेकाबारा | ३८ | उपनिर्वाचन सम्बन्धी ऐन, नियम, निर्देशिका |
| ११ | रबर म्याट | ३९ | उपनिर्वाचन आचारसंहिता |
| १२ | लाहा | ४० | प्लाष्टिक सुतली |
| १३ | मार्कर पेन | ४१ | प्याकिङ टेप |
| १४ | स्ट्याम्प प्याड | ४२ | नेपाली कागजको खाम |
| १५ | पुस पिन (प्याकेट) | ४३ | निविदा मतपत्र राख्ने नेपाली खाम |
| १६ | क्लिप पिन | ४४ | सेतो कागज (ए फोर साइज) |
| १७ | स्केल | ४५ | रेकर्ड फाइल (फित्ता सहित) |
| १८ | स्टापलर मेशिन | ४६ | धागो |
| १९ | स्टापलर पिन (ब ा) | ४७ | सियो |
| २० | कैंची | ४८ | खाप्सियो (बोरा सिलाउन मिल्ने) |
| २१ | ग्लुस्टिक | ४९ | फलाटिन कपडा |
| २२ | सोसर | ५० | सलाई |
| २३ | पञ्चिङ मेशिन | ५१ | कोरा कपडा थैला (निर्वाचन अधिकृतको कार्यालयबाट मतपत्र मतदान केन्द्रसम्म लैजान र मतदान केन्द्रमा बाँकी रहेका सामानहरू फिर्ता ल्याउन) |
| २४ | कर्मचारी परिचयपत्र (कार्ड होल्डर र डोरी सहित) | ५२ | कोरा कपडा (दुई मिटरको टुक्रा) |
| २५ | स्वयंसेवक परिचयपत्र (कार्ड होल्डर र डोरी सहित) | ५२ | जेलपेन (कालो) |
| २६ | मतदान प्रतिनिधि परिचयपत्र (कार्ड होल्डर र डोरी सहित) | ५४ | जेलपेन (रातो) |
| २७ | मतगणना कर्मचारी परिचयपत्र (कार्ड हो ल्डर र डोरी सहित) | ५५ | मैनबत्ती प्याकेट |
| २८ | भित्र लेखिएको कार्ड | ५६ | पोलबुक |

## अनुसूची-२

सामग्री व्यवस्थापन नीति (खण्ड ११ सँग सम्बन्धित)

### (क) अर्को संविधान सभा सदस्य निर्वाचन,२०७०

- निर्वाचन सामग्रीहरू सकभर वैदेशिक सहायता अन्तर्गत दातृ मुलुक वा निकायबाट प्राप्त गर्ने,
- वैदेशिक सहायताबाट प्राप्त हुन नसकेका सामग्री आन्तरिक रूपमा खरिद गरी व्यवस्थापन गर्ने,
- वस्तु तथा सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ को प्रक्रिया पूरा गरी खरिद गर्न समयाभावका कारण सम्भव नभएको अवस्थामा मात्र निर्वाचन आयोग ऐन,२०६३ को दफा १६ बमोजिम गर्ने,
- निर्वाचन आयोग ऐन,२०६३ को दफा १६ बमोजिम सामग्री व्यवस्थापन गर्नुपर्ने अवस्थामा आपूर्तिकर्ताहरूबिच बढीभन्दा बढी प्रतिस्पर्धा हुने गरी गर्ने,
- छपाइ सामग्रीको उत्पादनमा एकाधिकारबाट उत्पन्न हुनसक्ने जोखिमलाई कम गर्न बढी भन्दा बढी छापाखाना सञ्चालकहरूलाई संलग्न गराउने,
- सामग्री व्यवस्थापनमा जिल्ला निर्वाचन कार्यालयहरूको क्षमता अभिवृद्धि गर्न स्थानीयस्तरमा उपलब्ध हुनसक्ने प्रकृतिका सामग्री खरिदको जिम्मेवारी जिल्ला निर्वाचन कार्यालयहरूलाई दिने,
- निर्वाचन सामग्रीको ढुवानीमा सशस्त्र प्रहरी बल, नेपाली सेना र आवश्यकता अनुसार निजी क्षेत्रका ढुवानी साधन प्रयोग गर्ने,
- भौगोलिक रूपले बिकट र मौसमको प्रतिकूलताको कारण हिमाली जिल्लाका उच्चस्थनमा रहेका कुनै मतदान केन्द्रमा मतदान सामग्री, कर्मचारी एवं सुरक्षाकर्मीलाई पुर्याउनुपर्ने, मतदानपछि मतदान केन्द्रबाट ल्याउनु पर्ने र आकस्मिक उद्धार गर्नुपर्ने अवस्थामा आवश्यकता अनुसार हेलिकप्टर सेवाको प्रयोग गर्ने,
- मतदानपछि मतपेटिका सङ्कलनमा भौगोलिक विकटता र सुरक्षा संवेदनशिलताका कारण आवश्यकता अनुसार हेलिकप्टरको सेवा समेत प्रयोग गर्ने ।

*स्रोत: अर्को संविधान सभा सदस्य निर्वाचन,२०७० तथा उपनिर्वाचन,२०७१ को प्रतिवेदन पृ.६५ र ६६*

### (ख) स्थानीय तह निर्वाचन,२०७४

- निर्वाचन सामग्रीहरू सकभर वैदेशिक सहायता अन्तर्गत दातृ मुलुक वा निकायबाट प्राप्त गर्ने,
- वैदेशिक सहायताबाट प्राप्त हुन नसकेका सामग्री आन्तरिक रूपमा खरिद गरी व्यवस्थापन गर्ने,
- वस्तु तथा सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को प्रक्रिया पूरा गरी खरिद गर्न समयाभावका कारण सम्भव नभएको अवस्थामा मात्र निर्वाचन आयोग ऐन,२०७३ को दफा ३८ बमोजिम गर्ने,
- निर्वाचन आयोग ऐन,२०७३ को दफा ३८ बमोजिम सामग्री व्यवस्थापन गर्नुपर्ने अवस्थामा आपूर्तिकर्ता हरूबिच बढीभन्दा बढी प्रतिस्पर्धा हुने गरी गर्ने र प्रतिस्पर्धा गराउन पनि सम्भव नभएमा सोझै खरिद गर्ने,
- छपाइ सामग्रीको उत्पादनमा एकाधिकारबाट उत्पन्न हुनसक्ने जोखिमलाई कम गर्न बढी भन्दा बढी

छापाखाना सञ्चालकहरूलाई संलग्न गराउने,

- सामग्री व्यवस्थापनमा क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरूको क्षमता अभिवृद्धि गर्न स्थानीयस्तरमा उपलब्ध हुनसक्ने प्रकृतिका सामग्री खरिदको जिम्मेवारी क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरूलाई दिने
- निर्वाचन सामग्रीको ढुवानीमा सशस्त्र प्रहरी बल, नेपाली सेना र आवश्यकता अनुसार निजी क्षेत्रका ढुवानी साधन प्रयोग गर्ने,
- भौगोलिक रूपले बिकट र मौसमको प्रतिकूलताको कारण हिमाली जिल्लाका उच्चस्थानमा रहेका कुनै मतदान केन्द्रमा मतदान सामग्री, कर्मचारी एवं सुरक्षाकर्मीलाई पुर्याउनुपर्ने, मतदानपछि मतदान केन्द्रबाट सामग्री ल्याउनु पर्ने र आकस्मिक उद्धार गर्नुपर्ने अवस्थामा आवश्यकता अनुसार हेलिकप्टर सेवाको प्रयोग गर्ने,
- मतदानपछि मतपेटिका सङ्कलनमा भौगोलिक विकटता र सुरक्षा संवेदनशिलताका कारण आवश्यकता अनुसार हेलिकप्टरको सेवा समेत प्रयोग गर्ने ।

*स्रोत: निर्वाचन आयोगको वार्षिक प्रतिवेदन २०७३/७४ पृ. २८ र २९*

## (ग) प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन,२०७४

- वस्तु तथा सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को प्रक्रिया पूरा गरी खरिद गर्ने समय अभावका कारण सम्भव नभएको अवस्थामा मात्र निर्वाचन आयोग ऐन,२०७३ को दफा ३८ बमोजिम वस्तु तथा सेवाको खरिद गर्ने,
- निर्वाचन आयोग ऐन,२०७३ को दफा ३८ बमोजिम सामग्री व्यवस्थापन गर्नुपर्ने अवस्थामा आपूर्ति कर्ताहरूबिच बढीभन्दा बढी प्रतिस्पर्धा गराई गर्ने र प्रतिस्पर्धा गराउन सम्भव नभएको खण्डमा सोझै खरिद गर्ने,
- छपाइ सामग्रीको उत्पादनमा एकाधिकारबाट उत्पन्न हुनसक्ने जोखिमलाई कम गर्न बढी भन्दा बढी छापाखाना सञ्चालकहरूलाई छपाइ कार्यमा संलग्न गराउने,
- सामग्री व्यवस्थापनमा क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरूको क्षमता अभिवृद्धि गर्न स्थानीयस्तरमा उपलब्ध हुनसक्ने प्रकृतिका सामग्री खरिदको जिम्मेवारी क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरूलाई दिने,
- निर्वाचन सामग्रीको ढुवानीमा सशस्त्र प्रहरी बल, नेपाली सेना र आवश्यकतानुसार निजी क्षेत्रका ढुवानी साधन प्रयोग गर्ने,
- भौगोलिक रूपले बिकट र मौसमको प्रतिकूलताको कारण हिमाली जिल्लाका उच्चस्थानमा रहेका कुनै मतदान केन्द्रमा मतदान सामग्री, कर्मचारी एवं सुरक्षाकर्मीलाई पुर्याउनुपर्ने, मतदानपछि मतदान केन्द्रबाट सामग्री ल्याउनु पर्ने र आकस्मिक उद्धार गर्नुपर्ने अवस्थामा आवश्यकता अनुसार हेलिकप्टर सेवाको प्रयोग गर्ने,
- मतदानपछि मतपेटिका सङ्कलनमा भौगोलिक विकटता र सुरक्षा संवेदनशिलताका कारण आवश्यकता अनुसार हेलिकप्टरको सेवा समेत प्रयोग गर्ने ।

*स्रोत: आयोगको वार्षिक प्रतिवेदन२०७४/७५ पृ. ३२ र ३३*

## अनुसूची-३

स्वास्थ्य सुरक्षासँग सम्बन्धित सामग्रीको सूची (खण्ड १३ सँग सम्बन्धित)

| क्र.सं. | सामग्री | क्र.सं. | सामग्री |
|---|---|---|---|
| १ | सर्जिकल मास्क | २ | डिस्पोजेबल ग्लोभ्स |
| ३ | हात धुने साबुन | ४ | ह्याण्ड स्यानिटाइजर |
| ५ | फेस सिल्ड | ६ | थर्मल गन (Non contacts thermometer) |

## अनुसूची-४

मतदान केन्द्रमा पठाउनुपर्ने मतदान सामग्रीको सूची (खण्ड १३ सँग सम्बन्धित)

| क्र.सं. | सामग्री | क्र.सं. | सामग्री |
|---|---|---|---|
| १ | मतदाता नामावली | ३२ | धुमपान निषेध लेखिएको कार्ड |
| २ | मतपत्र | ३३ | मतदाता क्रम.........देखि.........सम्म लेखिएको कार्ड |
| ३ | मतपेटिका | ३४ | ..................मतदान केन्द्र लेखिएको कार्ड |
| ४ | सुरक्षण सिल (मतदान केन्द्रमा पठाउने प्रयोजन) | ३५ | प्लाष्टिक थैलो |
| ५ | सुरक्षण सिल (तालिम प्रयोजन) | ३६ | प्लाष्टिक बोरा |
| ६ | नउडने मसी भएको मार्कर पेन | ३७ | सम्बन्धित ऐन, नियम, निर्देशिका |
| ७ | स्वस्तिक छाप (रबर) | ३८ | निर्वाचन आचारसंहिता |
| ८ | मतपेटिका स्टिकर | ३९ | प्लाष्टिक सुतली |
| ९ | अनुसूची फाराम | ४० | प्याकिङ टेप |
| १० | स्वस्तिक छाप पित्तल | ४१ | नेपाली कागजको खाम |
| ११ | स्ट्याम्प प्याड मसी | ४२ | निविदा मतपत्र राख्ने नेपाली खाम |
| १२ | छेकाबारा | ४३ | सेतो कागज (ए फोर साइज) |
| १३ | रबर म्याट | ४४ | रेकर्ड फाइल (फिता सहित) |
| १४ | लाहा | ४५ | धागो |
| १५ | मार्कर पेन | ४६ | सियो |
| १६ | स्ट्याम्प प्याड | ४७ | खाप्सियो (बोरा सिलाउन मिल्ने) |
| १७ | क्लिप पिन | ४८ | फलाटिन कपडा |
| १८ | स्केल | ४९ | सलाई |
| १९ | स्टापलर मेशिन | ५० | कोरा कपडा थैला (निर्वाचन अधिकृतको कार्यालयबाट मतपत्र मतदान केन्द्रसम्म लैजान र मतदान केन्द्रमा बाँकी रहेका सामानहरू फिर्ता ल्याउन) |
| २० | स्टापलर पिन (ब ।) | ५१ | कोरा कपडा (दुई मिटरको टुक्रा) |
| २१ | कैंची | ५२ | जेलपेन (कालो) |
| २२ | ग्लुस्टिक | ५३ | जेलपेन (रातो) |
| २३ | सोसर | ५४ | मैनबत्ती |

| | | | |
|---|---|---|---|
| २४ | पञ्चिङ मेशिन | ५५ | पोलबुक |
| २५ | कर्मचारी/स्वयंसेवक परिचयपत्र (कार्ड होल्डर र डोरी सहित) | ५६ | सर्जिकल मास्क |
| २६ | मतदान प्रतिनिधि परिचयपत्र (कार्ड होल्डर र डोरी सहित) | ५७ | डिस्पोजेबल ग्लोभ्स ग्लोभ्स |
| २७ | भित्र लेखिएको कार्ड | ५८ | ह्याण्ड स्यानिटाइजर |
| २८ | बाहिर लेखिएको कार्ड | ५९ | हात धुने साबुन |
| २९ | पुरुष लेखिएको कार्ड | ६० | फेस सिल्ड |
| ३० | महिला लेखिएको कार्ड | ६१ | थर्मल गन (Non Contacts Thermometer) |
| ३१ | हतियार निषेध लेखिएको कार्ड | ६२ | स्वास्थ्य सुरक्षा र मतदान सम्बन्धी जानकारीमूलक पोष्टर |

## अनुसूची-५

संवेदनशिलताको आधारमा मतदान सामग्रीको वर्गीकरण (खण्ड १४.१ सँग सम्बन्धित)

### (क) संवेदनशील सामग्री

| क्र.सं. | सामग्री | क्र.सं. | सामग्री |
|---|---|---|---|
| १ | मतदाता नामावली | २ | मतपत्र |
| ३ | मतपेटिका | ४ | नउडने मसी भएको मार्कर पेन |
| ५ | सुरक्षण सिल (मतदान केन्द्रमा पठाउने प्रयोजन) | ६ | स्वस्तिक छाप (रबर) |
| ७ | स्ट्याम्प प्याड | ८ | अनुसूची फाराम |
| ९ | स्ट्याम्प प्याड मसी | १० | सम्बन्धित ऐन, नियम, निर्देशिका |
| ११ | पोल बुक | | |

## (ख) कम संवेदनशील सामग्री

| क्र.सं. | सामग्री | क्र.सं. | सामग्री |
|---|---|---|---|
| १ | सुरक्षण सिल (तालिम प्रयोजन) | २७ | प्लाष्टिक बोरा |
| २ | मतपेटिका स्टिकर | २८ | निर्वाचन आचारसंहिता |
| ३ | स्वस्तिक छाप पित्तल | २९ | प्लाष्टिक सुतली |
| ४ | छेकाबारा | ३० | प्याकिङ टेप |
| ५ | रबर म्याट | ३१ | नेपाली कागजको खाम |
| ६ | लाहा | ३२ | निविदा मतपत्र राख्ने नेपाली खाम |
| ७ | मार्कर पेन | ३३ | सेतो कागज (ए फोर साइज) |
| ८ | क्लिप पिन | ३४ | रेकर्ड फाइल (फिता सहित) |
| ९ | स्केल | ३५ | धागो |
| १० | स्टापलर मेशिन | ३६ | सियो |
| ११ | स्टापलर पिन (बट्टा) | ३७ | खाप्सियो (बोरा सिलाउन मिल्ने) |
| १२ | कैंची | ३८ | फलाटिन कपडा |
| १३ | ग्लुस्टिक | ३९ | सलाई |
| १४ | सोसर | ४० | कोरा कपडा थैला (निर्वाचन अधिकृतको कार्यालयबाट मतपत्र मतदान केन्द्रसम्म लैजान र मतदान केन्द्रमा बाँकी रहेका सामानहरू फिर्ता ल्याउन) |
| १५ | पञ्चिङ मेशिन | ४१ | कोरा कपडा (दुई मिटरको टुक्रा) |
| १६ | कर्मचारी / स्वयंसेवक परिचयपत्र (कार्ड होल्डर र डोरी सहित) | ४२ | जेलपेन (कालो) |
| १७ | मतदान प्रतिनिधि परिचयपत्र (कार्ड होल्डर र डोरी सहित) | ४३ | जेलपेन (रातो) |
| १८ | भित्र लेखिएको कार्ड | ४४ | मैनबत्ती |
| १९ | बाहिर लेखिएको कार्ड | ४५ | सर्जिकल मास्क |
| २० | पुरुष लेखिएको कार्ड | ४६ | |
| २१ | महिला लेखिएको कार्ड | ४७ | डिस्पोजेबल ग्लोभ्स |
| २२ | हतियार निषेध लेखिएको कार्ड | ४८ | हात धुने साबुन |
| २३ | धुमपान निषेध लेखिएको कार्ड | ४९ | फेस सिल्ड |
| २४ | मतदाता क्रम..........देखि..........सम्म ले खिएको कार्ड | ५० | थर्मल गन (Non contacts thermometer) |
| २५ | ..................मतदान केन्द्र लेखिएको कार्ड | ५१ | *स्वास्थ्य सुरक्षा र मतदान सम्बन्धी जानकारीमूलक पोष्टर* |
| २६ | प्लाष्टिक थैलो | | |

# अनुसूची-६

उपलब्धताको आधारमा मतदान सामग्रीको वर्गीकरण (खण्ड १४.२ सँग सम्बन्धित)

## (क) वाह्य बजारमा निर्भर हुनुपर्ने सामग्री

| क्र.सं. | सामग्री | क्र.सं. | सामग्री |
|---|---|---|---|
| १ | मतपेटिका | ६ | स्ट्याम्प प्याड मसी |
| २ | सुरक्षण सिल (मतदान केन्द्रमा पठाउने प्रयोजन) | ७ | छेकाबारा |
| ३ | सुरक्षण सिल (तालिम प्रयोजन) | ८ | स्ट्याम्प प्याड |
| ४ | नउडने मसी भएको मार्कर पेन | ९ | थर्मल गन (Non Contacts Thermometer) |
| ५ | स्वस्तिक छाप (रबर) | | |

## (ख) आन्तरिकरूपमा व्यवस्थापन गरिने एवं आन्तरिक बजारमा उपलब्ध हुनसक्ने सामग्री

| क्र.सं. | सामग्री | क्र.सं. | सामग्री |
|---|---|---|---|
| १ | मतदाता नामावली | २८ | प्लाष्टिक बोरा |
| २ | मतपत्र | २९ | सम्बन्धित ऐन, नियम, निर्देशिका |
| ३ | स्वस्तिक छाप (रबर) | ३० | निर्वाचन आचारसंहिता |
| ४ | मतपेटिका स्टिकर | ३१ | प्लाष्टिक सुतली |
| ५ | अनुसूची फाराम | ३२ | प्याकिङ टेप |
| ६ | स्वस्तिक छाप पित्तल | ३३ | नेपाली कागजको खाम |
| ७ | लाहा | ३४ | निविदा मतपत्र राख्ने नेपाली खाम |
| ८ | मार्कर पेन | ३५ | सेतो कागज (ए फोर साइज) |
| ९ | क्लिप पिन | ३६ | रेकर्ड फाइल (फित्ता सहित) |
| १० | स्केल | ३७ | धागो |
| ११ | स्टापलर मेशिन | ३८ | सियो |
| १२ | स्टापलर पिन (बट्टा) | ३९ | खाप्सियो (बोरा सिलाउन मिल्ने) |
| १३ | कैंची | ४० | फलाटिन कपडा |
| १४ | ग्लुस्टिक | ४१ | सलाई |
| १५ | सोसर | ४२ | कोरा कपडा थैला (निर्वाचन अधिकृतको कार्यालयबाट मतपत्र मतदान केन्द्रसम्म लैजान र मतदान केन्द्रमा बाँकी रहेका सामानहरु फिर्ता ल्याउन) |
| १६ | पञ्चिङ मेशिन | ४३ | कोरा कपडा (दुई मिटरको टुक्रा) |
| १७ | कर्मचारी/स्वयंसेवक परिचयपत्र (कार्ड होल्डर र डोरी सहित) | ४४ | जेलपेन (कालो) |
| १८ | मतदान प्रतिनिधि परिचयपत्र (कार्ड होल्डर र डोरी सहित) | ४५ | जेलपेन (रातो) |

| | | | |
|---|---|---|---|
| १९ | भित्र लेखिएको कार्ड | ४६ | मैनबत्ती |
| २० | बाहिर लेखिएको कार्ड | ४७ | पोलबुक |
| २१ | पुरुष लेखिएको कार्ड | ४८ | सर्जिकल मास्क |
| २२ | महिला लेखिएको कार्ड | ४९ | डिस्पोजेबल ग्लोभ्स ग्लोभ्स |
| २३ | हतियार निषेध लेखिएको कार्ड | ५० | ह्याण्ड स्यानिटाइजर |
| २४ | धुमपान निषेध लेखिएको कार्ड | ५१ | हात धुने साबुन |
| २५ | मतदाता क्रम..........देखि..........सम्म लेखिएको कार्ड | ५२ | फेस सिल्ड |
| २६ | ..................मतदान केन्द्र लेखिएको कार्ड | ५३ | स्वास्थ्य सुरक्षा र मतदान सम्बन्धी जानकारीमूलक पोष्टर |
| २७ | प्लाष्टिक थैलो | | |

## अनुसूची-७

निर्वाचन आयोगबाट व्यवस्थापन गर्नुपर्ने सामग्री (खण्ड १५.१ सँग सम्बन्धित)

| क्र.सं. | सामग्री | क्र.सं. | सामग्री |
|---|---|---|---|
| १ | मतदाता नामावली | १२ | रबर म्याट |
| २ | मतपत्र | १३ | लाहा |
| ३ | मतपेटिका | १४ | स्ट्याम्प प्याड |
| ४ | सुरक्षण सिल (मतदान केन्द्रमा पठाउने प्रयोजन) | १५ | सम्बन्धित ऐन, नियम, निर्देशिका |
| ५ | सुरक्षण सिल (तालिम प्रयोजन) | १६ | निर्वाचन आचारसंहिता |
| ६ | नउडने मसी भएको मार्कर पेन | १७ | मैनबत्ती |
| ७ | स्वस्तिक छाप (रबर) | १८ | पोलबुक |
| ८ | मतपेटिका स्टिकर | १९ | फेस सिल्ड |
| ९ | स्वस्तिक छाप पित्तल | २० | थर्मल गन (Non contacts thermometer) |
| १० | स्ट्याम्प प्याड मसी | २१ | *स्वास्थ्य सुरक्षा र मतदान सम्बन्धी जानकारीमूलक पोष्टर* |
| ११ | छेकाबारा | | |

# अनुसूची-८

निर्वाचन कार्यालयबाट व्यवस्थापन गर्न सकिने सामग्री (खण्ड १५.२ सँग सम्बन्धित)

## (१) छपाइ सामग्री

| क्र.सं. | सामग्री | क्र.सं. | सामग्री |
|---|---|---|---|
| १ | अनुसूची फाराम | ७ | पुरुष लेखिएको कार्ड |
| २ | कर्मचारी/स्वयंसेवक परिचयपत्र (कार्ड होल्डर र डोरी सहित) | ८ | महिला लेखिएको कार्ड |
| ३ | मतदान प्रतिनिधि परिचयपत्र (कार्ड होल्डर र डोरी सहित) | ९ | हतियार निषेध लेखिएको कार्ड |
| ४ | भित्र लेखिएको कार्ड | १० | धुमपान निषेध लेखिएको कार्ड |
| ५ | ............मतदान केन्द्र लेखिएको कार्ड | ११ | मतदाता क्रम.........देखि.........सम्म लेखिएको कार्ड |
| ६ | बाहिर लेखिएको कार्ड | | |

## (२) स्टेशनरी

| क्र.सं. | सामग्री | क्र.सं. | सामग्री |
|---|---|---|---|
| १ | मार्कर पेन | ८ | नेपाली कागजको खाम |
| २ | क्लिप पिन | ९ | निविदा मतपत्र राख्ने नेपाली खाम |
| ३ | स्केल | १० | सेतो कागज (ए फोर साइज) |
| ४ | स्टापलर मेशिन | ११ | रेकर्ड फाइल (फित्ता सहित) |
| ५ | स्टापलर पिन (बट्टा) | १२ | जेलपेन (कालो) |
| ६ | ग्लुस्टिक | १३ | जेलपेन (रातो) |
| ७ | पञ्चिङ मेशिन | | |

## (३) स्वास्थ्य सुरक्षासँग सम्बन्धित सामग्री

| क्र.सं. | सामग्री | क्र.सं. | सामग्री |
|---|---|---|---|
| १ | सर्जिकल मास्क | ३ | डिस्पोजेबल ग्लोभ्स |
| २ | ह्याण्ड स्यानिटाइजर | ४ | हात धुने साबुन |

## (४) प्याकेजिङका लागि आवश्यक सामग्री

| क्र.सं. | सामग्री | क्र.सं. | सामग्री |
|---|---|---|---|
| १ | प्लाष्टिक थैलो | ४ | प्लाष्टिक बोरा |
| २ | प्याकिङ टेप | ५ | खाप्सियो (बोरा सिलाउन मिल्ने) |
| ३ | कोरा कपडा थैला (निर्वाचन अधिकृतको कार्यालयबाट मतपत्र मतदान केन्द्रसम्म लैजान र मतदान केन्द्रमा बाँकी रहेका सामानहरु फिर्ता ल्याउन) | ६ | कोरा कपडा (दुई मिटरको टुक्रा) |

## (५) अन्य सामग्री

| क्र.सं. | सामग्री | क्र.सं. | सामग्री |
|---|---|---|---|
| १ | कैंची | ५ | प्लाष्टिक सुतली |
| २ | सोसर | ६ | फलाटिन कपडा |
| ३ | धागो | ७ | सलाई |
| ४ | सियो | | |

# अनुसूची-९

मतदान सामग्रीको सामान्य स्पेशिफिकेशन र मतदान केन्द्रगत दरबन्दी विवरण

(खण्ड १८ सँग सम्बन्धित)

| क्र.सं. | मतदान सामग्री | मतदान सामग्रीको स्पेशिफिकेशन | निर्वाचन र सामग्रीको मतदान केन्द्रगत दरबन्दी | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | गाउँपालिका तथा नगरपालिका | गाउँ/नगर कार्यपालिका | जिल्ला समन्वय समिति | प्रतिनिधि सभा तथा प्रदेश सभा | राष्ट्रिय सभा | राष्ट्रपति र उपराष्ट्रपति |
| १ | मतदाता नामावली | फोटो सहितको मतदाता नामावली, ८० जीएसएमको फोटोकपि पेपरमा छपाइ हुन | २ (दुई) प्रति । एक प्रति रङ्गीन र एकप्रति श्याम श्वेत। (गाउँपालिका तथा नगरपालिका निर्वाचन, प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन, राष्ट्रिय सभा निर्वाचन र राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनको लागि) | | | | | |
| २ | मतपत्र | कम्तीमा ७० जीएस एमको म्याप लिथो ह्वाइट पेपर मा सम्बन्धित निर्वाचन निर्देशिकाले व्यवस्था गरे बमोजिम र आयोगबाट निर्धारित स्पेशिफिकेशन र ढाँचा अनुसार छपाइ हुने । | गाउँपालिका तथा नगरपालिका निर्वाचन, प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन, राष्ट्रिय सभा निर्वाचन र राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनको लागि मतदाता सङ्ख्यामा आयोगले निर्धारण गरेको सङ्ख्यामा थप गरी गाउँ/नगर कार्यपालिका निर्वाचन र जिल्ला समन्वय समितिको निर्वाचनमा मतदाता सङ्ख्यामा मुख्य निर्वाचन अधिकृतले निर्धारण गरेको सङ्ख्यामा थप गरी | | | | | |
| ३ | मतपेटिका | अर्धपारदर्शी प्लाष्टिक मेटेरियल, | मतपत्रको आकार र मतदाता सङ्ख्या अनुसार १ वा २ थान | २ | १ | ४ | ४ | १ |
| ४ | सुरक्षण सिल (मतदान केन्द्रमा पठाउने प्रयोजन) | प्लाष्टिक मेटेरियल, आयोगबाट निर्धारण हुने रङ्ग,युनिक सिरियल नम्बर र अन्य स्पेशिफिकेशन बमोजिमको | • ४३ लि क्षमताका मतपेटिकामा प्रति मतपेटिका ७ थान (मतपेटिकाको चारैपाटामा लगाउन ६ थान, बिर्कोमा लगाउन १ थान) र जगेडा ३ थान गरी १० थान ।<br>• ८० लिटर र ८५ लिटर क्षमताका मतपेटिकामा मतपेटिकामा लगाउन ५ थान (मतपेटिकाको चारैपाटामा लगाउन ४ थान, बिर्कोमा लगाउन १ थान) र जगेडा २ थान गरी ७ थान ।<br><br>*(८५ लि क्षमताका मतपेटिकाको बिर्कोमा २ थान लगाउनु पर्ने अवस्थामा भने मतपेटिकाको चारैपाटामा लगाउन ४ थान, बिर्कोमा लगाउन २ थान र जगेडा २ थान गरी ८ थान आवश्यक हुने) ।* | | | | | |
| ५ | सुरक्षण सिल (तालिम प्रयोजन) | प्लाष्टिक मेटेरियल, Type – Pull tight seal , आयोगबाट निर्धारण हुने रङ्ग र स्पेशिफिकेशन बमोजिमको | ५ थान | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | नउडने मसी भएको मार्कर पेन | कम्तीमा १००० जनालाई चिनो लगाउन पुग्ने | ५०० सम्म मतदाता भएकोमा २ थान, सोभन्दा बढी भएकोमा ३ थान | १ | १ | ५०० सम्म मतदाता भएको मा २ थान, सो भन्दा बढी भएकोमा ३ थान | १ | १ |
| ७ | स्वस्तिक छाप (रबर) | १० सेमी लम्बाई,चारैपाटा १ सेमी चौडाई भएको, हाइडेन्सिटी प्लाष्टिकबाट बनेको,दुबै छेउमा मत सङ्केत गर्ने रबरको स्वस्तिक चिह्नको छाप काटिएको,स्वस्तिक चिह्नको छाप काटिएको रबर खुस्काउन नसक्ने गरी दुवै छेउमा मसिनो किला ठोकेको,स्वस्तिक छापको डायमिटर ...भएको **(आयो गले निर्धारण गरेबमोजिम)** | ५०० सम्म मतदाता भएको मा ४ थान ५०० भन्दा बढी भएको मा ६ थान | ३ | २ | ८ | ८ | ४ |
| ८ | मतपेटिका स्टिकर | सामान्यत: ब्छ कष्शभ मा, सम्बन्धित निर्वाचन निर्देशिकामा उल्लेख भएको वा आयोगबाट स्वीकृत स्पेशिफिकेशन र रङ्मा, आयोगबाट उपलब्ध गराइए अनुसारको विवरण छपाइ हुने | प्रति मतपेटिका २ थान | | | | | |
| ९ | अनुसूची फाराम | आवश्यकतानुसार २१०x२९७ एमएम (A4 Size) वा १४८.५x२१० एमएम (A5 size) आकारमा मा छपाइ हुने | उम्मेदवारको सङ्ख्या र प्रयोजनसमेतका आधारमा आयोगबाट निर्धारण हुने परिमाण अनुसार | | | | | |
| १० | स्वस्तिक छाप पित्तल | पित्तल धातुबाट बनाइएको, ६ सेमी लम्बाई भएको,कम्तीमा १० ग्राम तौल भएको,स्वस्तिक छापको डायमिटर १२ एमएम भएको | प्रति मतदान केन्द्र २ थान | | | | | |
| ११ | स्ट्याम्प प्याड मसी | नीलो रङ्को, प्लाष्टिकको बोतलमा, ५० ग्राम तौल भएको | ५०० सम्म मताादाता भएको मा २ थान सो भन्दा बढी भएको मा ३ थान | १ | १ | ५०० सम्म मताादाता भएको मा २ थान सो भन्दा बढी भएकोमा ३ थान | २ | १ |
| १२ | छेकाबारा | | ५०० सम्म मतदाता भएकोमा २ थान सोभन्दा बढी भएकोमा ३ थान | २ | २ | ४ | ४ | २ |
| १३ | रबर म्याट | ४५x४५ सेमी आकारको, ५ एमएम मोटाइ भएको, सतह सम्म भएको, नरम रबरको,मतदान कक्षको टेबुलमा राखी छाप लगाउँदा मतपत्रलाई असर नपर्ने खालको | ५०० सम्म मतदाता भएको मा २ थान ५०० भन्दा बढी भएको मा ३ थान | २ | २ | ४ | ४ | २ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४ | लाहा | ६ देखि ७ इञ्च लम्बाई भएको, प्रति गोटा कम्तीमा ३० ग्राम तौल भएको,रातो रङको ९ वा १० गोटाको प्याकेट | ३ | १ | १ | ३ | ३ | २ |
| १५ | मार्कर पेन | परमानेण्ट प्रकारको कालो मसी भएको | २ | १ | १ | २ | १ | १ |
| १६ | स्ट्याम्प प्याड | नीलो मसी भएको,७१x१२३x१३ एमएम आकारको | ६ | ४ | ३ | ८ | ८ | ४ |
| | पुस पिन | | | | | | | |
| १७ | क्लिप पिन | ५० वटाको प्याकेट,#0031÷50 pieces in pack | १ | १ | १ | १ | १ | १ |
| १८ | स्केल | ४५ सेमी लम्बाई भएको, प्लाष्टिक मेटेरियलको | १ | २ | १ | ४ | ४ | २ |
| १९ | स्टापलर मेशिन | No 10 or #0222 | १ | १ | १ | १ | १ | १ |
| २० | स्टापलर पिन (बट्टा) | No 10 or #0010 | १ | १ | १ | १ | १ | १ |
| २१ | कैंची | 6=75œ long,#0603,Stainless, plastic handle | १ | १ | १ | १ | १ | १ |
| २२ | ग्लुस्टिक | कम्तीमा ३५ ग्राम तौल भएको | १ | १ | १ | १ | १ | १ |
| २३ | सोसर | 6=5 to 7 cm diameter,2=5 to 3 cm thickness भएको, १० वा १२ गोटाको प्याकेट | २ | २ | २ | ८ | ६ | ३ |
| २४ | पञ्चिङ मेशिन | एक पटकमा १० सिटसम्म प्वाल पार्न सक्ने, दुवै प्वाल ६ एमएम डायमिटरको भएको,कागजको छेउबाट १२ एमएममा प्वाल पार्ने | १ | १ | १ | १ | १ | १ |
| २५ | कर्मचारी/ स्वयंसेवक परिचयपत्र (कार्ड होल्डर र डोरी सहित) | ३.५x२ इञ्च आकारको, १५० जीएसएमको कार्डबोर्ड पेपरमा आयोगबाट उपलब्ध गराइने ढाँचा बमोजिमको | १५ | १० | १० | १५ | १० | १० |
| २६ | मतदान प्रतिनिधि परिचयपत्र (कार्ड होल्डर र डोरी सहित) | ३.५x२ इञ्च आकारको, १५० जीएसएमको कार्डबोर्ड पेपरमा आयोगबाट उपलब्ध गराइने ढाँचा बमोजिमको | २५ | १० | १० | २५ | २० | ५ |
| २७ | भित्र लेखिएको कार्ड | २१०x२९७ एमएम (A4 Size_ आकारमा १५० ग्रामको सेतो कार्डबोर्ड पेपरमा भित्र भन्ने अक्षरहरू रातो मसीले छपाइ गरिएको | ४ | २ | २ | ४ | २ | २ |
| २८ | बाहिर लेखिएको कार्ड | २१०x२९७ एमएम (A4 Size) आकारमा १५० ग्रामको सेतो कार्डबोर्ड पेपरमा बाहिर भन्ने अक्षरहरू रातो मसीले छपाइ गरिएको | ४ | २ | २ | ४ | २ | २ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २९ | पुरुष लेखिएको कार्ड | २१०x२९७ एमएम (A4 Size) आकारमा १५० ग्रामको सेतो कार्डबोर्ड पेपरमा पुरुष लेखी पुरुषको चित्र समेत भएको, अक्षर र चित्र रातो मसीले छपाइ गरिएको | ४ | २ | २ | ४ | २ | २ |
| ३० | महिला लेखिएको कार्ड | २१०x२९७ एमएम (A4 Size) आकारमा १५० ग्रामको सेतो कार्डबोर्ड पेपरमा महिला लेखी महिलाको चित्र समेत भएको , अक्षर र चित्र रातो मसीले छपाइ गरिएको | ४ | २ | २ | ४ | २ | २ |
| ३१ | हतियार निषेध लेखिएको कार्ड | २१०x२९७ एमएम (A4 Size) आकारमा १५० ग्रामको सेतो कार्डबोर्ड पेपरमा हतियार निषेध लेखी हतियारको चित्र समेत भएको, अक्षर र चित्र रातो मसीले छपाइ गरिएको | ४ | २ | २ | ४ | २ | २ |
| ३२ | धुमपान निषेध लेखिएको कार्ड | २१०x२९७ एमएम (A4 Size) आकारमा १५० ग्रामको सेतो कार्डबोर्ड पेपरमा धुमपान निषेध भन्ने अक्षरहरु रातो मसीले छपाइ गरिएको | ४ | २ | २ | ४ | २ | २ |
| ३३ | मतदाता क्रम……….देखि……….सम्म लेखिएको कार्ड | २१०x२९७ एमएम (A4 Size) आकारमा १५० ग्रामको सेतो कार्डबोर्ड पेपरमा मतदाता क्रम……….देखि……….सम्म भन्ने अक्षरहरु रातो मसीले छपाइ गरिएको | ४ | २ | २ | ४ | २ | २ |
| ३४ | …………मतदान केन्द्र लेखिएको कार्ड | २१०x२९७ एमएम (A4 Size) आकारमा १५० ग्रामको सेतो कार्डबोर्ड पेपरमा """मतदान केन्द्र भन्ने अक्षहरु रातो मसीले छपाइ गरिएको | ४ | २ | २ | ४ | २ | २ |
| ३५ | प्लाष्टिक थैलो | २६x३५ इञ्च आकारको, सेतो रङको, कम्तीमा ७५ माइक्रोनको | १ | १ | १ | १ | १ | १ |
| ३६ | प्लाष्टिक बोरा | २७x३६ इञ्च आकारको,बाक्लो खालको | १ | १ | १ | १ | १ | १ |
| ३७ | सम्बन्धित ऐन, नियम, निर्देशिका | | १ | १ | १ | १ | १ | १ |
| ३८ | निर्वाचन आचारसंहिता | | १ | १ | १ | १ | १ | १ |
| ३९ | प्लाष्टिक सुतली | एक के.जी. को रोल | १ | १ | १ | १ | १ | १ |
| ४० | प्याकिङ टेप | २ इञ्च चौडाइ ५० मिटर लम्बाइ भएको | १ | १ | १ | १ | १ | १ |
| ४१ | नेपाली कागजको खाम | १०x१५ इञ्च आकारको | ४ | २ | २ | ४ | २ | २ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४२ | निविदा मतपत्र राख्ने नेपाली खाम | १०x१५ इञ्च आकारको,भित्र कपडा जाली भएको | २ | २ | १ | २ | ४ | २ |
| ४३ | सेतो कागज (A4 Size) | ८० जीएसएमको फोटोकपि कागज | ३० पाना | १० पाना | १० पाना | ३० पाना | २० पाना | २० पाना |
| ४४ | रेकर्ड फाइल (फित्ता सहित) | ९.५x१४ इञ्च आकारको, आयोग र नेपाल सरकारको लोगो सहित निर्वाचन आयोग, .................. निर्वाचन, २०...... मुख्य/निर्वाचन अधिकृतको कार्यालय, .........जिल्ला निर्वाचन क्षेत्र नं.........प्रिण्ट भएको | २ | २ | १ | ४ | ४ | २ |
| ४५ | धागो | कपडाको थैलो सिलाउन उपयुक्त हुने खालको | १ | १ | १ | १ | १ | १ |
| ४६ | सियो | कपडाको थैलो सिलाउन सकिने (३.५ इञ्च लम्बाईको) | १ | १ | १ | १ | १ | १ |
| ४७ | खाप्सियो | जुट/प्लाष्टिकको बोरा सिलाउन मिल्ने(६ इञ्च लम्बाईको) | १ | १ | १ | १ | १ | १ |
| ४८ | फलाटिन कपडा | हात पुछन मिल्ने,१ मिटरको टुक्रा | १ | २ | १ | ४ | ४ | २ |
| ४९ | सलाई | सामान्य खालको | | | | | | |
| ५० | कोरा कपडा थैला (निर्वाचन अधिकृतको कार्यालयबाट मतपत्र मतदान केन्द्रसम्म लैजान र मतदान केन्द्रमा बाँकी रहेका सामानहरु फिर्ता ल्याउन) | १८x२८.५ देखि २९ इञ्च, प्रति मिटर स्क्वायर कम्तीमा ९५ ग्राम तौल भएको,सत प्रतिशत सुतिको बाक्लो कोरा कपडाबाट बनेको थैलो सिलाएर दिनुपर्ने | २ | १ | १ | ४ | ४ | २ |
| ५१ | कोरा कपडा (दुई मिटरको टुक्रा) | ५८ देखि ६० इञ्च चौडाई भएको, प्रति मिटर स्क्वायर कम्तीमा ९५ ग्राम तौल भएको,सत प्रतिशत सुतिको बाक्लो कोरा कपडा | यो कपडा मतपेटिका बाँधेर ल्याउने प्रयोजनको लागि भएकोले मतपेटिकाको सङ्ख्या अनुसार प्रति मतपेटिका २ मिटरको टुक्रा पठाउनु पर्छ । | | | | | |
| ५२ | जेलपेन (कालो) | १० गोटाको प्याकेट | १ | १ | १ | १ | १ | १ |
| ५३ | जेलपेन (रातो) | १० गोटाको प्याकेट | १ | १ | १ | १ | १ | १ |
| ५४ | मैनबत्ती प्याकेट | कम्तीमा ६ इञ्च उचाइ र १.५ सेमी डायमिटर भएको, ६ गोटाको प्याकेट | १ | १ | १ | १ | १ | १ |
| ५५ | पोलबुक | १४८.५x२१० एमएम (बछ कष्शभ) मा ३२ पाना भएको | १ | १ | १ | १ | १ | १ |
| ५६ | सर्जिकल मास्क (कर्मचारी र स्वयंसेवकको लागिमात्र उपलब्ध गराउने अनुमानमा) | ७ जना कर्मचारीलाई ७ दिनसम्म प्रतिव्यक्ति दिनको २ वटाका दरले | २५० | ५० | ५० | २५० | ५० | ५० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५७ | सर्जिकल ग्लोभ्स (मतदानको दिन कर्मचारी र स्वयंसेवकको लागिमात्र उपलब्ध गराउने अनुमानमा) | | २५ | १० | १० | २५ | १० | १० |
| ५८ | ह्याण्ड स्यानिटाइजर (मतदाता समेतको प्रयोगको लागि) | | २००० एमएल | ५०० एमएल | ५०० एम एल | २००० एमएल | १५०० एमएल | १००० एम एल |
| ५९ | हात धुने साबुन (मतदाता समेतको प्रयोगको लागि) | | १५ | २ | २ | १५ | ३ | ३ |
| ६० | फेस सिल्ड (मतदानको दिन कर्मचारी र स्वयंसेवकको लागिमात्र उपलब्ध गराउने अनुमानमा) | | २५ | १० | १० | २५ | १० | १० |
| ६१ | थर्मल गन (Non con-tacts ther-mometer) | | १ | १ | १ | १ | १ | १ |
| ६२ | स्वास्थ्य सुरक्षा र मतदान सम्बन्धी जानकारीमूलक पोष्टर | | ४ | २ | २ | ४ | २ | २ |

**द्रष्टव्य:**

- *सामग्रीको स्पेशिफिकेशन उल्लेख गर्दा अर्को संविधान सभा सदस्य निर्वाचन २०७० मा सामग्री खरिद गर्दा उल्लेख भएको स्पेशिफिकेशनलाई आधार लिइएको छ ।*
- *निर्वाचन कार्यालयहरूबाट व्यवस्थापन गर्न उपयुक्त हुने सामग्रीको पहिचान र व्यवस्थापन क्षमताबारे हिमाली, पहाडी र तराई क्षेत्रका गरी विभिन्न ९ वटा जिल्लाका निर्वाचन कार्यालयका प्रमुख समेतबाट राय सुझाव प्राप्त गरिएको छ ।*
- *निर्वाचन कानुन, निर्वाचन प्रणाली, प्रक्रिया,विधि र प्रविधिमा परिवर्तन भएमा मतदान सामग्रीको किसिम र परिमाण स्वत: फरक हुन सक्नेछ ।*
- *स्वास्थ्य सुरक्षासँग सम्बन्धित सामग्रीको किसिम र परिमाण कोभिड-१९ को भेरियण्ट एवं जोखिमको अवस्था अनुसार थपघट हुनसक्ने छ ।*

**निर्वाचन आयोग, नेपाल**
कान्तिपथ, काठमाण्डौ, नेपाल
फोन: ९७७ (१) ४२२८६६३ र ४२२५५८०
ईमेल: info@election.gov.np
www.facebook.com/ecnofficial